# नगर शिक्षा योजना

## परोहा नगरपालिका, लौकाहा, रौतहट

२०८१/०८२ देखि २०८५/०८६



## परोहा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**लौकाहा, रौतहट**

**मधेश प्रदेश, नेपाल**

| | | |
|---|---|---|
| तयारकर्ता | : | परोहा  नगरपालिका, रौतहट |
| प्रकाशक | : | परोहा  नगरपालिका, रौतहट |
| प्रकाशनप्रति | : | ५०० प्रति |
| सर्वाधिकार | : | प्रकाशकमा |
| मुद्रण | | |
| स्विकृत मिति | : | २०८२।०१।२६ गते (कार्यपालिकाबाट) |
| प्रकाशन मिति | : | २०८२।०१।२६ गते |
| प्राविधिक सहयोग | : | (युरोपियन युनियन, सुमो फिनल्याणड, युनिसेफ, पिपुल प्रोमोट सेन्टर, धनुषा, नेपाल) |

# भनाई

वि. स. २०७२ मा जारी नेपालको संविधान अनुसार संघीय गणतन्त्रात्मक राज्य व्यवस्था प्रारम्भ भई सङ्घ, प्रदेश र स्थानियगरी तीन तहका सरकार क्रियाशील छन् । संविधानको मूल मर्मलाई सफलीभूत पार्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५ तथा यस सम्बन्धी नियमावली, २०७७ कार्यान्वयनमा छन् । अन्तर्राष्ट्रिय स्तरका सभा सम्मेलनमा गरेका प्रतिबद्धता, सन्धि-सम्झौताले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन् । बालबालिका सम्बन्धि ऐन, २०७५ ले बालबालिकाको शिक्षाको हकलाई थप सुनिश्चित गरेको छ । नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसांख्यिकीय स्वरूप, शासकीय स्वरुप लगायत शिक्षाको समग्र अवस्थाका आधारमा योजना निर्माण गरि व्यवस्थित र योजनावद्ध ढंगले कार्य गरेमा मात्र शैक्षिक सुधारमा ठोस योगदान पुग्न सक्छ । विद्यालयमा विद्यार्थी भर्ना भएर मात्रै गुणस्तरीय सिकाइ हुन सक्दैन यसलाई शिक्षकको क्षमता तथा उत्प्रेरणामा निरन्तर पेशागत सहयोग पद्धति विकास गर्न अहिलेको टड्कारो आवश्यकता हो । तिनै तहका सरकारहरूको समन्वय, सहकारिता र सहकार्यबाट मात्र शिक्षा प्रणालीमा आमूल परिवर्तन गरी पहुँच, गुणस्तर र सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

नगरमा सञ्चालन भएका संस्थागत तथा सामुदायिक विद्यालयहरु व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गरे मात्रै नगरको अपेक्षित उपलब्धि प्राप्त हुन्छ त्यसका लागि सही दिशाबोध गर्ने कार्य योजनाले गर्छ । योजनाले शैक्षिक क्षेत्रमा के के गर्ने, कसरी गर्ने, कहिले गर्ने, क-कसले गर्ने जस्ता कार्यक्रम पूर्व निर्धारित देखाई नगरको लक्ष्य, उद्देश्य,रणनीति, साधनस्रोत र नीति निर्धारण बजेट व्यवस्थापन जस्ता कार्यमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

गुणस्तरीय शिक्षाबाट देशका लागि आवश्यक पर्ने सक्षम, प्रतिस्पर्धी, समाज तथा मुलुक प्रत्युत्तरदायी जनशक्ति तयार गर्नुको साथै व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुर्याउन र मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान,सीप र अभिवृद्धि भएका जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो । साथै शिक्षालाई उत्पादनमूलक बनाइ शिक्षामा सबैको पहुँच स्थापित गर्नु राज्यको प्रमुख दायित्व हो । नेपालको संविधानले शिक्षालाई मौलिक रूपमा प्रत्याभूत गर्दै आएको सबै नागरिकले शिक्षाको समान अवसर प्रदान गर्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यो दायित्व पुरा गर्नु तीनै तहका सरकारहरूको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । नगरपालिकाको विशिष्ट परिवेश, आवश्यकतालाई सम्बोधन हुनेगरी विभिन्न नीति कार्यक्रम बन्ने गरेका छन् । नगरपालिकाको शिक्षाको कार्यदिशा तथा यस नगरपालिकाले प्राथमिकता निर्धारण गरी सोच, लक्ष्य, उद्देश्य कार्यनीति र उपलब्धि समेत समावेश गरी यो योजना निर्माण गरिएको छ । शिक्षा क्षेत्रमा देखिएका समस्या चुनौती र अवसरलाई सही ढंगले सम्बोधन गर्न यस योजनाले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

नगर प्रमुख
परोहा नगरपालिका

# विषय सूची

भनाई ..... 3

विषय सूची ..... 4

परिच्छेद १ परिचय ..... 1

१.१ पृष्ठभूमि ..... 1

१.२ परोहा नगपालिकाको समग्र-सन्दर्भ ..... 1

१.२.१ परोहा नगरपालिकाको भौगोलिक अवस्था ..... 1
१.२.२ नगरपालिकाको सामाजिक तथा सांस्कृति अबस्था ..... 2
१.२.३ परोहा नगरपालिकाको आर्थिक अवस्था : ..... 3
१.२.४ परोहा नगरपालिकाको भौगोलिक अवस्था : ..... 5
१.२.५ परोहा नगरपालिकाको पूर्वाधारको अवस्था : ..... 5
१.२.६ परोहा नगरपालिकाको शैक्षिक सन्दर्भ ..... 7
१.२.७ नीतिगत प्रवन्ध ..... 11
१.२.८ शिक्षा क्षेत्रको योजना ..... 11
१.२.९ दिगोविकासका लक्ष्य र परोहा नगरपालिका ..... 12
१.३ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु ..... 13
१.४. शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू ..... 13
१.५. पालिका शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ..... 14
१.५.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत / सामग्रीहरुको अध्ययन तथा समिक्षा ..... 14

परिच्छेदः दुई दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य ..... 16

२.१ परिचय ..... 16

२.२ दूरदृष्टि ..... 16

२.४ लक्ष्य ..... 16

२.५ उद्देश्य ..... 16

२.६ रणनीतिहरु ..... 16

२.७ अपेक्षित मुख्य उपलब्धि ..... 17

२.८ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण ..... 18

परिच्छेद तीनः विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ..... 22

३. परिचय ..... 22

३.१ प्रारम्भिक बालविकास र शिक्षा ..... 22

३.१.१. परिचय ..... 22
३.१.२ प्रारम्भिक बाल विकास तथा शिक्षाको वर्तमान अवस्था ..... 22
३.१.३ प्रारम्भिक बालविकास तथा शिक्षाका समस्याहरु : ..... 23
३.१.४ उद्देश्यहरु ..... 23
३.१.५ रणनितिहरु ..... 24
३.१.६ उपलब्धी तथा प्रमुख नतिजाहरु ..... 24
३.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ..... 25

३.२ आधारभूत शिक्षा ..... 26

३.२.१. परिचय ..... 26

३.२.२. वर्तमान  अवस्था ........ 26
३.२.३. समस्या तथा चुनौती ........ 27
३.२.४. उद्देश्यहरु ........ 27
३.२.५ रणनीतिहरू ........ 28
३.२.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 29
३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ 31

३.३ माध्यमिक शिक्षा ........ 32

३.३.१ परिचय ........ 32
३.३.२ वर्तमान अवस्था ........ 32
३.३.३ अवसर र चुनौतिहरु ........ 34
३.३.४ उद्देश्यहरु ........ 34
३.३.५ रणनीतिहरु ........ 34
३.३.६ उपलव्धि तथा प्रमुख नतिजाहरु ........ 35

३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ ........ 38

३.४.१ परिचय ........ 38
३.४.२ वर्तमान अवस्था ........ 38
३.४.३ चुनौतिहरु ........ 39
३.४.४  उद्देश्य ........ 40
३.४.५  रणनीति ........ 40
३.४.६  प्रमुख उपलब्धि तथा नतिजा ........ 40
३.४.७  प्रमुख क्रियाकलाप र लक्ष्य ........ 41

परिच्छेद चारः अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू ........ 43

४.परिचय ........ 43

४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन ........ 43

४.१.१. परिचय : ........ 43
४.१.२. वर्तमान अवस्था ........ 43
४.१.३. समस्या तथा चुनौतीहरुः ........ 44
४.१.४ उद्देश्य ........ 44
४.१.५ रणनीतिहरू ........ 45
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 45
४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 46

४.२ शिक्षक व्यवस्थापन र विकास ........ 46

४.२.१ वर्तमान अवस्था ........ 46
४.२.२ समस्या तथा चुनौतिहरु ........ 48
४.२.३ उदेश्यहरु ........ 48
४.२.४ रणनीतिहरु ........ 49
४.२.५ प्रमुख उपलव्धि र नतिजा ........ 49
४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 50

४.३ शौक्षिक समता र समावेशिकरण ........ 51

४.३.१ परिचय ........ 51
४.३.२ वर्तमान अवस्था ........ 51
४.३.३ चुनौतीहरू ........ 54
४.३.४ उद्देश्यहरू ........ 54
४.३.५ रणनीतिहरू ........ 55
४.३.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 55

४.३.७ प्रमुख क्रियाकलाप ....56

४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम ....57

४.४.१ परिचय ....57
४.४.२ वर्तमान अवस्था ....58
४.४.३ चुनौतिहरु....58
४.४.४ उद्देश्य....58
४.४.५ रणनीतिहरू ....59
४.४.६ प्रमुख उपलब्धि तथा नतिजा, ....59
४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ....60

४.५ आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षा....61

४.५.१ परिचय ....61
४.५.२ विपद्को अवस्था....61
४.५.३ चुनौतिहरु....61
४.५.४ उद्देश्यहरू....62
४.५.५ रणनीतिहरू ....62
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा ....63
४.५.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य ....63

४.६ बिद्यालय भौतिक पूर्वाधार विकास....64

४.६.१ परिचय ....64
४.६.२ वर्तमान अवस्था ....64
४.६.३ चुनौतीहरू....64
४.६.४ उद्देश्य....65
४.६.५ रणनीतिहरू ....65
४.६.६ उपलब्धि, नतिजा ....65
४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ....65

४.७ बिधालय सूचना तथा संचार प्रबिधि ....66

४.७.१ परिचय ....66
४.७.२ वर्तमान अवस्था ....66
४.७.३ चुनैतीहरु....67
४.७.४ उद्देश्यहरू....67
४.७.५ रणनीतिहरू ....67
४.७.६ नतिजा र उपलव्धि ....68
४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य ....68

परिच्छेद पाँच : सुशासन तथा व्यवस्थापन ....70

५.परिचय....70

५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ....70

५.१.१ वर्तमान अवस्था ....70
५.१.२ समस्याहरु र चुनौतिहरु....71
५.१.३ उद्देश्यहरु....71
५.१.४ रणनीतिहरू ....71
५.१.५ उपलब्धि, नतिजा ....71
५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य ....72

५ .२ स्थानिय शिक्षा योजना कार्यान्वन प्रबन्ध....73

५.२.१ परिचय ....73

५.२.२ वर्तमान अवस्था ........ 73
५.२.३ समस्या तथा चुनौतीहरू ........ 73
५.२.४ उद्देश्यहरु ........ 73
५.२.५ रणनीतिहरु ........ 73
५.२.६ प्रमुख उपलब्धि तथा नतिजा, ........ 74
५.२.७ प्रमुख क्रियाकलाप र लक्ष्य ........ 75
परिच्छेद छ : लगानी र स्रोत व्यवस्थापन ........ 76
६.१ परिचय ........ 76
६.२ वर्तमान अवस्था ........ 76
६.३ उद्देश्यहरु ........ 76
६.४ रणनीतिहरु ........ 76
६.५ प्रमुख उपलब्धि तथा नतिजा ........ 77
६.६. प्रमुख क्रियाकलाप र लक्ष्य ........ 77
परिच्छेद सात– अनुगमन तथा मूल्याङ्कन ........ 82
७.१ परिचय ........ 82
७.२ वर्तमान अवस्था ........ 82
७.३ चुनौतीहरू ........ 82
७.४ उद्देश्यहरु ........ 83
७.५ रणनीतिहरू ........ 83
७.६ प्रमुख उपलब्धि तथा नतिजा ........ 83
७.७ अनुगमन क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ 84

# परिच्छेद:१
# परिचय

## १.१ पृष्ठभूमि

विद्यालय शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि नेपालको संविधान २०७२ र राष्ट्रिय शिक्षा नीति २०७६ मा समान पहुँच, गुणस्तर, सहभागिता, र समावेशीकरणलाई प्राथमिकता दिइएको छ। संघीय सरकारले लागू गर्दै "विद्यालय शिक्षा क्षेत्र योजना" संघ, प्रदेश, र स्थानिय तहबीचको सहकार्यद्वारा शिक्षा प्रणालीलाई सबल बनाउने मार्गदर्शन प्रदान गरेको छ। संविधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानिय तहलाई प्रत्यायोजन गरेसँगै नगरस्तरीय शिक्षा योजना निर्माण महत्त्वपूर्ण भएको छ। परोहा नगरपालिकाले शिक्षामा पहुँच, गुणस्तर, र समावेशीकरणलाई प्रवर्द्धन गर्दै छात्रा लक्षित साइकल वितरण, छात्रवृत्ति, दलित बालबालिकाका लागि निःशुल्क शिक्षा, तथा विपन्न विद्यार्थीहरूका लागि विशेष कार्यक्रमहरू सञ्चालन गरेको छ। कोभिडतथा जलवायुजन्य जोखिमलाई समेत सम्बोधन गर्दै १९-२०नगरपालिकाले सन् ८१।२०८२ देखि २०८५।०८६ का लागि स्रोत सहितको शिक्षा क्षेत्र योजना तयार पारेको छ, जसले दिगो, समावेशी, र गुणस्तरीय शिक्षामा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## १.२ परोहा नगपालिकाको समग्र-सन्दर्भ

नेपालको संघिय संरचना अनुरुप विभाजन गरिएको मधेश प्रदेश, रौतहट जिल्लाको जिल्ला सदरमुकामसँगै जोडिएको परोहा नगरपालिका १८ पालिका मध्ये एक हो। यस अघि साविकाका जिगडवा वेलविच्छवा, तेजापकड, लौकाहा, बसन्तपट्टी, नरकटिया, रामपुरखाप गा.वि.स. समावेश गरी ९ वडाहरू कायम गरी मिति २०७४-०२-०८ मा परोहा नगरपालिका गठन गरिएको छ । त्यसैगरी ३७.४५ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वमा माधव नगरायण, यमुनामाई गाउँपालिका, पश्चिममा भारत, उत्तरमा बैधीमाई नगरपालिका, देबाही गोनाहि नगरपालिका र दक्षिणमा राजपुर नगरपालिका र ईशनाथ नगरपालिका पर्दछन्। परोहा नगरपालिकाको कुल जनसंख्या ४५,७०२ रहेको छ, जसमा ४९.७ प्रतिशत पूरुष र ५०.३ प्रतिशत महिला रहेको छ। त्यसै गरि लैगिंक अनुपात ९८.७६ पूरुष १०० महिलामा रहेको देखिन्छ।

तालिक न. १, वडागत महिला र पूरुष विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| पूरुष | १६८३ | १७८० | ३२८५ | २७८७ | १९१३ | ३१३० | २३४४ | २७५८ | ३०२८ |
| महिला | १९२० | २१२८ | ३३२८ | २८२८ | १९२७ | २९२७ | २२६६ | २५८६ | ३०८४ |

स्रोतः जनगणना २०७८


### १.२.१ परोहा नगरपालिकाको भौगोलिक अवस्था


रौतहट जिल्लाको स्थानिय तहहरु मध्ये परोहा नगरपालिका एक हो । यो नगरपालिका रौतहट जिल्लाको बिच भागमा पर्ने गर्दछ । नेपालको संविधान २०७२ अनुसार नेपाललाई संघीय संरचनामा पुनःसंरचना गरे सँगै वि.सं.२०७३ मा यस नगरपालिकाको स्थापना भएको हो। जसको क्षेत्रफल ३७.४५ वर्गकिलोमिटर रहेको छ। यो नगरपालिका तराई प्रदेशमा अवस्थित छ। यो समतल भाग भएकोले उब्जनी योग्य जमीन प्रशस्त रहेको छ। यसको हावापानी आर्द्र सम्सितोषण जलवायू छ, वर्षा याममा धैरै पानी पर्ने भए पनि गर्मीमा अतिगर्मी र जाडोमा अति नै जाडो मौसम रहने गर्दछ। यस नगरपालिकाको सबै वडामा सडक संचालको पहुँच तथा विस्तार गरिएको छ। यस पालिकाको विचैमा हुलाकी राजमार्ग भएकोले यातायातको पहुँच

अति नै राम्रो छ। यस नगरपालिको मुख्य बजार लौकाहा भएकोले सडक तथा यातायातको राम्रो विकास गरेको छ साथै यस पालिकामा सहरी विकासको आयोजनाहरु भएकोले पनिबजार विस्तार, बस पार्क, खेलमैदान, रिङ्ग रोडको विकास भएको छ।


### १.२.२ नगरपालिकाको सामाजिक तथा सांस्कृति अबस्था

**जातजाती:-** राष्ट्रिय जनगणना २०७८ अनुसार यो पालिकामा जातिको अधारमा विषलेशण गर्ने हो भने मुस्लिम समुदाय सबैभन्दा ठूलो समुदाय हो, जसमा पुरुष ४०.५ प्रतिशत र महिला ४३.८ प्रतिशत छन्, कुल ४२.२ प्रतिशत। दोस्रो ठूलो समूह कुर्मी हो, जसको जनसंख्या पुरुषमा १५ प्रतिशत र महिलामा १३ प्रतिशत छ, कुल १४ प्रतिशत, यादव समुदायको जनसंख्या ६ प्रतिशत छ, जुन पुरुष र महिला दुवैमा समान रूपमा बाँडिएको छ र त्यसै गरि १० औ स्थानमा रहेको जाति कुर्मी हो जुन २ प्रतिशत महिला र २ प्रतिसत पूरुष रहेको छ।




**धर्म:-** धर्म अनुसारको जनसंख्याको विषलेशण गर्ने हो भने हिन्दु धर्मावलम्बीहरूको कुल प्रतिशत ५५.७ रहेको छ, जसमा पुरुषको संख्या ५७.६ प्रतिशत र महिलाको संख्या ५९.४ प्रतिशत रहेको छ। ईस्लाम धर्मावलम्बीहरूको कुल प्रतिशत ४४.३ प्रतिशत रहेको छ, जसमा पुरुष ४२.२ प्रतिशत र महिला ४०.६ प्रतिशत छन्। यस तथ्यांकले देखाउँछ कि हिन्दु धर्मावलम्बीहरूको संख्या इस्लाम धर्मावलम्बीहरूको तुलनामा बढी छ, विशेष गरी महिलाहरूको संख्या हिन्दु धर्ममा तुलनात्मक रूपमा उच्च रहेको छ। इस्लाम धर्ममा पुरुषहरूको संख्या महिलाहरूको तुलनामा थोरै बढी देखिन्छ। यसको धर्म अनुसारको जनसंख्यालाई यसरी देखाउन सकिन्छ।




**भाषा:-** सबैभन्दा बढी बोलिने भाषा बज्जिका हो, जुन ६३.६ प्रतिशत जनसंख्याले बोल्छन्। यो प्रतिशतले देखाउँछ कि बज्जिका प्रमुख रूपमा प्रयोग हुने भाषा हो। दोस्रो ठूलो भाषिक समूह उर्दू भाषी समुदाय हो, जसको प्रतिशत ३३.१ प्रतिशत रहेको छ। यो बज्जिकापछि सबैभन्दा धेरै प्रयोग गरिने भाषा हो। भोजपुरी भाषा २.७ प्रतिशत जनसंख्याले बोल्ने देखिन्छ, जुन तुलनात्मक रूपमा

कम छ। नेपाली र हिन्दी भाषी जनसंख्या न्यून रहेको देखिन्छ, नेपाली ०.४ प्रतिशत र हिन्दी ०.२ प्रतिशत मात्र रहेको छ। यस तथ्यांकले देखाउँछ कि बज्जिका र उर्दू प्रमुख रूपमा प्रयोग गरिन्छन् भने अन्य भाषाहरूको प्रयोग सीमित छ।

धार्मिक हिसाबले मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, छठ, होली, माघे संक्रान्ती, शिवरात्री, झिझियापर्व, समाचकवा, र विभिन्न मेलाहरु हिन्दु धर्मबालीहरुले मनाउने गर्दछन् भने इद, बक्रिद, सोभरात, मोहरम, जुमा, सबेबात, यी मुख्य चार्डपर्वहरु मुसलिम धर्म मान्ने घरपरिवारहरुले मनाउने गरेका छन्।

### १.२.३ परोहा नगरपालिकाको आर्थिक अवस्था :

**आर्थिक गतिविधिहरु**

यस नगरपालिका रौतहट जिल्लाको सदरमुकामबाट नजिक र भारतसँग नजिक रहेकोले विभिन्न किसिमका आर्थिक उपार्जनका गतिविधिहरुमा यस नगरवासीहरु सगलंन छन्। यहा प्रमुख रुपमा कृषी, रोजगार, व्यवसाय तथा निर्माण आदिमा सलगंन रहेको छ। यो नगरपालिका पर्ने मधेश प्रदेश नै तुलनात्मक हिसावले कुल गार्हस्थ उत्पादन अरु प्रदेश भन्दा कम छ। मधेश प्रदेशमा जनसङ्ख्या ४.२० प्रतिशतको अनुपातमा कुल गार्हस्थ उत्पादनको १३.८ प्रतिशत जुन आफैमा एकदमै निकै न्यून छ। यसरि समग्र आर्थिक गतिबिधि र सोका परिसूचकहरुलाई बिश्लेषण यसरि गर्न सकिन्छ।

**क) कृषी योगय भुमी र उत्पादन र पशुपालन**

नगरपालिकाले २०७५ सालमा घरधुरि सर्वेक्षण गरि त्यार गरिएको प्रोफाईल अनुरुप नगरपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि ८७.९५ प्रतिशत उपयोगी क्षेत्र रहेको छ। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा मास, मसुरो, रहर, चना उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, सुर्यमुखी र भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, टमाटर उत्पादन हुन्छ। त्यस्तै उखु, सुर्ती, जुट आदी नगदे बाली हुन् साथै नगरपालिकामा आँप, केरा, लिचि, कागती जस्ता फलफुल पनि उत्पादन हुने गरेको पाइन्छ। परोहा नगरपालिका कृषि क्षेत्रलाई अझ व्यवसायिक र आधुनिकरण गर्नु पर्ने देखिन्छ। जसले नगरपालिकाको आर्थिक वृद्धिदर वृद्धि भई विकास हुने देखिन्छ।

**तालिका न. २ कृषी प्रयोजनका लागि जगा-जमिन सम्वन्धि विविरण**

| वडा नं. | कृषि प्रयोजनको लागि जमिन भएको | | कृषि प्रयोजनको लागि जमिन नभएको | | जम्मा परिवार संख्या |
|---|---|---|---|---|---|
| | परिवार संख्या | प्रतिशत | परिवार संख्या | प्रतिशत | |
| १ | २५६ | ५६.४% | १९८ | ४३.६% | ४५४ |
| २ | ४४२ | ६१.०% | २८२ | ३९.०% | ७२४ |
| ३ | ४७३ | ४७.५% | ५२३ | ५२.५% | ९९६ |
| ४ | ३६५ | ४३.०% | ४८४ | ५७.०% | ८४९ |
| ५ | ११२ | १६.१% | ५८३ | ८३.९% | ६९५ |
| ६ | ३९० | ५२.६% | ३५२ | ४७.४% | ७४२ |
| ७ | १९८ | ३१.१% | ४३९ | ६८.९% | ६३७ |
| ८ | ३१५ | ४१.६% | ४४३ | ५८.४% | ७५८ |
| ९ | ५१५ | ४२.३% | ७०२ | ५७.७% | १२१७ |
| जम्मा | ३०६६ | ४३.४% | ४००६ | ५६.६% | ७०७२ |

*स्रोत : घरधुरी तथ्याङ्क संकलन, २०७५*


त्यसतै २०७८ सालमा गरिएको राष्ट्रिय कृषी गणना अनुसार, कुल ४,५३४ कृषक परिवार छन्, जसले ३,०४५.९ हेक्टर क्षेत्रफलमा खेती गर्दै आएका छन्। यी कृषक परिवारहरूले जम्मा १२,१८० कित्ता जग्गा प्रयोग गरेका छन्, जसअनुसार एक कृषक परिवारको औसत किता संख्या २.७ रहेको छ। सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या ४,४३० रहेको छ, जुन कुल कृषक परिवारको झण्डै सम्पूर्ण हिस्सा हो। सिंचित क्षेत्रफलको कुल मापन २९.३४ हेक्टर रहेको छ। यस तथ्यांकले देखाउँछ कि अधिकांश कृषक परिवार सिंचाई सुविधाबाट लाभान्वित छन्, जसले खेती प्रणालीमा सकारात्मक प्रभाव पार्न सक्छ। साथै, औसत किता संख्या २.७ रहेकोले कृषकहरूको जमिन सानो-छरिएको देखिन्छ, जुन कृषि उत्पादनमा असर पार्न सक्ने कारक हुन सक्छ। अर्को तर्फ यहाका किसानहरुले पशुपालनमा कुकुरा, भैसि, गाई ,गोरु जस्ता पशुपन्छीहरु पनि पालनबाट आर्थिक गतिविधि संचालन गरिएको  देखिन्छ।

**ख) रोजगार**

राष्ट्रिय जनगणना २०७८ रोजगार सम्वन्धी अवस्थालाई हेर्ने हो भने यस नगरपालिकाको रोजगारको अवस्थामा महिलाहरू र पुरुषहरूबीच स्पष्ट अन्तर देखिन्छ। राष्ट्रिय जनगणना २०७८ अनुसार, यस नगरपालिकाको रोजगार अवस्थालाई हेर्दा महिलाहरू र पुरुषहरूबीच स्पष्ट लैङ्गिक अन्तर देखिन्छ। महिलाहरूको रोजगार दर ८१.८ प्रतिशत रहेको छ भने पुरुषहरूको रोजगार दर ९१.६ प्रतिशत रहेको पाइन्छ। यसले पुरुषहरू महिलाहरूको तुलनामा बढी संख्यामा रोजगारमा संलग्न रहेको देखाउँछ। त्यस्तै, बेरोजगारीको अवस्थामा पनि लिङ्गअनुसार भिन्नता देखिन्छ। महिलाहरूको बेरोजगारी दर १८.२ प्रतिशत रहेको छ, जुन पुरुषहरूको ८.४ प्रतिशतभन्दा निकै उच्च हो। कुल जनसंख्याको सन्दर्भमा हेर्दा, यस नगरपालिकाको समग्र रोजगार दर ८८.४ प्रतिशत र बेरोजगारी दर ११.६ प्रतिशत रहेको छ। यी तथ्यांकहरूले महिलाहरूको रोजगार सहभागिता कम भएको र बेरोजगारीको दर उच्च रहेको स्पष्ट रूपमा देखाउँछन्, जसले लैङ्गिक समानता प्रवर्द्धनका लागि थप पहल, विशेष कार्यक्रम तथा लक्षित नीतिहरू आवश्यक रहेको संकेत गर्दछ।

**ग) उद्योग**

उद्योग विकासका प्रमुख आधारहरू मध्ये परोहा नगरपालिकामा पनि उद्योगको महत्त्वपूर्ण भूमिका छ। यद्यपि यहाँ ठूला उद्योगहरू छैनन्, कृषिमा आधारित साना उद्योगहरू सञ्चालनमा रहेका छन्। तरकारी, आलु, काउली र भन्टाहरु जस्ता कृषिजन्य घरेलु उत्पादनहरू क्रमशः व्यवसायिक बन्दै गएका छन्। परम्परागत घरेलु उद्योगहरू सञ्चालनमा भए पनि तिनलाई अझ व्यवस्थित र व्यवसायिक रूपमा विकास गर्न आवश्यक देखिन्छ। परोहा नगरपालिकामा प्राकृतिक कच्चा पदार्थ तथा अन्य स्रोत-साधनको प्रचुर उपलब्धता रहेकोले यहाँ उद्योगको राम्रो सम्भावना देखिन्छ। तर, आवश्यक लगानीको अभाव र आधारभूत पूर्वाधारको कमीका कारण उद्योग क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन। हाल सञ्चालित साना उद्योगहरूले स्थानीयस्तरका आवश्यकताहरू केही हदसम्म पूर्ति गरे पनि ती उद्योगहरूले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिन नसकेको देखिन्छ। तसर्थ, परोहा नगरपालिकामा उद्योग क्षेत्रको दिगो विकासका लागि उचित लगानी र पूर्वाधारको विस्तार आवश्यक छ।



### घ) वैक

यस नगरपालिकाको सन् २०७५ मा तयार गरिएको प्रोफाइल अनुसार, परोहा नगरपालिकामा कुल ७,०७२ घरपरिवारमध्ये केवल २,२१८ घरपरिवार (३१.४ प्रतिशत) ले मात्र बैंक खाता सञ्चालन गरेका छन्, जबकि ४,६२३ घरपरिवार (६५.४ प्रतिशत) ले अझै बैंक खाता नखोलेको पाइन्छ . यस तथ्यले ग्रामीण क्षेत्रमा आधुनिक बैंकिङ सेवाको पहुँच अझै पनि सीमित रहेको स्पष्ट पार्दछ। सर्वसाधारणलाई बैंकिङ सेवासँग जोड्न थप प्रयास आवश्यक छ, जसका माध्यमबाट उनीहरूको आर्थिक कारोबारको अभिलेख सुरक्षित राख्न सकिन्छ । त्यसैगरी, राज्यबाट प्रदान गरिने विभिन्न सेवा तथा अनुदानहरू बैंकिङ प्रणालीमार्फत वितरण गर्दा लक्षित वर्गसम्म प्रभावकारी रूपमा सेवा पुऱ्याउन सकिने सुनिश्चितता रहन्छ । वित्तीय व्यवस्थापन सुदृढ गर्दै जनसाधारणमा बैंकिङ प्रणालीप्रति विश्वास र सकारात्मक धारणा विकास गर्नका लागि राज्यले विशेष पहल र नीतिगत व्यवस्था गर्न आवश्यक देखिन्छ ।

## १.२.४ परोहा नगरपालिकाको भौगोलिक अवस्था :

यो परोहा नगरपालिका मधेश प्रदेशको जिल्ला रौतहटमा मा जिल्लाको सदरमुकामको नजिक नगरपालिका हो । यो नगरपालिका तराईमा पर्ने हुनाले गर्मिमा ४० डिग्रि भन्दा माथि र जाडो मा १५ डिग्रि भन्दा पनि कम तापक्रम हुने गर्द छ। यस पालिकामा केहि सानो बगैचा तथा निजि वन बाहेक अरु ठूलो वनजंगल छैन।

**नदीः-** परोहा नगरपालिकाका नदी, खोलानाला, र पोखरीहरू विभिन्न जलचर र पशुपन्छीहरूको सुरक्षित बासस्थानको रूपमा रहेका छन् । यी जलस्रोतहरू पशुहरूलाई पानी पिउन र किसानहरूलाई सिंचाइका लागि उपयोगी छन् । तर, मानव बस्तीको विस्तार, अनुत्पादक पशुहरूको चरिचरण, र अव्यवस्थित बसोवासका कारण प्राकृतिक जलक्षेत्रहरू सुक्ने तथा फोहोर र ढलका कारण नदी तथा खोलाको स्वरूप बिग्रने सम्भावना छ । परोहा नगरपालिकामा भएर बग्ने खोलाहरूमा, लालवकैया  र सोनी आदि प्रमुख नदी तथा खोलाहरू हुन।

**धार्मिक तथा पर्यटनः-**

यो परोहा नगरपालिकामा धार्मिक अस्था बोकेका रामजानकी मठ,महादेव मन्दिर क्रमसः वडा न ३, ४ र ९ वडा मा अवस्थित रहेको छ। त्यसतै ईस्लाम धर्मालम्विहरुको अस्थाका धरोहरहरु जस्तै मस्जिद पनि रहेको छ।

## १.२.५ परोहा नगरपालिकाको पूर्वाधारको अवस्था :

### क) स्वास्थ्य

मधेश प्रदेश अन्तर्गत तराईमा अवस्थित परोहा नगरपालिकाको स्वास्थ्य अवस्था मध्यम देखिन्छ, जहाँ स्वास्थ्य सेवाको पहुँच मिश्रित पाइन्छ। नगरपालिकाका सबैजसो वडाहरूमा स्वास्थ्य चौकीहरू संचालनमा रहेका छन् भने निजी फार्मेसी, क्लिनिक तथा पोलिक्लिनिकहरूले पनि सेवा प्रदान गरिरहेका छन्। ग्रामीण क्षेत्रहरूमा स्वास्थ्य सेवा सीमित तथा साधारण स्तरको रहेको देखिन्छ, भने नगरपालिकाको केन्द्र र बजार क्षेत्रमा सरकारी तथा निजी स्वास्थ्य संस्थाहरूको पहुँच तुलनात्मक रूपमा राम्रो छ। यद्यपि, आवश्यक भौतिक पूर्वाधार तथा स्वीकृत दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरूको संख्या अपूरो छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्वेक्षणअनुसार, करिब आधा जनसंख्याले निजी तथा गैरसरकारी संस्थाहरूबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। विशेष गरी, आर्थिक रूपमा सबल तथा पहूँच भएका व्यक्तिहरूले मात्र निजी स्वास्थ्य सेवाको पूर्ण रूपमा लाभ उठाउन सक्ने अवस्था छ।

यो पालिकाको हरेक वडाहरुमा रहेका स्वास्थ्य चौकिहरुले दिने सेवाहरु


- गाउँघर क्लिनीक र नियमित खोप

- ओपिडी सेवा
- मातृशिशु स्याहार सेवा
- नवजात शिशु  स्याहार सेवा
- परिवार नियोजन सेवा
- किशोर किशोरी परामर्श सेवा
- भिटामिन र जुखाको औषधी वितरण सेवा
- क्षयरोग पहिचान र औषधी वितरण
- वालपोषण सेवा
- अन्य महामारी नियन्त्रण सम्बन्धि सेवाहरु

**ख) खानेपानी तथा सरसफाई**

यो नगरपालिका नगरवासीहरुले खास गरि खानेपानीको स्रोत भनेको हाते पाईप हो । केहि जन्तामा मात्र प्रशोधित खाने पानीको पाईपलाईन पुगेको छ । त्यस खानेपानी र प्राप्त गर्ने स्रोतहरु नगरपालिकाको प्रोफाइल २०७५ अनुसार निम्न वमोजिम छ।

उक्त चित्रमा विभिन्न स्रोतका आधारमा पिउने पानीको वितरणलाई प्रतिशतका रूपमा देखाइएको छ। प्राप्त तथ्यांकअनुसार, सबैभन्दा ठूलो अंश ८४.७ प्रतिशत रहेको छ, जुन ट्यूबवेल/हाते पम्पबाट पानी उपभोग गर्ने घरपरिवारलाई जनाउँछ। यसले देखाउँछ कि स्थानीय समुदायमा पिउने पानीको मुख्य स्रोत ट्युबवेल तथा हाते पम्प नै रहेको छ। त्यसपछि, ८.५ प्रतिशत घरपरिवारले धारा/पाइपबाट पानी प्रयोग गर्ने गरेका छन्, जसले देखाउँछ कि स्थानीय स्तरमा सार्वजनिक धारा वा व्यक्तिगत पाइपको पहुँच केही हदसम्म मात्र छ भने मूल धाराबाट पानी उपभोग गर्नेको संख्या २.९ प्रतिशत छ । त्यस्तै, जारको पानीको प्रयोग ०.७ प्रतिशत घरपरिवारले मात्र गर्ने देखिन्छ, जसले आर्थिक रूपले सबल परिवारहरूले मात्र यसको उपभोग गर्ने गरेका छन् भन्ने बुझ्न सकिन्छ। ट्यांकरको पानीको प्रयोग भने लगभग ० प्रतिशत देखिन्छ, जसले स्थानीय क्षेत्रमा ट्यांकरमार्फत पानी आपूर्ति नहुने अवस्था दर्शाउँछ । जसले पानीको वैकल्पिक स्रोतहरू प्रयोग गर्ने गरेका छन् । समग्रमा, ट्युबवेल/हाते पम्प पिउने पानीको प्रमुख स्रोत रहेको देखिन्छ, जसले जमिनमुनि जलस्रोतमा अत्यधिक निर्भरता देखाउँछ। अन्य सुरक्षित तथा व्यावस्थित स्रोतहरूको उपयोग कम देख्नु जल व्यवस्थापनका दृष्टिले
सुधार गर्नुपर्ने पक्ष हुन सक्छ।




त्यसतै शौचालय नगरपालिकामा कुल घरपरिवारहरू मध्ये २,७८१ अर्थात ३९.३२ प्रतिशतले फ्लस भएको (सेप्टि ट्याङ्क) भएको चर्पी, २,७१५ अर्थात ३८.३९ प्रतिशतले साधारण चर्पी, १५७ अर्थात २.२२ प्रतिशतले सामुदायिक चर्पी, ४५ अर्थात ०.६४ प्रतिशतले सार्वजनिक ढलयुक्त चर्पी प्रयोग गरेको र १,३७४ अर्थात १९.४३ प्रतिशतले भने चर्पीको वडा नं. १ वडा नं. २ वडा नं. ३ वडा नं. ४ वडा नं. ५ वडा नं. ६ वडा नं. ७ वडा नं. ८ वडा नं. ९ प्रयोग नै नगरेको पाइयो । साधारण चर्पी

प्रयोग गर्नेको संख्या करिब आधा हुनु र १९.४३ प्रतिशत जनसंख्याले चर्पीको प्रयोग नै नगर्नुले व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ । सानो संख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।

**ग) पूर्वाधार र विकास**

परोहा नगरपालिका रौतहट जिल्लाका अन्य नगरपालिकाहरूको तुलनामा तुलनात्मक रूपमा समृद्ध नगरपालिका हो। यस नगरपालिकालाई नेपालकै प्रमुख सडक संजालसँग जोड्ने  पालिका हो यस पालिका रौतहट जिल्लाको सदरमुकामसँग जोड्ने विरेन्द्र राजमार्गसँग यस पालिकाको मुख्य भाग हुदै गएको हुलाकी राजमार्ग हो । यस नगरपालिकाको भौतिक पूर्वाधारको मुख्य आधार हुन्। नगरभित्र विभिन्न वडागत स्वास्थ्य संस्थाहरू रहेका छन्, जसले आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् भने केही सघंन उपचार आवश्यक परेमा गौर जिल्लाका सदरमुकाममा अवस्थित सरकारी तथा संस्थागत स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य सेवा प्राप्त गर्न सकिन्छ जुन यहा वटा सजिलै र नजिक पनि छ ।

नगरपालिका भित्रका बासिन्दाहरूलाई शुद्ध खानेपानी उपलब्ध गराउन हाते धारा तथा विभिन्न खानेपानी आयोजनाहरू निर्माण तथा सञ्चालन भइरहेका छन्। परोहा नगरपालिकाका हरेक वडा विद्युतीय सञ्जालमा जोडिएका छन्, साथै केही घरधुरीहरूले वैकल्पिक ऊर्जाका रूपमा सौर्य ऊर्जा (सोलार) को प्रयोग गरिरहेका छन् ।

नगरपालिकाको सञ्चार पहुँच समेत सबल रहेको छ। महेन्द्र राजमार्गसँग जोडिएको स्थान भएकाले यहाँ हुलाक सेवा इकाइहरू सञ्चालनमा छन् भने अधिकांश नागरिकलाई पत्रपत्रिका तथा इन्टरनेट सेवा सहज रूपमा उपलब्ध छ। वितीय पहुँचको हिसाबले पनि परोहा नगरपालिका अगाडि रहेको छ। विशेष गरी लौकाहा बजारमा प्रभु बैंक, सहकारी तथा अन्य वित्तीय संस्थाहरू सञ्चालनमा छन्, जसले नगरवासीहरूलाई सहज वित्तीय कारोबार गर्न सहयोग पुर्याइरहेका छन् । यसरी भौतिक पूर्वाधार, सञ्चार, स्वास्थ्य, वित्तीय सेवा, तथा ऊर्जा पहुँचको हिसाबले परोहा नगरपालिका समृद्ध नगरपालिकाको रूपमा अगाडि बढिरहेको छ।

### १.२.६ परोहा नगरपालिकाको शैक्षिक सन्दर्भ

नेपालको संबिधान २०७२ र राष्ट्रिय शिक्षा नीति २०७६ को प्राबधान अनुरुप यस नगरपालिकामा रहेको सबै बालबालिकाहरुलाई शिक्षामा पहुँच, गुणस्तर, सहभागिता, र समावेशी बनाउनको लागि २४ ओटा विद्यालय मार्फत शैक्षिक गतिविधिहरु संचालन गरिरहेको छ ।

**तालिका न. ३ बिद्यालयको विवरण**

| कक्षागत रुपमा सन्चालित बिद्यालयहरुको बिबरण | ईसिईडी | १-५ कक्षा | ६-८ कक्षा | ९-१० कक्षा | ११-१२ कक्षा |
|---|---|---|---|---|---|
| कक्षागत र तहगत जम्मा बिद्यालय सङ्ख्या (सबै प्रकारका) | २७ | २१ | २ | ४ | २ |
| कक्षागत र तहगत सबै प्रकारका समुदायिक जम्मा बिद्यालय सङ्ख्या | २४ | १९ | २ | ४ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा समुदायिक बिद्यालयमध्ये अनुमति प्राप्त कक्षाग र तहगत बिद्यालय सङ्ख्या (शुन्य दरबन्दी भएका) | १ | ० | ० | ० | ० |
| जम्मा सामुदयिक बिद्यालयमध्ये बिशेष बिद्यालयहरुको सङ्ख्या (बिभिन्न अपाङ्गताका भएका बालबालिकाका लागि) | १ | ६ | ० | ० | ० |
| जम्मा सामुदयिक बिद्यालयमध्ये धार्मिक बिद्यालयहरुको सङ्ख्या | ० | ३ | १ | ० | ० |

उक्त विवरणका आधारमा परोहा नगरपालिकामा विभिन्न तहका विद्यालयहरूको संख्यात्मक अवस्था विश्लेषण गर्दा, प्राथमिक तहदेखि माध्यमिक तहसम्मको शिक्षामा समुदायिक विद्यालयहरूको प्रमुख भूमिका देखिन्छ। नगरपालिकामा कुल २७ विद्यालय सञ्चालनमा छन्, जसमा २४ वटा सामुदायिक र २ वटा संस्थागत रहेको छ । खासगरि सामुदायिक बिद्यालय तर्फ ईसिईडी (बाल विकास केन्द्र) रहेका २४ वटा छन, कक्षा १-५ सम्मका १९ वटा समुदायिक विद्यालय हुन्। कक्षा ६-८ तहका विद्यालय केवल २ वटा मात्र रहेका छन्, जुन पूर्ण रूपमा समुदायिक विद्यालय नै हुन्। त्यस्तै, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यालयहरूको संख्या पनि समान रूपमा २ मात्र छ । अपाङ्गता भएका बालबालिकाका लागि विशेष विद्यालयको संख्या केवल १ वटा मात्र छ, जसले समावेशी शिक्षाको अभाव देखाउँछ। धार्मिक शिक्षा दिने विद्यालयहरूको संख्या भने कक्षा १-५ मा ६ वटा र कक्षा ६-८ मा १ वटा मात्र रहेका छन्। यसको अर्थ, धार्मिक शिक्षा प्रदान गर्ने विद्यालयहरु सरकारी मापदणड भित्र आउन सकेका छैन् । समग्रमा हेर्दा, ईसिईडी र प्राथमिक तहका विद्यालयहरूको संख्या तुलनात्मक रूपमा बढी देखिए तापनि माध्यमिक तह (६-१२) का विद्यालयहरूको संख्या अत्यन्तै कम रहेको छ। उच्च शिक्षाको अवसर बढाउन थप विद्यालयहरूको आवश्यकता देखिन्छ, विशेष गरी कक्षा ६-१२ सम्मको पहुँचलाई विस्तार गर्नु आवश्यक देखिन्छ। साथै, समावेशी शिक्षा प्रवर्द्धन गर्न अपाङ्गता भएका बालबालिकाका लागि थप विद्यालयहरूको आवश्यकताको समेत संकेत गर्छ ।

## तालिका न.  बिधार्थी  सङ्ख्या र भर्ना प्रवृती

| बिद्यार्थी बिबरण (Stusents details) | १-५ कक्षा | | | ६-८ कक्षा | | | ९-१० कक्षा | | | ११-१२ कक्षा | | | १-८ कक्षा | | | ९-१० कक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| लिंग | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ३८०६ | ३८०७ | ७६१३ | १६३५ | १४९७ | ३१३२ | ७०८ | ६२८ | १३३६ | ३६४ | ३२५ | ६८९ | ५४४१ | ५३०४ | १०७४५ | १०७२ | ९५३ | २०२५ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थी सङ्ख्या | ३७०२ | ३५६४ | ७२६६ | १६३५ | १४९७ | ३१३२ | ७०८ | ६२८ | १३३६ | ३६४ | ३२५ | ६८९ | ५३३७ | ५०६१ | १०३९८ | १०७२ | ९५३ | २०२५ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ४५३ | ३९८ | ८५१ | २०७ | १३५ | ३४२ | २८ | १५२ | १८० | ३७ | ९ | ४६ | ६६० | ५३३ | ११९३ | ६५ | १६१ | २२६ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ४४४ | ३८५ | ८२९ | १५२ | १४७ | २९९ | ६६ | ४७ | ११३ | ३७ | १५ | ५२ | ५९६ | ५३२ | ११२८ | १०३ | ६२ | १६५ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | १६ | २५ | ४१ | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | १८ | २५ | ४३ | ० | ० | ० |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | १६ | २५ | ४१ | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | १८ | २५ | ४३ | ० | ० | ० |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ५ | ९ | १४ | १० | ८ | १८ | ९ | १२ | २१ | ० | ० | ० | १५ | १७ | ३२ | ९ | १२ | २१ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती बिद्यार्थी सङ्ख्या | ५ | ९ | १४ | १० | ८ | १८ | ९ | १२ | २१ | ० | ० | ० | १५ | १७ | ३२ | ९ | १२ | २१ |

**तालिका न.  शिक्षक सङ्ख्या र  प्रवृती**

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला प्रतिशत | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला प्रतिशत |
| पूर्व प्र.बि./बा.बि.के. | २४ | ० | २४ | २४ | १०० | ४४ | ६ | ६ | ० | ६ | १०० |
| आधारभूत (१-५) | ४२ | २९ | ७१ | ३१ | ४४ | १०२ | ४३ | १८ | २५ | ४२ | ४२ |
| आधारभूत (६-८) | ४ | ५ | ९ | २ | २२ | ३४८ | १३ | २ | ११ | १५ | १५ |
| माध्यमिक (९-१०) | २ | ३ | ५ | १ | २० | २६७ | ९ | ३ | ६ | २० | ०५ |
| माध्यमिक (११-१२) | २ | २ | ४ | ० | ० | १७२ | ० | ० | ० | ० | ० |

नोटः अधारभुत तह ८-६ सम्म २ र माध्यमिक तहमा ६ वटा शुन्य दरबन्दीका शिक्षकहरु रहेका छन् (स्रोतः- शिक्षा शाखा, EMIS 2081,)

उक्त विवरणले परोहा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी, महिला शिक्षकमध्येको प्रतिशत, तथा विद्यार्थी-शिक्षक अनुपातको स्थिति झल्काउँछ।  जहाँ पूर्व प्राथमिक वा बाल विकास केन्द्र (ईसिईडी) मा २४ शिक्षक कार्यरत छन्, जसमा सबै महिला छन् (१०० प्रतिशत)। विद्यार्थी-शिक्षक अनुपात ४४:१ रहेको छ, आधारभूत तह (१-५) मा स्वीकृत दरबन्दी शिक्षक ४२ छन् भने राहत शिक्षक २९ जना, जसले कुल ७१ शिक्षकको उपस्थिति देखाउँछ। तीमध्ये ३१ जना महिला शिक्षक छन्, जुन ४४ प्रतिशत हो। विद्यार्थी-शिक्षक अनुपात १०२:१ रहेको छ, जुन निकै उच्च देखिन्छ, र यो शिक्षाको गुणस्तरमा असर पार्न सक्छ। पालिकाको स्रोतबाट ४२ शिक्षक नियुक्त गरिएको छ, जसमा ४२ प्रतिशत महिला शिक्षक छन्। आधारभूत तह (६-८) मा जम्मा ९ शिक्षक छन्, जसमा २२ प्रतिशत महिला मात्र छन्। विद्यार्थी-शिक्षक अनुपात ३४८:१ रहेको छ, जुन अत्यधिक उच्च देखिन्छ र गुणस्तरीय शिक्षामा बाधा पुऱ्याउने सम्भावना छ। पालिकाको स्रोतबाट १५ शिक्षक नियुक्त गरिएको भए पनि महिला शिक्षकको प्रतिनिधित्व केवल १५ प्रतिशत छ। माध्यमिक तह (९-१०) मा जम्मा ५ शिक्षक छन्, जसमा ० प्रतिशत महिला छन् । विद्यार्थी-शिक्षक अनुपात २६७:१ रहेको छ, जुन गुणस्तरमा असर पार्ने खालको छ। पालिकाको स्रोतबाट नियुक्त शिक्षक ०.५ प्रतिशत महिला छन्। माध्यमिक तह (११-१२) मा जम्मा ४ शिक्षक छन्, तर महिला शिक्षक कोही पनि छैनन्। विद्यार्थी-शिक्षक अनुपात १७२:१ रहेको छ। पालिकाको स्रोतबाट नियुक्त शिक्षक पनि छैनन्। समग्रमा, विद्यालय तह उच्च हुँदै जाँदा महिला शिक्षकको प्रतिनिधित्व घट्दै गएको छ। साथै, विद्यार्थी-शिक्षक अनुपात निकै उच्च देखिन्छ, जसले गुणस्तरीय शिक्षामा ठूलो चुनौती देखाउँछ। माध्यमिक तहमा महिला शिक्षकको अभाव हुनु लिङ्गीय

सन्तुलनका हिसाबले सुधार गर्नुपर्ने क्षेत्र हो। पालिकाले थप शिक्षक नियुक्त गरी विद्यार्थी-शिक्षक अनुपात सन्तुलित बनाउने र महिला शिक्षकको सहभागिता वृद्धि गर्ने आवश्यक देखिन्छ।

### १.२.७ नीतिगत प्रवन्ध

नेपालको संविधान २०७२ ले शिक्षा अधिकारलाई मौलिक हकको रूपमा परिभाषित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयनमा ल्याएको छ। यस ऐनअनुसार आधारभूत (१-८ कक्षा) तथा माध्यमिक (९-१२ कक्षा) तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ, जसको प्रमुख कार्यान्वयन जिम्मेवारी स्थानीय सरकारलाई एकल अधिकारको रुपमा संविधानले व्यवस्था गरेको छ ।  परोहा नगरपालिकाले यस कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्न दीर्घकालीन शिक्षा योजना तथा नीतिहरू तर्जुमा गर्नुपर्ने देखिन्छ । विद्यालय क्षेत्र विकास योजना (SSDP) अनुसार शिक्षामा समता, गुणस्तर र सक्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ, तर स्थानीय तहको प्रभावकारी कार्यान्वयन अभावका कारण सिकाइ उपलब्धिमा अपेक्षित सुधार केही देखिएका छन् । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, र उनीहरूको निरन्तर सिकाइ उपलब्धिमा सुधार ल्याउने दायित्व स्थानीय तहको हो। तथापि, परोहा नगरपालिकामा आधारभूत तहमा विद्यार्थीहरूको पहुँचमा सुधार भए पनि कक्षा १० र १२ मा विद्यार्थी टिकाइ दर न्यून देखिनु स्थानीय सरकारको उत्तरदायित्वप्रति गम्भीर समीक्षा आवश्यक रहेको संकेत गर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा सुधारका लागि पूर्ण अधिकार प्रदान गरेको छ। तसर्थ, परोहा नगरपालिकाले आफ्नो शिक्षा नीतिलाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐनसँग समायोजन गर्दै निम्न सुधारहरू गर्नुपर्ने आवश्यकता देखिन्छ। तर त्यसका लागि आवशयक स्रोत साधन तथा प्राविधिक दक्षताको अभावका कारण योजना कार्यान्वयनमा चुनौतीहरू देखिएका छन्। विशेष गरी, स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको खाँचो महसुस गरिएको छ। विद्यालय शिक्षाको दीर्घकालीन सुधारका लागि स्थानीय सरकार, शिक्षक, अभिभावक, र समुदायबीचको साझेदारी आवश्यक छ। साथै, नीति निर्माणमा स्थानीय तहले संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्दै विद्यालय शिक्षामा आवश्यक भौतिक पूर्वाधार, गुणस्तरीय सिकाइ सामग्री, र शिक्षकको क्षमता अभिवृद्धि गर्न दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ। यसर्थ, परोहा नगरपालिकाले आफ्नो शिक्षासम्बन्धी नीति, स्रोत साधनको परिचालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थी सिकाइ सुधारका कार्यक्रमहरू संघीय कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप परिमार्जन गर्दै व्यावहारिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय स्तरमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न संघीय सरकारबाट प्राप्त नीति निर्देशनलाई स्थानीय आवश्यकतासँग जोडेर दीर्घकालीन समाधान खोजिनुका साथै परोहा नगरपालिकाले विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुरूप बनाउँदै शिक्षामा समान पहुँच, गुणस्तरीयता र उत्तरदायित्व वृद्धि गर्नका लागि बिद्यालय शिक्षा योजना तथा प्रभावकारी कार्यान्वयन रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ।

### १.२.८ शिक्षा क्षेत्रको योजना

बिगका शिक्षा सम्बन्धी आवधिक योजनाहरु शिक्षा क्षेत्रमा समता, गुणस्तर, सुशासन, र सक्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो। संघीय संरचनाको कार्यान्वयनसँगै आधारभूत तथा माध्यमिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। यस योजनाले विद्यार्थी भर्ना दर तथा कक्षा ८ सम्मको टिकाइ दरमा उल्लेखनीय सुधार ल्याए पनि कक्षा १० र १२ मा अपेक्षित उपलब्धि हासिल गर्न सकेन।गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम, र समावेशी शिक्षा योजनाहरू सञ्चालन गरिए तापनि  विद्यार्थी सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि देखिएन। संघीय संरचनाको

संक्रमणकालीन अवस्थाले कार्यक्रम कार्यान्वयनमा चुनौतीहरू थप्यो। विशेष गरी, विद्यालय क्षेत्र विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न तीन तहका सरकारहरू बीचको स्पष्ट जिम्मेवारी निर्धारण, अनुगमन प्रणाली सुधार, र शिक्षक सहायता प्रणालीको आवश्यक देखिएको छ। तसर्थ, शिक्षा क्षेत्रमा दिगो सुधारका लागि स्थानीय सरकार, शिक्षक, र समुदायको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक छ । त्यसलाई मध्यनजर गरि शिक्षा क्षेत्रको योजना बनाउनु पर्ने आवश्यकता महसुस भएको हो। .

### १.२.९ दिगोविकासका लक्ष्य र परोहा नगरपालिका

नेपाल सरकारले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्ने प्रतिबद्धता जनाइसकेको छ। विशेष गरी, SDG लक्ष्य ४ को रूपमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" उद्देश्य राखिएको छ। नेपालले सन् २०१५ को इन्चोन घोषणापत्र र संयुक्त राष्ट्रसंघको साधारण सभाको निर्णय अनुरूप नेपाल राष्ट्रिय कार्यढाँचा तयार गरी यस लक्ष्यलाई कार्यान्वयन गरिरहेको छ। यस कार्यढाँचाले नेपालको संविधान अनुसार शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै सबै नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने राज्यको जिम्मेवारीलाई स्पष्ट पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार परोहा नगरपालिका शिक्षाका सबै तहमा समावेशी, समान पहुँचयुक्त, गुणस्तरीय र उत्तरदायी शिक्षा व्यवस्था गर्न बाध्यकारी रूपमा जिम्मेवार छ। विशेष गरी, नगरपालिकाले निर्धारण गरिएका SDG सूचकहरू अनुसार विद्यालय शिक्षामा पहुँच, भर्ना दर, विद्यार्थी टिकाइ दर, लैङ्गिक समानता, अपाङ्गता भएका बालबालिकाको समावेशिता, विद्यालय पूर्वाधार, शिक्षक क्षमता विकास जस्ता सूचकहरूमा प्रगति गर्नुपर्छ। नेपाल सरकारले सन् २०१९, २०२२, २०२५ र २०३० का आधारवर्ष राखेर शिक्षा क्षेत्रको वार्षिक समीक्षा गर्दै आएको छ। यस समीक्षाले देखाएको तथ्याङ्कअनुसार, अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच वृद्धि भएको देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको समस्या औंल्याएको छ। यस सन्दर्भमा, परोहा नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न पालिकागत रुपमा विद्यालय शिक्षामा पहुँच र गुणस्तर सुधार – विद्यालय भर्ना दर र शिक्षामा टिकाइ दर बढाउने, शिक्षकको दक्षता अभिवृद्धि गर्ने, र शिक्षामा नवीनतम प्रविधिको प्रयोग बढाउने। संघीय सरकार र प्रदेश सरकारका शिक्षासम्बन्धी निर्देशिकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने। विद्यालयको भर्ना, उपस्थिति, सिकाइ उपलब्धि, शिक्षण स्रोत साधन तथा बजेट व्यवस्थापनलाई डिजिटल प्रणालीमा एकीकृत गर्दै पारदर्शी सूचना व्यवस्थापन गर्ने। सीमान्तकृत समुदायका बालबालिकाहरूको समावेशीकरण – अपाङ्गता भएका, गरिब तथा लैङ्गिक असमानतामा रहेका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने। दिवा खाजा, छात्रवृत्ति, विद्यालय पूर्वाधार तथा शैक्षिक सामग्रीको सुनिश्चितताका लागि स्रोत परिचालन तथा साझेदारी विकास गर्ने।

त्यसै गरि नेपालको SDG लक्ष्य ४ अनुरूप परोहा नगरपालिकाले शिक्षा क्षेत्रमा आफ्नो नैतिक, कानूनी र प्रशासनिक दायित्व बहन गर्दै शिक्षामा गुणस्तरीयता, समावेशिता तथा दिगोपन ल्याउन प्रभावकारी नीति तथा योजनाहरू कार्यान्वयन लक्ष्य लिएको छ । नगरपालिकाले संघीय सरकार र राष्ट्रिय योजना आयोगको समीक्षामा प्रस्तुत गर्नुपर्ने प्रगति विवरणहरू सुदृढ पार्दै शिक्षामा देखिएको असमानतालाई कम गर्न र सिकाइ उपलब्धि सुधार्न ठोस कदम चाल्नुका निम्ति यो नगर शिक्षा योजना २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि तयार पार्न वान्छिनिय भएको छ।

## १.३ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतीहरु

परोहा नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् –

१. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
२. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
३. प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
४. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिक मैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
५. प्रारम्भिक बालविकासमा मापदणड अनुसारको उमेर समूहको बालबालिको पहुच पुर्याउनु।
६. अधारभुत तहमा स्थानिय पाठ्यक्रम निर्माण गरि पठनपाठन गर्नु।
७. इन्टरनेट, सूचना र प्रविधिको पहुँच सहितको  जोखिम रहित भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
८. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थिति प्रति उत्थानशील बनाउनु।
९. प्रकोप, संकट, महामारीलगायतका परिस्थितिमा शिक्षण सिकाइको निरन्तरताको लगि योजना निर्मान तथा पुर्व त्यारी।
१०. विपदीबाट हुन सक्ने सम्भावित जोखिमको न्यूनिकरणका लागि शिक्षा समूह गठन र प्रतिकार्य योजना पुन्रावलोकन तथा प्रभावकारी कार्यन्वयन।
११. विद्यालयहरुमा तहतग अनुसार विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्नु।
१२. गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा भर्ना, निरन्तरता तथा सिकाइमा सहभागी गराउने अवसर प्रदान गर्दै उनीहरूको शैक्षिक उपलब्धि सुधार गर्न छात्रवृत्ति तथा सहायता व्यवस्थापन।
१३. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न विधालय स्तरिय दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता आदि प्रवर्द्धन गर्नु।
१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनारइ विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;
१५. सामुदायिक विद्यालयको सिकाइप्रति अभिभावको आकर्षण तथा विश्वास कायम गर्ने।
१६. धार्मिक तथा संस्थागत विद्यालहरुको व्यवस्थापन गर्न नसक्नु।
१७. विधालयमा सुशासन र पारदर्शितालाई प्रभावकारी बनाउदै शिक्षक पेशागत विकासका लागि सहयता प्रणालिको विकास र करारमा अधारित कार्यसम्पादन मुल्यांकन प्रणालीलाई नतिजामुल्क वनाउने।
१८. विद्यालय बाहिर रहेको बालवालिकालाई विद्यालयमा ल्याउन र टिकाउन।
१९. औनोपचारिक शिक्षालाई व्यवस्थित गर्न सामुदायिक सिकाई केन्द्रको विकास र व्यवस्थापन
२०. राष्ट्रिय सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन।

## १.४. शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने।
२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको।
३. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने।
४. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि बिधालयलाई समायोजन गर्न सकिने।
५. स्थानिय सरकार र विकास साझेदारहरु बिच प्रभावकारी समन्वय, सहयोगको वतावरण रहेको।
६. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको।

## १.५. पालिका शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

यस पालिका शिक्षा क्षेत्र योजना विशेष गरि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन २०८१ अनुरुप पश्चात वि.स.. २०८१ को भदौ महिनाबाट यो योजनाको शुरुवात भएको हो। योजना निर्माणको क्रममा स्थानिय तहलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको तालिम प्रदान गरियो, त्यसपछि नगर स्तरीय सरोकारवालाहरु योजना सम्वन्धी अभिमुखि करण गरि प्रक्रिया अनुरुप योजना तर्जुमा समिति र मस्यौदा लेखन समिति बनाइ मस्यौदा लेखन कार्य अगाडी वढाए र विभिन्न सरोकारवलाहरु सुझाव भएपछि तयार गरिएको नगर शिक्षाको मस्यौदा हो। यसको आधारमा स्थानिय तहका योजना निर्माण गर्ने क्रममा नगरपालिकाले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेको छ। विद्यालय शिक्षा क्षेत्रको योजना गर्न अपनाएको प्रक्रियाहरु बुद्धावद्ध गरिएको छः–

१. स्थानीय तहको बैठक
२. योजना निर्माण समिति गठन
३. शिक्षा क्षेत्रको विश्लेषण
४. सरोकारी निकायसँग छलफल
५. विद्यालयस्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी
७. सरोकारवालासँग सुझाव समायोजन
८. योजनाको अन्तिमीकरण
९. बाह्य विज्ञद्धारा योजनाको लेखाजोखा र सूझाव संमायोजन बिधाहरू समायोजन
१०. योजना स्वीकृति तथा कार्यान्वयन

### १.५.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत / सामग्रीहरुको अध्ययन तथा समिक्षा

खास गरि यो नगर शिक्षा योजनाको तयारीका लागि स्थानिय तहको शिक्षा योजना निर्माण सम्वन्धि मार्गदर्शन २०८० संसकरण २०८१ अनुरुप, स्थानिय तहका सरोकारवला निकायहरुलाई योजना बारे अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। सो कार्यक्रम शिक्षा योजना तयारीका लागि ७ सदस्यीय योजना तर्जुमा समिति र ५ सदस्यीय मस्यौदा लेख्न समिति चयन गरिएको छ। त्यसमा अवश्यकता अनुसार अन्य उपसमिति तथा सरोकारवलाहरुसँग छलफल गरिएको छ। जसमा तल दिएका १२ क्षेत्रमा अध्ययन र समिक्षा गरिएको छ।

१. बालविकास र शिक्षा
२. आधारभूत शिक्षा
३. माध्यमिक शिक्षा
४. पाठ्यक्रम तथा मूल्याङ्कन
५. शिक्षक व्यस्थापन तथा विकास
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
७. समता र समावेशीकरण
८. दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
९. आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
१०. शिक्षामा सूचना र प्रविधि
११. सुशासन तथा व्यवस्थापन
१२. अनुगमन तथा मूल्याङ्कन

यसरी समिक्षा तथा अध्ययन पशचात पहिलो मस्यौदा तयारका लागि मस्यौदा लेख्न कार्यशालामा शिक्षा शाखा तथा मस्यौदा लेख्न समितिले यो पहिला योजनाको मस्यौदा तयार पारेको छ । यसलाई सरोकारवलाहरुको सुझाव सकलन र समावेश गरि अन्तिम मस्यौदा तयार पारिने छ।

# परिच्छेद: दुई
# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

परोहा नगरपालिकाको विद्यालय शिक्षा आगामी ५ वर्षको मार्ग पहिचानका लागि नगरको शैक्षिक परिवेशको समीक्षा सहित समिक्षा गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधार सिर्जना गरेका छन् । यस सन्दर्भलाई ध्यानमा राख्दै, यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ । यस योजनामा दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दूरदृष्टि

"आत्मनिर्भर, सभ्य र दक्ष जनशक्ति परोहाको समृद्धि "

## २.४ लक्ष्य

विद्यालय उमेर समूहका सबै बालबालिकाहरूको शिक्षाको पहुँच सुनिश्चित गरी समतामूलक, प्राविधिक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने ।

## २.५ उद्देश्य

१. सबै बालबालिकालाई आधारभूत र माध्यमिक तहसम्म अनिवार्य तथा नि:शुल्क शिक्षा प्रदान गर्नु ।
२. विद्यालय शिक्षालाई जीवनोपयोगी, प्रविधिमैत्री, प्रतिस्पर्धी र व्यावहारिक बनाउनु ।
३. बालमैत्री शिक्षण वातावरणको सिर्जना गरी विद्यालय उमेर समूहका बालबालिकाको शिक्षामा पहुँच वृद्धि गर्नु ।
४. अपाङ्गता भएका व्यक्तिहरूका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
५. अनौपचारिक, वैकल्पिक, र खुला शिक्षाबाट आजीवन सिकाइको अवसर प्रदान गरी पूर्ण साक्षर परोहा नगरपालिका निर्माण गर्नु ।
६. प्राविधिक र व्यावसायिक शिक्षाबाट उत्पादनशील जनशक्ति तयार गर्नु ।
७. विद्यालय व्यवस्थापनमा सुशासन र उत्तरदायित्व सुनिश्चित गर्नु ।
८. शिक्षकहरूको पेसागत योग्यता र सक्षमता विकास गर्नु ।
९. गुणस्तरीय शिक्षाको लागि विद्यार्थीहरूको अनुपातको आधारमा शिक्षक व्यवस्थापन गर्नु ।
१०. विज्ञान र प्रविधिमा आधारित नवप्रवर्तनशील अनुसन्धानको प्रवर्द्धन गर्नु ।
११. निजी र सार्वजनिक शिक्षाको समन्वय र प्रभावकारिता वृद्धि गर्नु ।
१२. प्रारम्भिक बालविकासका कार्यक्रमद्वारा बालबालिकाको सर्वाङ्गीण विकास गर्नु ।
१३. विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता, र उत्तरदायित्व सुनिश्चित गर्नु ।
१४. विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि र नेतृत्वको सबलीकरण गर्नु ।
१५. नियमित विद्यालय शिक्षा अनुगमन संयन्त्रको विकास गर्नु ।

## २.६ रणनीतिहरु

१. बालमैत्री वातावरणको सुनिश्चितता गर्दै प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने ।

२. तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि कम्तीमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने ।
३. अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्दै सबै बालबालिकालाई विद्यालय भर्ना गराउने र अध्ययनमा निरन्तरता दिने ।
४. सान्दर्भिक र गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न औपचारिक, अनौपचारिक, वैकल्पिक र खुला शिक्षा प्रणालीको अवलम्बन गर्ने ।
५. माध्यमिक शिक्षामा सरकार, निजी क्षेत्र र सहकारीको सहभागितामा प्रभावकारी व्यवस्थापन गर्ने ।
६. स्वायत्तता, विकेन्द्रीकरण, साझेदारी, लचिलोपना र सरल नियमन व्यवस्था गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा व्यापक सहभागिताको वातावरण सिर्जना गर्ने ।
७. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अख्तियार गर्ने ।
८. राष्ट्रिय, प्रादेशिक र स्थानियश्रम बजारको आवश्यकता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तरीय र प्रतिस्पर्धी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सबैलाई प्रदान गर्ने ।
९. साक्षरता, अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई पेसा एवं व्यवसाय, सामाजिक जीवनसँग आवद्ध गर्ने ।
१०. परम्परागत शिक्षाको मूलप्रवाहीकरण एवं वैकल्पिक र खुला शिक्षाको अवसर विस्तार गरी विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्ने ।
११. भौतिक पूर्वाधार, पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवं अपाङ्ग मैत्री बनाउने ।
१२. अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराउने ।
१३. दक्ष, योग्य, सक्षम, गुणस्तरीय जनशक्तिको व्यवस्थापन गरी शिक्षण, प्रशिक्षण, अनुसन्धान, नवप्रवर्तन, शैक्षिक प्रशासन जस्ता पक्षमा उत्कृष्ट नतिजा हासिल गर्ने ।
१४. विद्यालय शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र उच्च शिक्षामा अध्यापन वा प्रशिक्षण गर्ने जनशक्तिको सक्षमता परीक्षण र तालिमलाई अनिवार्य गर्ने ।
१५. विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको तयारी, प्राप्ति, विकास र उपयोग प्रणालीमा सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने ।
१६. विद्यालय शिक्षातर्फ कम्पनीको रूपमा सञ्चालित निजी लगानीका शिक्षण संस्थाहरूलाई नियमन गर्ने ।
१७. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने ।
१८. औपचारिक तथा अनौपचारिक रूपमा प्राप्त गरेको सीपको परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने ।
१९. विज्ञानलाई शिक्षा र शिक्षालाई विज्ञानमा आधारित बनाइ वैज्ञानिक अध्ययन र चिन्तनमनन गर्ने प्रवृत्ति एवं व्यवहारको विकासमा जोड दिने ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछ:

१. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाहरूको दरमा वृद्धि हुनेछ ।
२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गर्नेछन् ।

३. शिक्षक र विद्यार्थी अनुपात सुधार भई गुणस्तरीय शिक्षा प्रदान हुनेछ ।
४. माध्यमिक विद्यालय उमेरका सबै बालबालिकाले विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गर्नेछन् ।
५. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज निर्माणमा योगदान हुनेछ ।
६. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयनमा नतिजामुखी प्रणाली स्थापित हुनेछ ।
७. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यार्थीहरू दैनिक जीवनका लागि आवश्यक सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएका, निरन्तर सिकाइप्रति प्रतिबद्ध, रोजगार उन्मुख हुनेछन् ।
८. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुनेछ ।
९. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तर सुनिश्चित हुनेछ ।
१०. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।
११. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
१२. सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पूरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुनेछ ।
१३. शिक्षाका सरोकारवालाहरूको क्षमता विकास विशेष गरी शिक्षक क्षमता विकासका लागि तालिम र सीप विकास मार्फतगुणस्तरीय शिक्षण सिकाइका अवसरहरू प्रदान गर्ने ।

## २.८ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण

परोहा नगरपालिकाको ५ वर्षे शिक्षा क्षेत्रको योजना (सन २०२५ देखि २०३०) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छः

## तालिका न. शिक्षा क्षेत्रका प्रमुख सूचकहरु

| सूचक | तहगत सूचकहरु | (२०८१/८२) अदार वर्ष | (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१.प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | | | |
| ५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्र/कक्षाहरू | स्थानिय | २७ | २७ | ३२ | ३७ | ४४ | ५२ | ६१ | | |
| ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | स्थानिय | ६० | ६० | ६४ | ६८ | ७३ | ७७ | ८२ | | |
| ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | स्थानिय | ७५ | ७५ | ७८ | ८१ | ८४ | ८७ | ९० | | |
| ECED मा सहजै देखिने भर्ना दर | स्थानिय | ४९ | ४९ | ५४ | ५९ | ६४ | ७० | ७७ | | |
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | स्थानिय | १ | १ | १ | १ | १ | १ | १ | | |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | स्थानिय | १ | १ | १ | १ | १ | १ | १ | | |
| ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | स्थानिय | ८ | ८ | ११ | १६ | २१ | २९ | ४० | | |
| बालविकास तथा पूर्व प्र.बि.मा (ECED) शिक्षक अनुपात | स्थानिय | ४५ | ४५ | ४१ | ३७ | ३३ | ३० | २७ | | |
| ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | स्थानिय | २१ | २१ | ७ | ३ | १ | ० | ० | | |
| **२. अधारभुत शिक्षा** | | | | | | | | | | |
| कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | स्थानिय | ९४ | ९४ | ९५ | ९५ | ९६ | ९७ | ९८ | | |
| कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | स्थानिय | ५७ | ५७ | ६१ | ६६ | ७१ | ७६ | ८१ | | |
| कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | स्थानिय | १ | १ | १ | १ | १ | १ | १ | | |
| कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | स्थानिय | १ | १ | १ | १ | १ | १ | १ | | |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | स्थानिय | ४६ | ४६ | ५१ | ५६ | ६२ | ६८ | ७५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव नलिई आएका बालबालिकाको प्रतिशत | स्थानिय | ५४ | ५४ | ४९ | ४४ | ३८ | ३२ | २५ | | |
| आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | स्थानिय | १११ | १११ | ११० | १०९ | १०७ | १०६ | १०५ | | |
| आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | स्थानिय | ९२ | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९७ | | |
| आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) | स्थानिय | ७४ | ७४ | ७७ | ८० | ८३ | ८६ | ८९ | | |
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) | स्थानिय | ६७ | ६७ | ७१ | ७४ | ७८ | ८२ | ८६ | | |
| आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | स्थानिय | ९७ | ९७ | ९७ | ९८ | ९८ | ९८ | ९९ | | |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | स्थानिय | ८३ | ८३ | ८५ | ८७ | ८९ | ९१ | ९३ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर | स्थानिय | ७९ | ७९ | ८१ | ८३ | ८६ | ८९ | ९२ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ को अन्त्यसम्म टिक्ने बालबालिकाको दर | स्थानिय | ७८ | ७८ | ८० | ८३ | ८६ | ८८ | ९१ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर | स्थानिय | ७० | ७० | ७३ | ७७ | ८० | ८४ | ८८ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर | स्थानिय | ५५ | ५५ | ५९ | ६४ | ६९ | ७४ | ८० | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ को अन्त्यसम्म टिक्ने बालबालिकाको दर | स्थानिय | ५७ | ५७ | ६२ | ६६ | ७१ | ७६ | ८२ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर | स्थानिय | ४२ | ४२ | ४७ | ५३ | ५८ | ६५ | ७२ | | |
| आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | स्थानिय | ८ | ८ | ७ | ६ | ५ | ४ | ३ | | |
| **३. माध्यामिक शिक्षा** | | | | | | | | | | |
| माध्यमिकतह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (GER) | स्थानिय | ६४ | ६४ | ६७ | ७१ | ७६ | ८० | ८५ | | |
| माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | स्थानिय | ३९ | ३९ | ४४ | ५० | ५६ | ६३ | ७० | | |
| माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | स्थानिय | ३१ | ३१ | ३६ | ४१ | ४८ | ५६ | ६४ | | |
| माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) | स्थानिय | १२ | १२ | १६ | २१ | २७ | ३५ | ४६ | | |
| माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | स्थानिय | ४७ | ४७ | ५१ | ५७ | ६२ | ६८ | ७५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | स्थानिय | २५ | २५ | ३० | ३६ | ४२ | ५० | ६० | | |
| माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | स्थानिय | १ | १ | १ | १ | १ | १ | १ | | |
| माध्यमिकतह (कक्षा १-१२) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | स्थानिय | ५० | ५० | ४६ | ४१ | ३६ | ३० | २३ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर | स्थानिय | ४३ | ४३ | ४८ | ५३ | ५९ | ६६ | ७३ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर | स्थानिय | ४५ | ४५ | ५० | ५५ | ६१ | ६७ | ७४ | | |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर | स्थानिय | ३८ | ३८ | ४३ | ४८ | ५५ | ६२ | ६९ | | |
| **४. जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | | |
| साक्षरता दर (१५ वर्ष भन्दा माथि) ( प्रतिशत) | स्थानीय | ४१.२ | | | | | | | | |
| साक्षरता दर (५ वर्ष भन्दा माथि) ( प्रतिशत) | स्थानीय | ५२ | | | | | | | | |
| साक्षरता दर (१५-२४ उमेर समूह) ( प्रतिशत) | स्थानीय | ६४ | | | | | | | | |
| साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६१ | | | | | | | | |
| **५. सुशासन तथा व्यवस्थापन** | | | | | | | | | | |
| आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १०२ | १०२ | १०८ | ११४ | १२१ | १२७ | १३४ | | |
| आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ३४८ | ३४८ | ३५७ | ३६६ | ३७६ | ३८६ | ३९६ | | |
| माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | २६७ | २६७ | २९१ | ३१७ | ३४५ | ३७६ | ४०९ | | |
| माध्यमिक तह (कक्षा११-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | १७२ | १७२ | १९४ | २१९ | २४७ | २७९ | ३१५ | | |
| **६. शिक्षामा लगानी** | | | | | | | | | | |
| कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*( प्रतिशत) | स्थानीय | १७ | | | | | | | | |
| आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | | |
| माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | | |

# परिच्छेद:तीन
# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३. परिचय

यस शिक्षा क्षेत्रको योजना सन् २०८१।०८२ देखि २०८५।०८६ सम्मका लागि तयार गरिएको हो र यसमा ५ वर्ष अवधिकात योजनाको प्रारूप निर्माण गरिएको छलागि लागत अनुमान सहि। पहिलो अध्यायमा, शिक्षा क्षेत्रको योजनाको सन्दर्भ प्रस्तुत गर्दै विद्यालय शिक्षाको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले योजना निर्माणका लागि आवश्यक पर्ने प्राथमिकता र आवश्यकताहरू पहिचान गर्न मद्दत गर्दछ। दोस्रो अध्यायमा, योजनाका समग्र दृष्टिकोण, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू स्पष्ट रूपमा परिभाषित गरिएका छन्। तेस्रो अध्यायमा, विद्यालय शिक्षा अन्तर्गतका विभिन्न उपक्षेत्रहरू, जस्तै— बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, र आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षासँगै तिनका प्रमुख चुनौतीहरू पहिचान गरिएको छ। साथै, पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली, शिक्षक विकास तथा व्यवस्थापनजस्ता अन्तरविषयगत पक्षहरूको विश्लेषण गर्दै तिनमा विद्यमान चुनौतीहरू पहिचान गरिएका छन्। यस योजनाले प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थालाई मूल्याङ्कन गर्दै तिनका चुनौतीहरू सामना गर्ने उपायहरू तथा लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीतिहरू र प्रमुख क्रियाकलापहरू निर्धारण गरेको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१. परिचय

बाल विकास पाँच वर्ष मुनिका बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक र सामाजिक विकासको समग्र प्रक्रिया हो। यस अवधिमा सर-सफाइ, स्वस्थ बानी, सुरक्षा, सिर्जनात्मक सोच, भाषिक र सञ्चार सीप विकास गराउने शिक्षालाई बाल शिक्षा भनिन्छ। प्रारम्भिक बाल विकासको पाठ्यक्रम उमेर अनुसारको विकासलाई ध्यानमा राखी एकीकृत सिद्धान्तका आधारमा तयार गरिन्छ, जसले सिकाइ तत्परतामा सुधार ल्याई विद्यालय छोड्ने र कक्षा दोहोर्याउने दर घटाएको छ। गणितीय सीप सुधार गर्न सिकाइ मापदण्डको प्रयोग आवश्यक छ। बालमैत्री कक्षाकोठा, पर्याप्त सामग्री र अनुकूल वातावरण सिर्जना गर्नुपर्छ। शिक्षा ऐन (नवौं संशोधन), २०२८ ले चार वर्षका बालबालिकालाई एक वर्षको शिक्षा परिकल्पना गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्षमुनिका लागि शिशु विकास केन्द्रको व्यवस्था गरेको छ। संघीयता कार्यान्वयनपछि स्थानीय तहलाई नीति, योजना, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमनको जिम्मेवारी दिइएको छ। पन्ध्रौं योजनाले प्रारम्भिक बाल विकास केन्द्रलाई विद्यालयको अभिन्न अंग बनाउने, अनिवार्य शिक्षा सुनिश्चित गर्ने, संघ, प्रदेश र स्थानीय तहबाट लागत साझेदारी गर्ने, शिक्षक तालिम पुनरावलोकन गर्ने, मापदण्डअनुसार खेल  तथा प्रविधि मैत्र शिक्षण सिकाई तथा शैक्षणिक सामाग्रिहरुको विकास गर्ने लक्ष्य लिएको छ।

### ३.१.२ प्रारम्भिक बाल विकास तथा शिक्षाको वर्तमान अवस्था

रौतहट जिल्लाको परोहा नगरपालिकामा हाल २६ वटा प्रारम्भिक बाल विकास केन्द्रहरू सञ्चालनमा छन्। तीमध्ये १६ वटा सामुदायिक विद्यालयमा र २ वटा संस्थागत विद्यालयमा आधारित छन्  र धार्मिक विद्यालयहरु ७ वटा रहेका छन्। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार, शैक्षिक सत्र २०८१ मा उपलब्ध तथ्यांकहरूको विश्लेषण गर्दा परोहा नगरपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षा (ECED) को वर्तमान अवस्थालाई विश्लेषण गर्दा विभिन्न सूचकहरूमा मिश्रित परिणामहरू देख्न सकिन्छ। एकातिर, न्यूनतम सक्षमताका मापदण्डहरू पूरा गर्ने ECED केन्द्र/कक्षाहरूको संख्या २६ प्रतिशत मात्र रहेको देखिन्छ, जसले आधारभूत पूर्वाधार तथा गुणस्तरीयताको आवश्यकतालाई जनाउँछ। यसका साथै, सिकाई सामग्रीको सेट प्राप्त गर्ने बालबालिकाको संख्या ६० प्रतिशत रहेको देखिन्छ, जसले सामाग्री

पहुँचमा सुधार देखाउँछ। तर, शिक्षकहरूको तालिम स्तर राम्रो देखिन्छ, किनकि ७५ प्रतिशत शिक्षक/शिक्षिकाहरूले कम्तिमा १५ दिने तालिम प्राप्त गरेका छन्। अर्कोतर्फ, सहजै देखिने भर्ना दर ४९ प्रतिशत मात्र रहेको हुँदा समुदायमा सचेतनाको कमी वा ECED कार्यक्रम प्रतिको उदासीनताका कारण हुन सक्छ। तथापि, लैङ्गिक समता सूचकांक दुवै सहज (१) र खुद (१) भर्ना दरमा समान देखिन्छ, जसले लैङ्गिक समानताको प्रतिबिम्ब दिन्छ। त्यसैगरी, भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत केवल ८ प्रतिशत रहेको तथ्य समुदायस्तरको असमानता र पहुँचको कमी झल्काउँछ। शिक्षक अनुपात ४५ रहेको सन्दर्भ शिक्षक अभाव तथा कक्षाकोठा व्यवस्थापनमा चुनौतिहरू रहेको संकेत गर्दछ। त्यस्तै, भर्ना भएका बालबालिकामध्ये २१ प्रतिशत कम तथा बढी उमेरका रहेको तथ्य बालबालिकाको उमेरअनुसार भर्ना सुनिश्चित गराउन अझ ध्यान दिनुपर्ने देखिन्छ । समग्रमा, परोहा नगरपालिकाको ECED स्थितिमा केही सूचकहरू सकारात्मक देखिए पनि राष्ट्रिय मापदणडहरु अनुसारको शिकाई कुना, वसाई व्यवस्थापन, शिक्षक विद्यार्थि अनुपात, जोखिम रहित आधारभूत पूर्वाधार, पहुँच, र सामाजिक समानताका क्षेत्रमा सुधारको आवश्यकता स्पष्ट देखिन्छ।

### ३.१.३ प्रारम्भिक बालविकास तथा शिक्षाका समस्याहरु :

१. प्रारम्भिक बालविकास केन्द्रको न्युनतम मापदण्ड पुरा गरेका २६ वटा वालविकास केन्द्रहरु मध्ये ७ वटा बालविकास केन्द्र मात्र रहेको र बाँकीको व्यवस्थापन गर्न नसकिनु,
२. प्रारम्भिक बालविकास उमेर समुहका ४८.८ प्रतिशत बालबालिकालाई बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु,
३. बालविकासमा खुद भर्नादर घटाई कुल भर्नादर बढाउन नसकिनु,
४. बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या बृद्धि गर्न नसक्नु,
५. २५ प्रतिशत सहजकर्तसा शिक्षकहरुलाइ तालिम दिन नसक्नु ।
६. बालमैत्री भौतिक संरचना निर्माण गर्न नसक्नु.
७. ४० प्रतिशत वालविकास केन्द्रहरुमा शैक्षणिक समाग्रिहरु पुर्याउन नसक्नु
८. सहजकर्ताहरुलाई आवशयक तालिम संचालन गर्न नसक्नु ।
९. वालविकासका वालवालिकाहरुको स्वास्थ्य जाँच हुन नसक्नु
१०. बालविकासका सबै सहगकर्ताहरुलाई क्षमता विकासका कार्यक्रम संचालन गर्न तथा टिकाउन नसक्नु, प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्न नसक्नु,
११. वालविकास केन्द्रहरु प्रविधि तथा भय त्रासरहित वनाउन नसक्नु ।

### ३.१.४ उद्देश्यहरु

१. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।
२. सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाईमैत्री जस्ता न्युनतम पूर्वाधार तथा सिकाई सक्षमता भएका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको विकास गर्नु, कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव नलिई आएका बालबालिकाको प्रतिशत जम्मा ६९.४ प्रतिशत रहेको दर घटाउनु,
३. ४८ महिना पुरा गरेका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
४. वालविकासका वालवालिकाहरुलाई स्वास्थ्य परिक्षण गरि विषेश शिक्षण सहयोगको सुनिशिचितता गरिने ।
५. १९ वटा बाल विकास केन्द्र लाई राष्ट्रिय मापदण्डका ५ ओटा मध्ये न्युनतम ३ ओटा सक्षमता पुरा गराउने,
६. वालविकास केन्द्रहरुलाई प्रविधि तथा जोखिम रहित बनाउने ।
७. वालविकासका वालवालिकाहरुलाई स्वास्थ्य जाँच गराइ स्वास्थ्य राख्ने ।

८. शिक्षिकाहरुको पेशगत दक्षा विकासमा सहयोग गर्नु ।

९. सिमान्तकृत समुदायको वालबालिकाको भर्ना प्रोत्साहन कार्यक्रम तथा अनुदानको व्यवस्था गरी बालबालिकाको भर्ना दर वृद्धि गर्ने ।

१०. बिद्यालय वाहिर रहेका ४ वर्ष पुरा सवै वालवालिकालाई अनिवार्य विद्यालयमा भर्ना गराउने ।

### ३.१.५ रणनितिहरु

योजनाका उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिनेछ ।

१. सबै बालबालिकाको पहुँच पुग्नेगरी खानेपानी, शौचालय, सिकाई सामाग्री, सिकाइ समय लगायत राष्ट्रिय मापदण्डमा उल्लखित सुविधाहरु उपलब्ध गराउने,

२. तिनै तहका सरकार विच सहकार्य, समन्वय र सहभागितामा बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड पुरा गर्ने गरि पूर्वाधार निर्माण गर्ने,

३. प्रारम्भिक बालविकासमा असमर्थ (फरक क्षमता भएका, अल्पसंख्यक, अतिबिपन्न आदि) बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याई कक्षा १ मा भर्ना हुन आवश्यक आधार तयार गर्ने,

४. बालविकास केन्द्रको आवश्यकता र महत्वबारे अभिभावकलाई सचेत गरी प्रत्येक वडामा एउटा बाल विकास केन्द्र संचालन गर्ने, प्रत्येक वडामा बालबालिकाको चौतर्फी विकास र मनोरञ्जनका लागि एउटा बालउद्यान निर्माण गर्ने, सबै सहजकर्ताहरुका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने,

५. सबै बालबालिकाहरुलाई ६/६ महिनामा स्वास्थ्य जाच को सुबिधा संचालनमा ल्याउने,

६. परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पूर्ण रुपमा लागु गरिने छ ।

### ३.१.६ उपलब्धी तथा प्रमुख नतिजाहरु

**उपलब्धी**

१. ४ वर्ष उमेर पुरा गरेका सबै बालबालिका बालविकास केन्द्रमा भर्ना हुनेछन् ।

२. यस योजनाको अन्त्य सम्ममा बाकिँ १९ वटा बालविकास केन्द्रले न्युनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन् ।

**प्रमुख नतिजाहरु** योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्रसं | सूचक | आधार वर्ष २०८१/०८२ | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|---|
| १.१ | ५ वटा न्युनतम न्यूनतम सक्षमताका मापदण्डहरूमध्ये कम्तिमा ३ वटा मापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्र/कक्षाहरू | २६ | ३२ | ३७ | ४४ | ५२ | ६१ |
| १.२ | ECED केन्द्र/कक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाई सामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ६० | ६४ | ६८ | ७३ | ७७ | ८२ |
| १.३ | ECED केन्द्र/कक्षाहरूमा अध्यापनरत शिक्षक/शिक्षिकाहरू मध्ये कम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ७५ | ७८ | ८१ | ८४ | ८७ | ९० |
| १.४ | ECED मा सहजै देखिने भर्ना दर | ४९ | ५४ | ५९ | ६४ | ७० | ७७ |

| क्रसं | सूचक | आधार वर्ष २०८१/०८२ | २०८१/२०८२ | २०८२/२०८३ | २०८३/२०८४ | २०८४/२०८५ | २०८५/२०८६ |
|---|---|---|---|---|---|---|---|
| १.५ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | १ | १ | १ | १ | १ | १ |
| १.६ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | १ | १ | १ | १ | १ | १ |
| १.७ | ECED मा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | ८ | ११ | १६ | २१ | २९ | ४० |
| १.८ | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) शिक्षक अनुपात | ४५ | ४१ | ३७ | ३३ | ३० | २७ |
| १.९ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१ | ७ | ३ | १ | ० | ० |

## ३.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्युनतम मापदण्डहरू विकास, परिमार्जन तथा प्रबोधीकरण | पटक | २ | ५ | ५ | ५ | २ | १ | १ | संघ, प्रदेश र स्थानिय तह |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ३ | विकासका साझेदार, गैर सरकारी संस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | निरन्तर | | | | | | | | स्थानिय तह |
| ४ | न्यूनतम मापदण्डअनुसार विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय सहितको दुई कोठे छुट्टै भवनको व्यवस्था | निरन्तर | | | | | | | | स्थानिय तह |
| ५ | अपाङ्ता भएका बालबालिकाहरुको सिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरी कार्यान्वयन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सहजकर्ताको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने | निरन्तर | | | | | | | | |
| ८ | सबै प्रारम्भिक बालविकास केन्द्रमा शिक्षक र बालबालिकाको अनुपात बढीमा १:२५ कायम | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | शिक्षणमा बहुभाषाको प्रयोग | निरन्तर | | | | | | | | |
| १० | शिक्षकहरुको घुम्ति बैठक | निरन्तर | | | | | | | | |
| ११ | स्थानिय स्तरमा प्रारम्भिक बालविकास समिति गठन परिचालन | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| १२ | बिद्यालय स्तरिय प्रारम्भिक बालविकास समिति गठन | पटक | ० | १ | ० | ० | ० | १ | २ | |
| १३. | बालविकास संयोजकको न्युक्ती र परिचालन | पटक | ० | १ | ० | ० | ० | ० | १ | |
| १४. | | | | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१. परिचय

आधारभूत शिक्षा प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्मको शिक्षालाई जनाउँछ। विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ अनुसार कक्षा १–८ लाई आधारभूत र कक्षा ९–१२ लाई माध्यमिक शिक्षा मानिएको छ। संविधानको धारा ३१ मा आधारभूत शिक्षालाई नागरिकको मौलिक हकका रूपमा समेटिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी न्यूनीकरण गर्दै व्यक्तिको जीवनस्तर सुधार गर्न मद्दत गर्छ, जसले समाज र राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउँछ। परोहा नगरपालिकाले आधारभूत शिक्षाको पहुँच, गुणस्तर र समताको समीक्षा गर्दै चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि यसको विकास रणनीति, लक्ष्य र प्रमुख क्रियाकलापहरू योजना बनाएको छ।

### ३.२.२. वर्तमान  अवस्था

परोहा नगरपालिका आधारभूत तहमा जम्मा सामुदायिक विद्यालयहरु २५ वटा रहेका छन् जस मध्ये आधारभूत बिधालय ८ वटा रहेका छन् । जसमा सामुदायिक विद्यालयहरुमा जम्मा विद्यार्थी संख्या १०३९८ रहेका छन । जसमा ५३३७ छात्रा र ५०६१ छात्र रहेको छ । नेपालको आधारभूत शिक्षाको विभिन्न सूचकहरूको विश्लेषण गर्दा विद्यालय प्रवेश, विद्यार्थी टिकाइ दर, शिक्षक व्यवस्थापन, र समावेशी शिक्षामा सुधारका साथै केही गम्भीर चुनौतीहरू देखिन्छन्। उल्लिखित तथ्यांकहरू आधारभूत तथा माध्यमिक तहको शिक्षामा भर्ना सम्बन्धी विभिन्न सूचकहरू दर्शाउँछन्।

कक्षा १ मा सहजै देखिने प्रवेश दर )GIR) ९३७. प्रतिशत रहेको छ, जसमा छात्रहरूको अनुपात १०४१. प्रतिशत तथा छात्राहरूको ८३६. प्रतिशत रहेको छ। यसले छात्रहरूको भर्ना दर उच्च रहेको देखाउँछ, जबकि छात्राहरूको भर्ना दर तुलनात्मक रूपमा कम छ। खुद प्रवेश दर )NIR) ५७ प्रतिशत रहेको छ, जसमा छात्रहरूको दर ६४१. प्रतिशत र छात्राहरूको दर ५० प्रतिशत मात्र छ, जुन शिक्षामा लैङ्गिक असमानताको सङ्केत गर्दछ। लैङ्गिक समता सूचकांक )GPI) सहजै देखिने भर्ना दरमा ०रहेको छ ७८.०तथा खुद भर्ना दरमा  ८०., जसले छात्राहरूको भर्ना दर अझै कम रहेको देखाउँछ। कक्षा १ मा भर्ना भएका मध्ये ४६१. प्रतिशत बालबालिकाले ECED को अनुभव लिएका छन्, जसमा छात्राहरूको अनुपात १.५०) प्रतिशत ( ८.४२) छात्रहरूको प्रतिशतभन्दा बढी रहेको छ। तर (, अझै पनि ५३९. प्रतिशत बालबालिका बिना कुनै प्रारम्भिक शिक्षा विद्यालय भर्ना भएका छन्, जसमा छात्राहरूको अनुपात ४९९. प्रतिशत र छात्रहरूको ५७२. प्रतिशत रहेको छ। आधारभूत तह -१कक्षा )५) को सहजै देखिने भर्ना दर (GER) ११०७. प्रतिशत रहेको छ, जसमा छात्राहरूको भर्ना दर १.१११) प्रतिशत ( २.११०) छात्रहरूको प्रतिशत) भन्दा बढी छ। खुद भर्ना दर (NER) ९२४. प्रतिशत रहेको छ, जसमा छात्राहरूको भर्ना दर ४.९०) प्रतिशत४.९४) छात्रहरूको ( प्रतिशतभन्दा कम छ। ( कक्षा ६ को ८-GER ७४३. प्रतिशत रहेको छ, जसमा छात्राहरूको भर्ना दर ३.८०) प्रतिशत६.६८) छात्रहरूको ( प्रतिशत) भन्दा बढी छ। खुद भर्ना दर (NER) ६७३. प्रतिशत रहेको छ, जसमा छात्राहरूको अनुपात ७३१. प्रतिशत र छात्रहरूको ६१९. प्रतिशत छ। आधारभूत तह -१कक्षा )८ को (GER ९६८. प्रतिशत रहेको छ, जसमा छात्राहरूको भर्ना दर ६.९९) प्रतिशत१.९४) छात्रहरूको ( प्रतिशत( भन्दा बढी देखिन्छ। NER ८२९. प्रतिशत रहेको छ, जसमा छात्राहरूको अनुपात ८३९. प्रतिशत तथा छात्रहरूको ८१८. प्रतिशत रहेको छ। माध्यमिक तह

-११कक्षा )१२) मा सहजै देखिने भर्ना दर (GER) ३०९. प्रतिशत मात्र रहेको छ, जुन आधारभूत तहको तुलनामा निकै कम छ। छात्राहरूको GER (३२१. प्रतिशत६.२९) छात्रहरूको ( प्रतिशतभन्दा बढी रहेको छ। ( लैङ्गिक समता सूचकांक )GPI) आधारभूत तह -१कक्षा )८ को (GER मा १ तथा ०६.NER मा १रहेको छ ०३., जसले छात्राहरूको शिक्षामा सहभागिता छात्रहरूको तुलनामा केही सुधार भएको देखाउँछ। समग्र रूपमा, प्राथमिक तहमा छात्राहरूको भर्ना दर कम भए पनि उच्च कक्षामा पुग्दा उनीहरूको सहभागिता दर सुधार हुँदै गएको देखिन्छ। यद्यपि, माध्यमिक तहमा भर्ना दर निकै कम रहेको हुँदा शिक्षा नीतिहरू पुनःनिर्माण गरी माध्यमिक तहसम्मको निरन्तरता बढाउनु आवश्यक देखिन्छ।

### ३.२.३. समस्या तथा चुनौती

परोहा नगरपालिकाको आधारभूत शिक्षा लाई नियालेर हेर्ने हो भने यस पालिका मा निम्न किसिमको चुनौती तथा समस्याहरु रहेको देखिन्छ ।

१. कक्षा १ मा छात्राहरूको प्रवेश दर (GIR) छात्रहरूको तुलनामा कम छ, जसले प्राथमिक तहमा नै लैङ्गिक असमानता देखाउँछ।
२. खुद प्रवेश दर (NIR) सहजै देखिने प्रवेश दर (GIR) भन्दा निकै कम छ, जसले बच्चाहरूले विद्यालय भर्ना भए पनि सबैले नियमित रूपमा पढाइ जारी राख्न नसकेको ।
३. करिब ५३.९ प्रतिशत बालबालिका बिना कुनै प्रारम्भिक शिक्षा कक्षा १ मा भर्ना हुनु ।
४. ग्रामीण क्षेत्रमा विद्यालयको पहुँच, शिक्षाको गुणस्तर र आर्थिक अवस्था जस्ता कारणले विद्यार्थीहरू विशेष गरी छात्राहरूको निरन्तर अध्ययन चुनौतीपूर्ण देखिन्छ।
५. कक्षा १ मा सहजै देखिने भर्ना दर (GIR) मा लैङ्गिक समता सूचकांक ०.८० र खुद भर्ना दर (NIR) मा ०.७८ मात्र हुनु ।
६. आधारभूत तहमा GER उच्च भए पनि NER अपेक्षाकृत कम रहेको छ, जसले विद्यालय त्याग्ने दर उच्च रहेको संकेत गर्छ।
७. गरिबी, बालश्रम, बालविवाह, घरायसी कामको बोझ, तथा सामाजिक चेतनाको कमीका कारण विशेष गरी छात्राहरूलाई विद्यालय पठाउन चुनौती रहेको देखिन्छ।
८. कतिपय विद्यालयमा उचित पूर्वाधार, सिकाइका सामग्री, प्रशिक्षित शिक्षक तथा छात्रा मैत्री वातावरणको अभावले विद्यार्थीहरूलाई निरन्तर अध्ययनमा प्रेरित गर्न कठिन भइरहेको छ।
९. मापदणड अनुसारको भौतिक संरचना नहुनु ।
१०.शिक्षकको पेशगत क्षमता अभिवृद्धीका लागि मेन्टरिगं जस्ता सहयता प्रणालीको व्यवस्था नहुनु ।
११.कक्षा शिक्षण प्रविधि मैत्रि नहुनु ।
१२.स्थानिय पाठ्यक्रमको निर्माण गरि लागु गर्न नसक्नु ।
१३.सिमानतकृत विद्यार्थीहरुलाई थप प्रोत्साहन कार्यक्रम लागु गर्न नसक्नु ।

### ३.२.४. उद्देश्यहरु

१. ७.७ प्रतिशत विद्यालय बाहिर रहेको वालवालिकालाई औपचारिक शिक्षामा पहुचको सुनिशिचितता गर्ने ।
२. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइ मैत्री,समावेशी, भय रहित र सुरक्षित बनाउनु ।
४. विद्यालय बाहिर रहेका बालबालिकालाई पुनः विद्यालयमा ल्याउने विशेष कार्यक्रम सञ्चालन गर्ने।
५. छात्राहरूको विद्यालय प्रवेश दर बढाउन लक्षित छात्रवृत्ति तथा प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने।

६. शिक्षा सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरी बालबालिकाको विद्यालय प्रवेश दर बढाउने।
७. कक्षा ८ सम्म विद्यार्थी टिकाइ दर सुधार गर्न विशेष राहत तथा प्रेरणादायी योजना लागू गर्ने।
८. विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या न्यून गर्न आधारभूत तहमा नियमित अनुगमन तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने।
९. विद्यालयमा आकर्षक तथा व्यवहारिक पाठ्यक्रम उपलब्ध गराइ सिकाइको गुणस्तर बढाउने।
१०. छात्राहरूको विद्यालय टिकाइ बढाउन सुरक्षित तथा छात्रा-मैत्री विद्यालय वातावरण निर्माण गर्ने।
११. छात्राहरूको भर्ना तथा निरन्तरता सुनिश्चित गर्न अभिभावक र समुदायस्तरबाट सचेतना कार्यक्रम सञ्चालन गर्ने।
१२. शिक्षामा लैङ्गिक असमानता न्यूनीकरणका लागि छात्रा-केन्द्रित नीति निर्माण तथा कार्यान्वयन गर्ने।
१३. शिक्षक-विद्यार्थी अनुपात सुधार गर्न थप दक्ष शिक्षकहरू भर्ती गर्ने।
१४. शिक्षक प्रशिक्षण तथा व्यावसायिक विकास कार्यक्रमलाई प्रभावकारी बनाउने।
१५. विद्यालयमा गुणस्तरीय शैक्षिक सामग्री तथा प्रविधिको प्रयोग बढाउने।
१६. अपाङ्गता भएका बालबालिकाहरूलाई लक्षित गरी समावेशी शिक्षाका कार्यक्रम विस्तार गर्ने।
१७. विशेष आवश्यकताका बालबालिकाहरूलाई सहजीकरण गर्न विशेष प्रशिक्षित शिक्षकहरूको व्यवस्था गर्ने।
१८. सबै विद्यार्थीका लागि समान अवसर सुनिश्चित गर्न विद्यालय पूर्वाधार सुधार गर्ने।
१९. छात्रवृत्तिलाई अझ प्रभावकारी बनाउन लक्षित वर्गमा केन्द्रित गर्ने।
२०. आर्थिक रूपमा विपन्न परिवारका विद्यार्थीहरूलाई शिक्षा निरन्तरताका लागि विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने।
२१. विद्यालय पूर्वाधार तथा स्रोत सुधार गर्न सरकारी तथा गैरसरकारी लगानी प्रवर्द्धन गर्ने।

### ३.२.५ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी पुनः विद्यालय फर्काउने विशेष अभियान सञ्चालन गर्ने।
२. बालबालिकाका लागि निःशुल्क तथा अनिवार्य शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने।
३. आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाका लागि अतिरिक्त छात्रवृत्ति तथा शिक्षा सहयोग कार्यक्रम सञ्चालन गर्ने।
४. विद्यार्थिको तथ्यांक (EMIS)को व्यवस्थापन र प्रभावकारितामा वृद्धी गर्ने।
५. बालबालिका खुशीसाथ विद्यालय जान बाल-मैत्री वातावरण सिर्जना गर्ने।
६. समुदायस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरी अभिभावकहरूलाई शिक्षाको महत्त्व बुझाउने।
७. विद्यालय छोड्ने विद्यार्थीहरूको नियमित ट्र्याकिङ गर्ने र उनीहरूको समस्या समाधान गर्न सहजीकरण गर्ने।
८. विद्यार्थिको लागि संचालन गरिने दिवा खाजालाई पोषणयुक्त र व्यवस्थित वनाउने।
९. शिक्षालाई व्यवहारिक तथा जीवन उपयोगी स्थानिय पाठ्यक्रम लागु गर्ने।
१०. विद्यालयमा अत्तरिक्त गतिविधि (खेलकुद, सिर्जनात्मक गतिविधि, प्राविधिक शिक्षा) थप गर्ने
११. सिकाइ कठिनाइ भएका विद्यार्थीहरूका लागि विशेष सहयोग तथा अतिरिक्त कक्षा सञ्चालन गर्ने।
१२. छात्राहरूको लागि छात्रावास, महिला शिक्षकको वृद्धि तथा सुरक्षित विद्यालय वातावरणको सुनिश्चितता गर्ने।
१३. लैङ्गिक असमानतालाई हटाउन समाजमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।
१४. विद्यालयमा छात्रा-मैत्री शौचालयको व्यवस्था गर्ने।
१५. शिक्षकहरूको नियमित तालिम र क्षमता अभिवृद्धि कार्यक्रम र सहयाता प्रणालिको विकास तथा सञ्चालन गर्ने।
१६. स्मार्ट कक्षा कोठा तथा डिजिटल शिक्षालाई प्रवर्द्धन गर्ने।

१७.विद्यालयहरूमा सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने प्रणाली लागू गर्ने।
१८.विज्ञान, गणित, प्रविधि तथा प्राविधिक शिक्षालाई प्रवर्द्धन गर्ने।
१९.विद्यालय निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउने
२०.अपाङ्गता भएका विद्यार्थीहरूका लागि भौतिक पूर्वाधार जस्तै र्‍याम्प, ब्रेल कक्षा, विशेष शिक्षकहरूको व्यवस्था गर्ने।
२१.अपाङ्गता भएका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्न विशेष छात्रवृत्ति तथा सहयोग कार्यक्रम सञ्चालन गर्ने।
२२.विद्यालयमा मनोवैज्ञानिक परामर्श तथा विशेष सहयोग कार्यक्रम लागू गर्ने।
२३.छात्रवृत्ति वितरण प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउने।
२४.विपन्न तथा असहाय बालबालिकालाई प्राथमिकताका आधारमा छात्रवृत्ति दिने।
२५.विद्यालय पूर्वाधार तथा स्रोत सुधारका लागि स्थानीय सरकारको सहभागिता बढाउने।
२६.विद्यार्थीहरूलाई उद्यमशीलता र व्यवसायिक शिक्षा प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्ने।

### ३.२.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. आधाभूत तह १–८ मा कम्तीमा विद्यार्थी शिक्षक अनुपात कक्षा १-५ मा ५५:१, कक्षा ६-८ मा ४४:१) लाई ४०:१ मा पुगेको हुने छ।
२. आधारभूत तह १–८ उमेर समूहका शत प्रतिशत बालबालिकाहरु विद्यालयमा हुनेछन् ।
३. शत प्रतिशत विद्यालयहरुमा न्युनतम गुणस्तरीय सिकाई मापदण्ड पुरा गरेका हुनेछ ।
४. शत प्रतिशत विद्यालयहरुमा मापदणड अनुसारको अपांङमैत्री, छात्रामैत्री र लैङिकमैत्री पूर्वाधारको निर्माण भएका हुनेछ ।
५. आधारभूत तहका बालबालिकाको सिकाई उपलब्धि कम्तिमा ९० प्रतिशत हुनेछ ।
६. स्थानिय पाठ्यक्रमको निर्माण गरि लागु भएको हुने छ।
७. पोषणयुक्त दिवाखजाको सुनिशिचितता भएको हुने ।
८. आवश्यकता अनुसार मनोवैज्ञानिक परामर्श तथा विशेष सहयोग कार्यक्रम संचालन भएको हुने छ ।
९. बालिका लक्षित खेलकुद, अतिरिक्त क्रियाकलाप, बालिका मैत्री पोसाक तथा मातृभाषामा आधारित बहुभाषिक शिक्षण विधिमा संचालन हुनेछ ।
१०. आधारभूत तहमा गुनासो सुनवाई व्यवस्था लागु गर्ने तथा लैङिक सम्पर्क शिक्षकको व्यवस्थापन कार्यान्वयन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स | सूचक | (२०८१/८२) अधार वर्ष | (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | ९४ | ९४ | ९५ | ९५ | ९६ | ९७ | ९८ |
| २ | कक्षा १ मा खुद प्रवेश दर | ५७ | ५७ | ६१ | ६६ | ७१ | ७६ | ८१ |
| ३ | कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता | १ | १ | १ | १ | १ | १ | १ |

| क्र.स | सूचक | (२०८१/८२) अधार वर्ष | (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| ४ | कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | १ | १ | १ | १ | १ | १ | १ |
| ५ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | ४६ | ४६ | ५१ | ५६ | ६२ | ६८ | ७५ |
| ६ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव नलिई आएका बालबालिकाको प्रतिशत | ५४ | ५४ | ४९ | ४४ | ३८ | ३२ | २५ |
| ७ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | १११ | १११ | ११० | १०९ | १०७ | १०६ | १०५ |
| ८ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ९२ | ९२ | ९३ | ९४ | ९५ | ९६ | ९७ |
| ९ | आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर (GER) | ७४ | ७४ | ७७ | ८० | ८३ | ८६ | ८९ |
| १० | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (NER) | ६७ | ६७ | ७१ | ७४ | ७८ | ८२ | ८६ |
| ११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | ९७ | ९७ | ९७ | ९८ | ९८ | ९८ | ९९ |
| १२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ८३ | ८३ | ८५ | ८७ | ८९ | ९१ | ९३ |
| १३ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर | ७९ | ७९ | ८१ | ८३ | ८६ | ८९ | ९२ |
| १४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ को अन्त्यसम्म टिक्ने बालबालिकाको दर | ७८ | ७८ | ८० | ८३ | ८६ | ८८ | ९१ |
| १५ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर | ७० | ७० | ७३ | ७७ | ८० | ८४ | ८८ |
| १६ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर | ५५ | ५५ | ५९ | ६४ | ६९ | ७४ | ८० |

| क्र.स | सूचक | (२०८१/८२) अधार वर्ष | (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १७ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ को अन्त्यसम्म टिक्ने बालबालिकाको दर | ५७ | ५७ | ६२ | ६६ | ७१ | ७६ | ८२ |
| १८ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर | ४२ | ४२ | ४७ | ५३ | ५८ | ६५ | ७२ |
| १९ | आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | ८ | ८ | ७ | ६ | ५ | ४ | ३ |
| २० | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | १०२ | १०२ | १०८ | ११४ | १२१ | १२७ | १३४ |
| २१ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | ३४८ | ३४८ | ३५७ | ३६६ | ३७६ | ३८६ | ३९६ |

### ३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | १ | ० | २ | २ | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| २ | विद्यार्थीको अनुपातमा शिक्षक भर्ना | आवश्यकता अनुसार | | | | | | | | स्थानिय तह |
| ३ | शिक्षण पेशा विकास तालिम /पूर्णताजगि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ४ | बालिका लक्षित खेलकुद /मैदान र खेल समाग्रीको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| ५ | अपाङ मैत्री भौतिक पूर्वाधारको व्यवस्था | आवश्यकता अनुसार | | | | | | | | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| ६ | आधारभूत तहका छात्राहरुको लागि सेनेटरी पैड व्यव्स्थापन (मेसिन) | पटक | ० | १ | ० | ० | ० | १ | १ | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ग्रिन विद्यालयको व्यवस्थापन | निरन्तर | | | | | | | | स्थानिय तह/ बिद्यालय |
| ८ | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ९ | पालिका स्तरीय बालिका लक्षित खेलकुद तथा अतिरिक्त क्रियाकलाप संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| १० | बहुभाषिक शिक्षण विधिको संचालन | निरन्तर | | | | | | | | स्थानिय तह |
| ११ | सुचना तथा प्रविधिको तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| १२ | बुक कर्णर र सिकाइ सामाग्रीको व्यवस्थापन | प्रत्यक कक्षा | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| १३ | कक्षागत अभिभावक बैठक गर्ने | निरन्तर | | | | | | | | बिद्यालयले |
| १४ | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | संख्या | ० | १ | ० | ० | ० | १ | १ | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| १५ | भौतिक पूर्वधारको सवलिकरण र निर्माण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश , स्थानिय तह र गैर सरकारी संघसंस्था |
| १६ | अनुगमन, मूल्याड्कन | निरन्तर | | | | | | | | |


## ३.३ माध्यमिक शिक्षा


### ३.३.१ परिचय

माध्यमिक शिक्षा देशको शैक्षिक प्रणालीको मेरुदण्ड हो, जसले विद्यार्थीलाई उच्च शिक्षा वा व्यावसायिक जीवनका लागि तयार पार्दछ । नेपालमा संविधान २०७२ तथा शिक्षा ऐनले माध्यमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउँदै यसको गुणस्तर सुधार्ने व्यवस्था गरेको छ। संघ, प्रदेश, र स्थानीय सरकारको साझा जिम्मेवारी अन्तर्गत शिक्षालाई जीवनोपयोगी, प्रविधियुक्त, र सीपमूलक, नैतिकवान तथा समतामुल्क समाज निर्माण गर्ने उद्देशयले अगाडी बढिरहेको अवस्था छ । त्यसतै शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९लाई १२- माध्यमिक तह मानिन्छ जसले विद्यार्थीलाई प्राविधिक शिक्षा छनोट र उच्च शिक्षा हासिल गरिने अवसरको रुपमा हुनु र बिद्यार्थीको मुल्याकंनको लागि राष्ट्रिय स्तरमा परिक्षाहरु पनि संचालन गरिन्छ ।

### ३.३.२ वर्तमान अवस्था

नेपालमा माध्यमिक शिक्षा अहिले पनि सुधार र परिवर्तनको चरणमा छ। सरकारी तथा निजी क्षेत्रका विभिन्न प्रयासका बाबजुद माध्यमिक शिक्षामा अझै केही चुनौतीहरू छन् । नेपाल सरकारले शिक्षा क्षेत्रमा विभिन्न नीतिहरू लागू गर्दै गुणस्तरीय, सर्वसुलभ, र प्रविधिमैत्री माध्यमिक शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । यस परोहा नगरपालिका अन्तर्गत ६ वटा माध्यमिक विद्यालय संचालनमा रहेको छ जसमध्ये ४ वटा विद्यालयमा कक्षा ९ र १० सम्म कक्षा संचालन हुन्छ भने २ वटा विद्यालयहरुमा ११ र १२ कक्षा संचालन भइरहेको अवस्था छ ।




यहाँ ६ वटौ माध्यमिक विद्यालयमा कक्षा ९ र १० मा जम्मा १३३६ विद्यार्थीहरु अध्ययनरत छन जसमा महिला ७०८ र पुरुषको संख्या ६२८ रहको छ। त्यसतै गरि कक्षा ११ र १२ मा जम्मा बिधार्थीहरु ६८९ रहेका छन, । जसमा महिला ३६४ र पुरुष ३२५ रहेका छन। यस तथ्याङ्क तुल्ना गर्दा माध्यमिक तह कक्षा ९ देखि १२ सम्ममा पुरुष भन्दा महिलाको संख्या बढि रहेको अवस्था छन।

### ९ देखि १२ कक्षासम्मको विवरण

| कक्षा | सामुदायिक | | |
|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा |
| ९ | ४०७ | ३७६ | ७८३ |
| १० | ३०१ | २५२ | ५५३ |
| ११ | १९७ | १५२ | ३४९ |
| १२ | १६७ | १७३ | ३४० |
| जम्मा | १०७२ | ९५३ | २०२५ |

स्रोत : IEMIS २०८१

### मद्यामिक शिक्षा तहको विवरण

| विधार्थी विवरण | जम्मा | छात्रा | छात्र |
|---|---|---|---|
| माध्यमिक तह कक्षा ९ र १० मा सहजै देखिने भर्ना दर | ६३.७ | ६३.९ | ६०.३ |
| माध्यमिक तह कक्षा ९ र १० मा खुद भर्ना दर | ३९.२ | ४०.४ | ४०.३ |
| माध्यमिक तह कक्षा ११ र १२ मा सहजै देखिने भर्ना दर | ३०.९ | ३२.१ | २९.६ |
| माध्यमिक तह कक्षा ११ र १२ मा खुद भर्ना दर | १२.३ | १३. | ११. |
| माध्यमिक तह कक्षा ९ देखि १२ मा सहजै देखिने भर्ना दर | ४६.८ | ४८.९ | ४४.६ |
| माध्यमिक तह कक्षा ९ देखि १२ मा खुद भर्ना दर | २२.२ | २६.२ | २४.३ |
| माध्यमिक तह कक्षा ९ देखि १२ मा सहजै देखिने भर्ना दरमा लैगिक समता सुचांक | १.१ | ०. | ०. |
| माध्यमिक तह कक्षा १ देखि १२ मा उमेर गत भर्ना दर | ४९.५ | ५२.७ | ४६.२ |
| माध्यमिक तह कक्षा १ देखि १२ मा विधालय वाहिर रहेका वालवालिकाको दर | ५०.५ | ४७.३ | ५३.८ |

### ३.३.३ अवसर र चुनौतिहरु

प्रमुख समस्या वा चुनौतिहरुलाई तल प्रस्तुत गरिएको छ ।

१. विशेष गरी सरकारी विद्यालयहरूमा शिक्षण विधि तथा सुविधाको कमी।
२. विशेष गरी ग्रामीण क्षेत्र तथा विपन्न समुदायमा विद्यार्थीले कक्षा १२ पूरा नगर्ने प्रवृत्ति।
३. पुस्तकालय, प्रयोगशाला, कम्प्युटर तथा डिजिटल शिक्षाका लागि आवश्यक स्रोत-साधन सीमित हुनु।
४. व्यावसायिक तथा प्राविधिक शिक्षा (Vocational Education) अझै राम्रोसँग विस्तार हुन नसकेको।
५. शिक्षकहरूको सत-प्रतिशत आवश्यक भए पनि धेरै विद्यालयमा आधुनिक शिक्षण विधिहरू लागू गर्न कठिन हुनु।
६. राष्ट्रिय विद्यालय भौतिक विकास मापदण्ड अनुसार सुरक्षित, जोखिमरहित भौतिक संरचनाको विकास गर्नु।
७. विद्यालयलाई लैगिंक मैत्री वनाउनका लागि फोकल शिक्षक नतोकिएको।
८. विद्यार्थी सूचना सकंलन, व्यवस्थापन सहि रुपले नहुनु।
९. विषयगत शिक्षकको कमि र विद्यार्थि शिक्षक अनुपात असमान तथा अपुग हुनु।
१०. बिद्यालय शिक्षा क्षेत्रमा वित्तीय सुशासनको कमि।

### ३ ३.४.उद्देश्यहरु

१. माध्यमिक तहमा सवैको पहुँचमा सुधार ल्याउनु।
२. माध्यमिक तहका वाल वालिकाहरुमा न्यून तम सिकाइ उपलव्धी हासिल गर्नु।
३. प्राविधिक तथा व्यवसायिक शिक्षाको पहुँचमा बृद्धि गर्नु।
४. माध्यमिक तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।
५. माध्यमिक तहमा टिकाउदर बढाउनु।
६. विद्यार्थी सिकाइप्रति उत्तरदायी विद्यालयको ब्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु।
७. माध्यमिक तह (९-१२) मा खुद भर्ना दर बढाउनका लागि सबै विद्यार्थीलाई निरन्तर शिक्षामा संलग्न गराउने।
८. छात्रा तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको सहभागिता बढाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने।
९. कक्षा ९-१२ मा विद्यार्थी टिकाइ राख्नका लागि शिक्षामा प्रेरणा, परामर्श, र आर्थिक सहयोगका कार्यक्रमहरू लागू गर्ने।
१०. विद्यालय वाहिर रहेका ५०.५ प्रतिशत बालबालिकालाई पुनः शिक्षामा ल्याउने नीति अपनाउने।
११. उमेर अनुसारको भर्ना सुनिश्चित गर्न विद्यालय भर्ना अभियानलाई थप प्रभावकारी बनाउने।
१२. कक्षा ९-१२ सम्म विद्यार्थी टिकाइराख्न गुणस्तरीय शिक्षा, सिकाइ सहजीकरण, र प्राविधिक तथा व्यावसायिक शिक्षा विकल्पहरू उपलब्ध गराउने।
१३. शतप्रतिशत वर्गका विद्यार्थीलाई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्ने।

### ३.३.५ रणनीतिहरु

१. हरेक शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय स्तरमा कार्यदल गठन गरी भर्ना अवस्थाको यकिन गर्दै सशक्त भर्ना अभियान सञ्चालन गरिनेछ।
२. विद्यालय जान नसक्ने वा भर्ना हुन नसक्ने बालबालिकाहरूको पहिचान गरी पालिका स्तरमा विशेष भर्ना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

३. सिमान्तकृत तथा पछाडि पारिएका वर्गका बालबालिकाहरूका लागि "नगरपालिकासँग बालबालिका" शैक्षिक सहयोग कार्यक्रम लागू गरिनेछ।
४. अभिभावक शिक्षाका तालिमहरू सञ्चालन गरी अभिभावकहरूलाई बालबालिकाको शिक्षा सुनिश्चित गर्न प्रेरित गरिनेछ।
५. सिकाइ सुधारका लागि बालमैत्री तथा क्रियाकलापमा आधारित सिकाइ (ABL) अपनाइ प्रविधिमैत्री शिक्षण प्रवर्द्धन गरिनेछ।
६. शिक्षण सुधार योजना (TIP) लाई पूर्ण रूपमा कार्यान्वयन गरी शिक्षकहरूलाई नविनतम प्रविधि तथा प्रविधिमैत्री शिक्षण पद्धतिबाट दक्ष बनाइनेछ।
७. विद्यालय तहका कक्षाहरूमा कम लागतमा आधारित शिक्षण-सिकाइ सामग्री उपलब्ध गराइनेछ।
८. शिक्षकहरूले पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको अनिवार्य प्रयोग गर्दै प्रभावकारी सिकाइ सहजीकरण गर्नेछन्।
९. परियोजना कार्य तथा प्रयोगात्मक शिक्षालाई अनिवार्य गरी विद्यार्थीहरूको व्यवहारिक ज्ञान अभिवृद्धि गरिनेछ।
१०. माध्यमिक तहका शिक्षकहरूको मागमा आधारित छोटो अवधिका तालिमहरू सञ्चालन गरिनेछ।
११. शिक्षकहरूको विषयगत तथा तहगत आवश्यकता अनुरूप नियुक्ति पालिका स्तरबाट गरिनेछ।
१२. नवीनतम प्रविधि तथा नवाचार अपनाउने उद्देश्यले शिक्षकहरूलाई नियमित रूपमा तालिम तथा अभिमुखीकरण गरिनेछ।
१३. प्राविधिक तथा व्यावसायिक धार पढ्ने विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिनेछ।
१४. व्यावसायिक शिक्षाको महत्त्व बढाउन स्थानीय रोजगारसँग समन्वय गरी व्यावसायिक धारका विद्यार्थीहरूलाई रोजगारीको अवसर सिर्जना गरिनेछ।
१५. विद्यालय शिक्षामा निरन्तरता कायम गर्न छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।
१६. टाढा रहेका तथा असहज पहुँच भएका क्षेत्रका बालबालिकाहरूका लागि छात्रावासको निर्माण थालनी गरिनेछ।
१७. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई पुनः भर्ना गर्न सघन कार्यक्रम सञ्चालन गरिनेछ।
१८. वाल क्लबहरूको नेतृत्व विकास तथा परिचालन गरी विद्यार्थीहरूलाई सिकाइ सुधारमा संलग्न गराइनेछ।
१९. विद्यालय-समुदाय समन्वयलाई सशक्त बनाउन अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
२०. विद्यालय नआउने वा विद्यालय छोड्ने विद्यार्थीहरूको नियमित ट्र्याकिङ प्रणाली लागू गरिनेछ।
२१. बिद्यालय भौतिक पुर्वाधार निर्माण सम्वन्धि मापदणड अनुसारको विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT ल्याबलाई थप व्यवस्थित बनाइ प्रभावकारी प्रयोगको वातावरण सिर्जना गरिनेछ।

### ३.३.६ उपलव्धि तथा प्रमुख नतिजाहरु

माध्यमिक तहको शिक्षामा सवैको समान पहुँच र सहभागिता सहित गुणस्तरिय शिक्षाको सुनिशिचितता हुने छ ।

#### उपलव्धि

१. माध्यमिक तहको शिक्षामा समान पहुँचमा वृद्धि भई खुद भर्ना, टिकाउ दर तथा सिकाइ उपलब्धि दरमा बृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्याउने दरमा कमी आउने ।
२. सबै माध्यमिक विद्यालयले न्यूनत्तम आधारभूत मापदण्ड पूरा भएको हुने ।
३. प्राविधिक धारतर्फको शिक्षामा पहुँचमा वृद्धि भएको हुने ।

४. सबै माध्यमिक विद्यालयहरुलाई नमुना विद्यालयका रुपमा विकास गरी अन्य फिडर विद्यालयहरुलाई सहयोग गर्ने अभ्यासको लागु हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचकहरु | अधार वर्ष २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह(कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | ७८३. | ६९२.२ | ६४३. | ५९६.१ | ५६२.५ | |
| २ | माध्यमिक तह(कक्षा ११-१२) माभर्ना भएका विद्यार्थी सँख्या | ५५३. | ६७०.२ | ६११.२ | ५८१.७ | ५४९.८ | |
| ३ | माध्यमिकतह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर | १६२९. | ३४९. | ३४७. | ०. | ०. | |
| ४ | माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | १६६७. | ३४०. | ३४७. | ०. | ०. | |
| ५ | माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | ३०.९ | ३५.८ | ४१.४ | ४८. | ५५.६ | |
| ६ | माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर | १२.३ | १५.९ | २०.७ | २७. | ३५.१ | |
| ७ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर | ४६.८ | ५१.४ | ५६.६ | ६२.३ | ६८.५ | |
| ८ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | २२.२ | ३०. | ३५.७ | ४२.४ | ५०.४ | |
| ९ | माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | १.१ | १.१ | १.१ | १.१ | १.१ | |
| १० | माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | ४९.५ | ५४.१ | ५९. | ६४.५ | ७०.४ | |
| ११ | माध्यमिकतह (कक्षा १-१२) मा उमेरगत भर्ना दर | ५०.५ | ४५.९ | ४१. | ३५.५ | २९.६ | |

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | स्वयंसेवक शिक्षकको व्यवस्था | जना | १७ | १७ | १७ | १७ | १७ | ८५ | ८५ | |
| ३ | सघन भर्ना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| ४ | अभिभाबक शिक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | अति विपन्न तथा पिछिडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु जस्तैं ड्रेस झोला स्टेशनरीको सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | संख्या | १ | १ | १ | १ | २ | ६ | ६ | |
| ७ | सिकाइका लागि न्यूनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | संख्या | १ | १ | १ | १ | २ | ६ | ६ | |
| ९ | पुस्तकालय विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको थप व्यवस्थापन तथा सहयोग | संख्या | १ | १ | १ | १ | २ | ६ | ६ | |
| १० | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ११ | नयाँ पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | | |
| १२ | सिकाइका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ८ | १० | १० | १० | १० | ४८ | | |
| १३ | नमुना माध्यमिक विद्यालय निर्माण कार्यक्रम | पटक | ० | १ | ० | ० | १ | २ | | |
| १४ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १५ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धिवृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | २ | २ | २ | २ | २ | १० | | |
| १६ | शिक्षकले कक्षा कोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | निरन्तर | | | | | | | | |
| १७ | घुम्ति प्र.अ. शिक्षक बैठक | मासिक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | बर्षको २ पटक बालबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकीबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सीमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | छात्राहरुलाई सेनिटरी प्याडको खरिद र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | | वर्षमा |
| २१ | पढ्दै कमाउदै कार्यक्रम | पटक | ० | १ | ० | १ | ० | २ | | |
| २२ | नजिकको स्वास्थ्य चौकी मार्पत कोशोरकिशोरीसँग | पटक | १ | १ | १ | १ | ५ | १० | | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| | स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | | | | | | | | | |
| २३ | बाल समुह, स्काउट, रेडक्रस क्लव गठन, क्षमता विकास र परिचालन | संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | ६० | |
| २४ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयन | निरन्तर | | | | | | | | |
| २५ | बिद्यालय शिक्षा क्षेत्रको सूचना EMIS व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २६ | शतप्रतिसत बिद्यालयको SIP निर्माण गराइ लागु | पटक | १ | १ | १ | १ | १ | १ | १० | |

## ३.४ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.४.१ परिचय

परोहा नगरपालिका एक बहुसांस्कृतिक, बहुभाषिक, तथा विविध समुदायको बसोबास रहेको क्षेत्र हो, जहाँ आर्थिक, सामाजिक, तथा सांस्कृतिक विभेदका कारण सबै व्यक्तिहरूलाई औपचारिक शिक्षाको समान अवसर उपलब्ध छैन। विशेष गरी, आर्थिक रूपमा कमजोर परिवार, गरिबी, बालश्रम, प्रवासी मजदुर परिवारका बालबालिका, तथा लैङ्गिक विभेदका कारण विद्यालय जान नसकेका छात्राछात्राहरूका लागि अनौपचारिक शिक्षा एक महत्वपूर्ण माध्यम बन्न सक्छ। अनौपचारिक शिक्षा औपचारिक शिक्षाको पूरक मात्र नभई यसको जननी पनि हो, जसले समुदायका हरेक वर्गका व्यक्तिहरूलाई जीवनोपयोगी ज्ञान तथा सीप प्रदान गर्छ। परोहा नगरपालिकामा शिक्षाको अवस्था हेर्दा, धेरै व्यक्तिहरू विभिन्न कारणले औपचारिक शिक्षा पूरा गर्न नसकेको, विद्यालय त्याग्ने दर उच्च रहेको, तथा बालबालिकाहरू अस्थायी रूपमा काममा संलग्न रहने समस्या देखिन्छ। यस्ता समस्याहरू समाधान गर्न अनौपचारिक शिक्षा एक महत्वपूर्ण उपाय हुन सक्छ, जसले स्थानीय समुदायका नागरिकहरूलाई कुनै निश्चित पाठ्यक्रम तथा समय सीमाभन्दा बाहिर रहेर समेत सिकाइको अवसर दिन्छ। अनौपचारिक शिक्षा विशेष गरी निरक्षर वयस्कहरू, विद्यालय जान नसकेका बालबालिका, सीपमूलक तालिम तथा जीवन उपयोगी शिक्षाको अभाव झेलिरहेका व्यक्तिहरूलाई लक्षित हुनुपर्छ। परोहा नगरपालिकामा गरिबी निवारण, महिला सशक्तीकरण, उद्यमशीलता विकास, तथा आधारभूत साक्षरता बढाउने उद्देश्यले अनौपचारिक शिक्षामा लगानी गर्नु आवश्यक छ। राज्य तथा स्थानीय तहको सहकार्यमा व्यावसायिक तथा जीवन उपयोगी सीपहरू प्रदान गर्न सकिने कार्यक्रमहरूको विस्तार गरी नगरपालिकाको समग्र विकासलाई टेवा दिन सकिन्छ।

### ३.४.२ वर्तमान अवस्था

परोहा नगरपालिकाको साक्षरता अवस्थालाई हेर्दा ५५ प्रतिशत साक्षर रहेको छ जसमा ६३ प्रतिशत पूरुष र ४७.२ प्रतिशत महिला मात्र साक्षर रहेको छ । त्यसतै केहि उमेर समूह अनुसारको तथ्यांक विशलेषण गर्ने हो भने ।यहाँ शिक्षामा अझै पनि लिङ्गीय असमानता रहेको स्पष्ट देखिन्छ। ५ वर्षभन्दा माथिको उमेर समूहमा महिलाहरूको साक्षरता दर ४४.६ प्रतिशत मात्र रहेको छ, जबकि पुरुषहरूको साक्षरता दर ५९.५ प्रतिशत छ। यसले शिक्षामा महिलाहरूको पहुँच अझै सीमित रहेको देखाउँछ। उमेर बढ्दै जाँदा महिलाहरू शिक्षाबाट झनै वञ्चित भइरहेका छन्, जसको प्रमाण १५ वर्षभन्दा माथिको उमेर समूहको साक्षरता

दर हो, जहाँ महिलाहरूको साक्षरता दर घटेर ३१.४ प्रतिशत मा आइपुगेको छ भने पुरुषहरूको ५१.३ प्रतिशत रहेको छ। १५-२४ वर्ष उमेर समूहमा भने केही सुधार देखिए तापनि महिलाहरूको साक्षरता दर ५८.१ प्रतिशत मात्र रहेको छ, जुन पुरुषहरूको ७०.५ प्रतिशत साक्षरता दरभन्दा कम छ। समग्र रूपमा परोहा नगरपालिकाको औसत साक्षरता दर ५५ प्रतिशत मात्र रहेको छ, जसमा पुरुष साक्षरता दर ६३ प्रतिशत र महिला साक्षरता दर ४७.२ प्रतिशत छ। यसले शिक्षा क्षेत्रमा अझै पनि महिलाहरूलाई पछाडि पार्ने प्रवृत्ति रहेको देखाउँछ। शिक्षामा लिङ्गीय असमानता, उमेर अनुसारको गिरावट, तथा समग्र साक्षरता स्तर न्यून हुनु परोहा नगरपालिकाको प्रमुख चुनौतीहरू हुन्। युवा-पुस्तामा केही सुधार देखिए पनि महिलाहरू अझै पनि औपचारिक शिक्षाबाट टाढा छन्। यस्तो अवस्थामा, स्थानीय तथा संघीय सरकारले महिलाहरूलाई लक्षित गरी अनौपचारिक शिक्षा, प्रौढ शिक्षा, तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ। शिक्षा नीतिहरूलाई महिला शिक्षालाई प्राथमिकता दिने गरी परिमार्जन गर्नुपर्ने आवश्यकता छ। यदि समयमै उचित योजना तथा कार्यक्रमहरू लागू गर्न सकिएन भने नगरपालिकाको समग्र विकासमा गम्भीर असर पर्ने सम्भावना छ। त्यसैले, शिक्षा पहुँचलाई समावेशी र समान बनाउन पहल गर्नु अत्यन्त जरुरी छ।

अर्कोतर्फ ४५ प्रतिशत  निरक्षर जनसङ्ख्यालाई साक्षर बनाउन सामुदायिक सिकाई केन्द्र ३ वटा वटा वडागत कम्तिमा १ वटा हुने गरि वृद्धि गर्नु परने देखिन्छ । साथै, सामुदायिक पुस्तकालयहरूको अभावले पनि साक्षरता अभियानमा अवरोध पुगेको देखिन्छ। यस नगरपालिकाले विगतमा प्रौढ शिक्षा, किशोरी शिक्षा, तथा अन्य अनौपचारिक कार्यक्रम सञ्चालन गरेको भए तापनि, हालको तथ्याङ्कले ती कार्यक्रमहरूले पर्याप्त सुधार गर्न नसकेको देखाउँछ। सरकारले अनौपचारिक शिक्षा मार्फत परोहा नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गर्ने लक्ष्य राखेको भए पनि हालसम्म यस क्षेत्रका कार्यक्रम प्रभावकारी बन्न सकेका छैन् । अनौपचारिक शिक्षा मार्फत व्यक्तिको पढ्न, लेख्न तथा सामान्य गणितीय सीपलाई विकास गर्दै व्यवहारिक ज्ञान र व्यवसायिक सीपमा वृद्धि गर्न सकिन्छ, जसले जीवनस्तरमा सुधार ल्याउँछ। यसलाई थप व्यवस्थित बनाउन र प्रभावकारी बनाउन स्थानिय सरकार संचालन ऐन, २०७४ तथा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८  र अनिवार्य तथा  निशुलक शिक्षा ऐन २०७५ बमोजिम कार्यान्वयन गर्न यो विद्यालय शिक्षा योजनाको लक्ष्य रहेको छ ।

### ३.४.३ चुनौतिहरु

१. सत प्रतिशत  नागरिकहरुलाई साक्षर् बनाउन न सकेको,
२.  सिमान्तकृत समुदायहरुमा आयआर्जन गर्न र निरन्तर शिक्षाको कार्यक्रम संचालन  ।
३. ५०.५  प्रतिशत बिद्यालय वाहिर रहेको १ देखी १२ कक्षा उमेर समूहको बालबालिकाहरु लाई शिक्षाको मुलधारमा ल्याउन नसक्नु ।
४. यस नगरपालिका को प्रत्येक वडा हरुमा सामुदायिक सिकाइ केन्द्रहरुको स्थापना र प्रभावकारी रुपमा व्यवस्थापन र परिचालन गर्न नसकिएको ।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रभावकारी व्यवस्थापनमा सरोकारवलाहरु विच समन्वय सहकार्यको कमि ।
६. परोहा  नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु व्यवस्थापन तथा सञ्चालन र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ केन्द्र हरु संचालन गर्न नसक्नु,
७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदणडहरु कार्यान्वयन गर्न नसक्नु ।
८. पाठ्यक्रम,पाठ्यपुस्तक तथा थप सिकाई सामग्रीहरु विकास नहुनु ।
९. सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको क्षमता विकास र आवशयक वजेटको व्यवस्था नहुनु ।
१०. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत विभिन्न गैह्र सरकारी संघ सस्थाहरुसंग समन्वय  गर्न नसक्नु ।

### ३.४.४ उद्देश्य

१. विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई अनौपचारिक शिक्षामा सर्वशुलभ पहुच सुनिश्चित गरि सक्षर पालिका घोषणा गर्ने ।
२. परोहा नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्र मार्फत अनौपचारिक कक्षा र समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु व्यवस्थापन तथा सञ्चालन गर्नु ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमलाई व्यवस्थित गर्नका लागि अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुपलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गरि साक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर नगर घोषणा गर्नु।
५. अनौपचारिक शिक्षा क्षेत्रमा कार्यरत विभिन्न गैह्र सरकारी संघ सस्थाहरुसंग सामान्य गरि अनौचारिका कक्षा संचालन गर्ने,

### ३.४.५ रणनीति

१. आवश्यकता अनुसारको सामूदायिक सिकाइ केन्द्रहरूको स्थापना र उचित व्यवस्थापन गरिने ।
२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानियसंघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावकलाई आजीवन शिक्षा र जीवन उपयोगी शिक्षा विकासमा परिचालन गरिनेछ ।
३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरि साक्षरता कार्यक्रम संचालन गरिने ।
४. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न वनाउनका लागि प्रविधि, पुस्तकालय र सामुदायिक सूचना केन्द्रसँग जोडने । ।
५. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आय-आर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. साक्षरता कार्यक्रम संचालन, वयवस्थापन , अनुगमण, निरक्षण र प्रमाणिकरणको लागि वडा कार्यालय, वडा समिति र वडा सक्षरता समितिलाई जिम्मेवार बनाइने छ।
७. सिकाई हस्तान्तरणका लागि अन्तरपुस्ता वैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने छ। ।
८. स्थानिय सामुदायिक शिक्षा केन्द्र सहजकर्ताहरुलाई तालिम दिई क्षमता अभिवृद्धी गर्ने छ। ।
९. विभिन्न उमेर समूहका जनसंख्याकका लागि साक्षरता कार्यक्रम संचालन गरिने र सो का लागि ९ देखि १२ कक्षा विद्यार्थीहरुलाई परिचालन गरिनुका साथै आवश्यकता अनुसार अन्य नविनतम विधिहरु अपनाईने छ।
१०. विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई औनपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा भर्ना गरिने छ ।

### ३.४.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. वडा स्तरिय सामूदायिक सिकाइ केन्द्रहरूको स्थापना र उचित व्यवस्थापन गरिने ।
२. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न वनाउनका लागि प्रविधि, पुस्तकालय र सामुदायिक सूचना केन्द्रसँग जोडने । ।
३. स्थानिय सामुदायिक शिक्षा केन्द्र सहजकर्ताहरुलाई तालिम दिई क्षमता अभिवृद्धी गर्ने छ। ।
४. विभिन्न उमेर समूहका जनसंख्याको लागि साक्षरता कार्यक्रम संचालन गरिने र सो का लागि ९ देखि १२ कक्षा विद्यार्थीहरुलाई परिचालन गरिनुका साथै आवश्यकता अनुसार अन्य नविनतम विधिहरु अपनाईने छ।

५. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानियसंघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावकलाई आजीवन शिक्षा र जीवन उपयोगी शिक्षा विकासमा परिचालन गरिनेछ ।
६. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरि साक्षरता कार्यक्रम संचालन गरिने ।
७. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आय-आर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
८. साक्षरता कार्यक्रम संचालन, वयवस्थापन , अनुगमण, निरक्षण र प्रमाणिकरणको लागि वडा कार्यालय, वडा समिति र वडा सक्षरता समितिलाई जिम्मेवार बनाइने छ।
९. सिकाई हस्तान्तरणका लागि अन्तरपुस्ता वैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने छ। ।
१०. विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई औनपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा भर्ना गरिने छ ।

**नतिजा**

| क्रसं | सूचक | इकाई | आधार वर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाहिर रहेको वालबालिकाहरु अनौपचारिक शिक्षाको माध्यमबाट विद्यायलयमा भर्ना र कक्षामा निरन्तरता हुने । | बिद्यालय बाहिर बालबालिका प्रतिशत | ५०.५ | ५०.५ | ७० | ८० | ९० | १०० |
| २ | एक वडा एक सामुदायिक सिकाई केन्द्रको विस्तार र संचालन | केन्द्र | ० | १ | २ | २ | १ | १ |
| ३ | वडागत रुपमा समुदायिक पुस्ताकलयको स्थापना | संख्या | ० | १ | ४ | ४ | ० | ० |
| ४ | अनौपचारिक तथा आजीवन सिकाई सम्वन्धि तथ्यांकहरु अध्यावधिक तथा व्यवस्थित | निरन्तर | ० | १ | १ | १ | १ | १ |
| ५ | साक्षर प्रतिशतमा वृद्धि भएको भएको हुने | प्रतिशत | ५५ | ५५ | ७० | ८० | ९० | १०० |
| ६ | छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ |
| ७ | बालबालिकाको सामुदायिक सिकाइ केन्द्रमा सिकाइ निरन्तरता, | निरन्तर | २ | ४ | ६ | ८ | ९ | ९ |
| ८ | सामुदायिक सिकाइ केन्द्रहरु प्राविधिक मैत्र र पुस्ताकलयको स्थापना | संख्या | ० | २ | २ | १ | १ | ० |
| ९ | साक्षर नगरपालिका घोषणा | पटक | ० | ० | ० | ० | ० | १ |

### ३.४.७ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाई | भौतिक लक्ष्य ५ वर्षा | | | | | जम्मा | भौतिक लक्षय १० वर्षमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निरक्षर र विद्यालय वाहिर रहेक किशोर किशोरीहरुको विवरण संकलन गरि खणडिकृत रुपमा तथ्याकं तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता अभिवृद्धी कार्याक्रम संचालन गर्ने | निरन्तर | | | | | | | | नगरपालिका/ सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाई केन्द्रको विस्तार र सञ्चालन गर्ने | संख्या | ० | १ | २ | २ | १ | ९ | ९ | नगरपालिका |
| ४ | एक वडा एक सामुदायिक पुस्तकालय स्थापना गरि सामुदायिक केन्द्र संग आवद्ध गर्ने | संख्या | १ | २ | २ | २ | २ | ९ | ९ | नगरपालिका |
| ५ | समुदायिक सिकाई केन्द्र र पुस्तकालयको स्थपना र क्षमता विकासका लागि सरकारी तथा गैरसरकारी संघसस्थाहरु तथा सरोकारवलाहरु सँग समन्वय र सहकार्य | निरन्तर | | | | | | | | नगरपालिका |
| ६ | आयमुलक तथा सीपमुल्क कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ७ | सामुदायिक सिकाइ केन्द्र तथा अन्य संघसंस्था मार्फत वैकल्पिक सिकाइ कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ८ | समुदायिक सिकाइ केन्द्रको सहजकर्ताहरुको क्षमता विकास तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| ९ | अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप कार्यावन्यन | निरन्तर | | | | | | | | नगरपालिका |
| १० | अभिवावक सचेतना तथा परामर्श कार्यक्रम संचालन | वडागत | १ | १ | १ | १ | १ | ५ | १० | वडागत |

# परिच्छेद:चार
# अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.परिचय

यस परिच्छेदमा खास गरि शिक्षाका क्षेत्रहरुको अन्तर सम्वन्धित विषयहरु जस्तै शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन

### ४.१.१. परिचय :

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार विद्यालय शिक्षालाई आधारभूत तह (कक्षा १–८) र माध्यमिक तह (कक्षा ९–१२) मा विभाजन गरिएको छ। कक्षा १–३ मा थिम बेस एकीकृत पाठ्यक्रम लागू गरिएको छ, जसको प्रभावकारी कार्यान्वयनका लागि नगरले निरन्तर अनुगमन गर्न आवश्यक छ। आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ। कक्षा ९–१२ को पाठ्यक्रम एकलपथीय ढाँचामा रहेको हुँदा यसको सफल कार्यान्वयनका लागि शिक्षक व्यवस्थापन तथा विद्यालयगत विषयगत संरचना बलियो बनाउन जरुरी छ। कक्षा ११–१२ का विद्यालयलाई स्तरीकृत गर्दै स्थानिय आवश्यकताअनुसार पाठ्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। सबै विद्यालयमा पाठ्यक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराइ शिक्षणलाई पाठ्यक्रममै आधारित बनाउनुपर्ने आवश्यकता छ। बाल विकास कक्षाको सिकाइ व्यवस्थापनलाई पाठ्यक्रम अनुकूल बनाउन नगरपालिकाले प्राथमिकतामा राख्नु आवश्यक छ। परोहा नगरपालिकाले आधारभूत तह (कक्षा १–८) का लागि १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइसकेको छ, जसले स्थानीय ज्ञानको संरक्षण तथा विकासमा टेवा पुर्‍याउनेछ। मूल्याङ्कन प्रणालीमा कक्षा १–३ मा निरन्तर मूल्याङ्कन मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने कक्षा ४–८ मा ५० प्रतिशत बाह्य र ५० प्रतिशत आन्तरिक मूल्याङ्कनको व्यवस्था छ। कक्षा ९–१२ मा ७५ प्रतिशत बाह्य र २५ प्रतिशत आन्तरिक मूल्याङ्कन लागू गरिएको छ। कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुसार संघ तथा प्रदेश सरकारले गर्ने व्यवस्था छ। नगरपालिकाले यी नीतिहरूको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न पहल गर्नु आवश्यक छ।

### ४.१.२. वर्तमान अवस्था

परोहा नगरपालिका भित्रका २५ वटा सामुदायिक विद्यालयहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार नगरस्तरीय शैक्षिक गतिविधिहरू सञ्चालन भइरहेका छन्। हाल नगरपालिकाका सबै विद्यालयमा उक्त पाठ्यक्रम पूर्ण रूपमा कार्यान्वयनमा रहेको छ। यसैगरी, नगरपालिकामा २६ वटा प्रारम्भिक बाल विकास केन्द्र,१ ७ वटा कक्षा १–५ सम्मका आधारभूत विद्यालय, २ वटा कक्षा ६–८ सम्मका आधारभूत विद्यालय तथा २ वटा कक्षा १–१२ सम्मका माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्। साथै, यी विद्यालयहरूमा स्थानीय पाठ्यक्रम पनि लागू गरिएको छ। निजी विद्यालयहरूले भने राष्ट्रिय पाठ्यक्रम अनुरूप आफू अनुकूल शिक्षण कार्यक्रम सञ्चालन गरिरहेका छन्, तर अधिकांश विद्यालयहरूले स्थानीय पाठ्यक्रमको सट्टा ऐच्छिक अंग्रेजी वा कम्प्युटर विषय पढाइरहेका छन्।

विद्यार्थी मूल्याङ्कनको लागि नगर स्तरीय परीक्षा समिति गठन गरी शैक्षिक तालिकाअनुसार परीक्षाहरू सञ्चालन गरिँदै आएको छ। गत वर्ष कक्षा ८ को अन्तिम परीक्षा तथा मूल्याङ्कन नगरमै केन्द्रित गरी विद्यार्थीहरूको उत्तरपुस्तिका परीक्षण गरिएको थियो। कक्षा १–८ सम्म अनिवार्य रूपमा लागू गर्नुपर्ने स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनका लागि ठोस योजना आवश्यक देखिन्छ। यस क्रममा स्थानीय विविधतालाई समेट्ने तथा समावेशिताको सम्पूर्ण पक्षलाई ध्यान दिने आवश्यकता छ। योजना निर्माण र कार्यान्वयनमा अपाङ्ग, दलित, सिमान्तकृत, लैङ्गिक तथा आदिवासी जनजातिहरूको समावेशिता सुनिश्चित गर्न व्यवहारिक योजना आवश्यक छ। नगरका विद्यालयहरूमा शिक्षण सिकाइका नियमित कार्यक्रमहरू सञ्चालन भइरहेका छन्, तर पाठ्यक्रम तथा मूल्याङ्कन ढाँचासम्बन्धी शिक्षक प्रशिक्षण प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको देखिन्छ। यसको प्रमुख कारण बजेट अभाव तथा नगर शिक्षा योजनाको विस्तृत कार्यक्रम निर्माण गर्न नसक्नु हो। यस सन्दर्भमा नगरपालिकाले नगरस्तरीय शैक्षिक कार्यक्रमलाई प्रभावकारी बनाउन स्पष्ट शिक्षा योजना निर्माण गरी लागू गर्न आवश्यक देखिन्छ।

### ४.१.३. समस्या तथा चुनौतीहरुः

१. प्रारम्भिक बालविकास र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चता नहुनु
२. सबै शिक्षकहरूमा विषयगत शिक्षक निर्देशिका उपलब्धता र प्रयोगको सुनिश्चितता नहुनु,
३. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग नहुनु।
४. कक्षाकोठाहरूमा न्यूनतम सिकाइ मापदण्ड अनुसारको सिकाइ कुनाको व्यवस्थापन नहुनु,
५. पाठयपुस्तकलाई नै पाठयक्रमको रुपमा बुझने प्रवृति हुनु,
६. स्थानिय पाठयक्रमको कार्यान्वयनका लागि शिक्षक व्यवस्थापन तथा क्षमता विकास नहुनु।
७. निरन्तर मूल्याङ्कन प्रणाली तथा थिम बेसमा आधारित पाठ्यक्रम पूर्णतया लागु गर्न सबैजसो विद्यालयका शिक्षकहरुमा प्रवोधिकण नहुनु
८. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा, बहुभाषा प्रयोगको अवस्था प्रभावकारी नभएको।
९. विपत तथा महामारीको समयमा पाठ्यक्रममा उल्लेख न्यूनतम उपलब्धि हाँसिल गराउने सवालमा सिकाइ आपुरण कार्यक्रम कार्यान्वयन नहुनु
१०. पालिका २५ वटा विद्यालयहरुमा ११ वटा मात्र ICT सम्वन्धि तालिम प्राप्त हुनु।

### ४.१.४ उद्देश्य

१. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को मर्म अनुरुप कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रमलाई पूर्ण रुपमा प्रभावकारी कार्यान्वयन गर्ने,
२. कक्षा १ देखि ७ सम्मको निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयन र अनुगमन गर्ने,
३. पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि नयाँ नयाँ ढाँचाको खोज र अनुसन्धान गर्ने,
४. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु,
५. विपत तथा महामारीको समयमा विशेष रुपमा सिकाइ आपुरण योजना कार्यान्वयन गर्नु,
६. स्थानिय पाठ्यक्रम विकास गरि लागु गर्ने।
७. प्रत्येक बालविकास केन्द्र र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चितता गर्ने

८. पाठ्यक्रमको कार्यान्वयनमा सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
९. स्थानिय वस्तुहरुको प्रयोग गरि शिक्षण समाग्रिहरुको उत्पादन तथा शिक्षणमा प्रभावकरी प्रयोगको सुनिशिचितता गर्ने ।
१०. ICT परिचालन गर्न कम्तीमा २५ वटा विद्यालयमा ३ तिन जनालाई दक्ष जनशक्तिको रुपमा क्षमता विकास गरिने ।

### ४.१.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. सबै विद्यालयका शिक्षकहरुलाई पाठयक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराउने ।
२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्ने ।
३. सवै बिद्यालयको ३ जना शिक्षकहरुलाई ICT सम्वन्धि तालिम दिने ।
४. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय बनाइ सुधार गर्ने ।
५. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने ।
६. स्थानियपाठयक्रम कार्यान्वयको सवालमा राष्ट्रिय पाठयक्रमको ढाँचा अनुरुप कक्षा १–३ मा शतप्रतिशत आन्तरिक मूल्यांकन तथा कक्षा ४–८ मा ५० प्रतिशत निरन्तर मूल्यांकन र ५० प्रतिशत आन्तरिक मुल्यांकन मार्फत विशेष ढाँचा निर्माण गरी सूचकमा आधारित बनाउने ।
७. प्रारम्भिक कक्षाहरुमा पाठ्यक्रम अनुरुपको सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा, बहुभाषा र स्थानियभाषालाई प्राथमिकता दिइने ।
८. वैज्ञानिक र व्यवहारिक स्थानियपाठ्यक्रम विकास प्रक्रियालाई अबलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने र प्रभावकारिताका आधारमा निरन्तरता प्रदान गरिने ।
९. विपद् तथा महामारीको समयमा विशेष रुपमा सिकाइ आपुरण योजना कार्यान्वयन कार्यक्रम निर्माण गर्ने ।

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनमा विशेषतः एकीकृत पाठ्यक्रम, निरन्तर मूल्याङ्कन, विशेष सिकाइ क्षेत्र (थिम बेस ) अन्तर्गतको शिक्षण सिकाइ व्यवस्थापन प्रभावकारी रुपमा कार्यान्वयन भएको हुनेछ ।

**ख)अपेक्षित नतिजा**

१. सबै विद्यालय र बाल विकास केन्द्रमा पाठक्रम र शिक्षक निर्देशिका उपलब्ध भएको र प्रयोगमा आएको हुने
२. शिक्षण सिकाइको मुल्याङ्कन प्रभावकारी र व्यवस्थित हुने ।
३. राष्ट्रिय पाठयक्रम प्रारुप बमोजिम शौक्षिक गतिविधिहरु तथा मूल्याङकन प्रणाली प्रभावकारी र व्यवस्थित हुने,
४. प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तहमा आवश्यकता अनुसार मातृभाषा र स्थानियभाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।
५. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानियरुपमा सन्दर्भ सापेक्ष र प्रभावकारी हुने ।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य विवरण अभिलेखिकरण भएको हुने ।
७. सवै कक्षा शिक्षण र तथ्याकं व्यवस्थापनमा ICT को प्रभावकारी प्रयोग हुने ।

### ४.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क्र स | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य १० वर्ष मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६को प्रभावकारी कार्यान्वयन लागि अभिमुखीकरण | विद्यालय संख्या | २५ | २५ | २५ | २५ | २५ | २५ | २५ | संघ/स्थनीय तह/बिधयल |
| २ | स्तरीकृत प्रश्न निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ३ | एकीकृत पाठयक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ४ | उत्कृष्ट विद्याल य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ५ | स्थानिय पाठ्यक्रमको कार्वान्वयन | निरन्तर | | | | | | | | स्थानिय तह/बिद्यायल |
| ६ | स्थानिय वस्तुहरुको प्रयोग गरि शिक्षण सामाग्रिहरुको निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानिय |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षक शिक्षण सहजीकरण प्रक्रियाको मूल आधार हुन्। शिक्षक र विद्यार्थीबीचको अन्तरक्रियाले सिकाइको गुणस्तर निर्धारण गर्ने भएकाले उनीहरूको दक्षता र पेशागत विकास अपरिहार्य छ। शिक्षकहरूले अध्यापन गराउने विषयको गहिरो ज्ञान लिनुका साथै समावेशी कक्षा व्यवस्थापन, प्रभावकारी सञ्चार, र सहकार्य गर्ने क्षमताको विकास गर्नुपर्छ। नेपालमा विद्यालय तहको शिक्षालाई गुणस्तरीय, समावेशी, र सान्दर्भिक बनाउन शिक्षक व्यवस्थापन तथा पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकता दिइएको छ।

हालको अवस्थामा शिक्षकहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निरन्तर तालिम, शैक्षिक योजना निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कन, तथा नवीनतम शिक्षण विधिको प्रयोग आवश्यक देखिन्छ। शिक्षण पेशालाई रोजाइको प्राथमिक पेशाका रूपमा विकास गर्दै, शिक्षक तयार गर्ने प्रणालीलाई सुदृढ पार्नुपर्ने आवश्यकता छ। विद्यालय तहको शिक्षामा समान पहुँच, गुणस्तर, र सुशासन प्रवर्धनका लागि शिक्षक व्यवस्थापन, प्रशिक्षण, र पेशागत विकासलाई अझ प्रभावकारी बनाउनु अपरिहार्य छ। त्यसैले शिक्षकहरूलाई नवीनतम शिक्षण विधि, प्रविधिको प्रयोग, तथा शैक्षिक नवाचारमा सक्षम बनाउने नीतिगत पहल आवश्यक देखिन्छ।

### ४.२.१ वर्तमान अवस्था

हाल परोहा नगरपालिकामा  २५ ओटा सामुदायिक विद्यालय र २५ ओटा प्रारम्भिक बालविकास केन्द्र संचालनमा रहेका छन्। यस नगरपालिकाले शैक्षिक गतिविधिहरूको व्यवस्थापन शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार गर्दै आएको छ । शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य छ, स्थायी शिक्षक हुन शिक्षक सेवा आयोगको परीक्षा उत्तीर्ण गर्नुपर्छ, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्छ, र पेशा तालिम पूरा गरेको हुनुपर्छ आदि लाई आधार मानि शैक्षिक् गतिबिधी

संचालन गर्दै आइरहेको छ। नगरपालिकाले शिक्षक व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपूर्ती, माग प्रतिशत निर्धारण, दरखास्त आव्हान तथा संकलन, जाँच तथा स्वीकृति, परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक), उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट, नतिजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति पदस्थापन शिक्षक ब्यवस्थापन र विकास कार्यमा नगरपालिका ले आफ्नो शिक्षा ऐन अनुसार गर्दै आइरहेको छ। परोहा नगरपालिकाका सामुदायिक विद्यालयहरूमा स्वीकृत दरबन्दी, राहत दरबन्दी तथा पालिकाको निजी श्रोतबाट नियुक्त शिक्षकहरूको विवरण हेर्दा, विद्यार्थी पूर्वप्राथमिक/बाल विकास केन्द्र (बा.बि.के.) मा कार्यरत २५ शिक्षकमध्ये १०० प्रतिशत महिला हुनु सकारात्मक पक्ष भए तापनि, विद्यार्थी-शिक्षक अनुपात ४४ रहेकोले गुणस्तरीय शिक्षणमा अझ सुधारको आवश्यकता देखिन्छ ।उपलब्ध तथ्यांक अनुसार, सामुदायिक विद्यालयमा पूर्वप्राथमिक तहमा २४ शिक्षक स्वीकृत दरबन्दीमा छन्, सबै महिला (१००प्रतिशत) छन्, र विद्यार्थी-शिक्षक अनुपात ४४ छ। आधारभूत तह (कक्षा १–५) मा ७१ शिक्षकमध्ये ४४प्रतिशत महिला छन्, विद्यार्थी-शिक्षक अनुपात १०२ रहेको छ। कक्षा ६–८ मा ९ शिक्षकमध्ये २२प्रतिशत मात्र महिला छन्, र विद्यार्थी-शिक्षक अनुपात अत्यधिक ३४८ छ। कक्षा ९–१० मा ५ शिक्षकमध्ये २०प्रतिशत महिला छन्, र अनुपात २६७ रहेको छ। कक्षा ११–१२ मा ४ शिक्षकमध्ये महिला शून्य छन्, र विद्यार्थी-शिक्षक अनुपात १७२ छ। समग्रमा, उच्च विद्यार्थी-शिक्षक अनुपात र महिला शिक्षकको न्यून प्रतिनिधित्वले शिक्षाको गुणस्तर र लैङ्गिक समानतामा चुनौती देखिन्छ। पालिकाबाट पनि शिक्षकरूपमा योगदान भए तापनि महिला सहभागिता अझै न्यून देखिन्छ।

**तालिका न. शिक्षक विवरण**

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला प्रतिशत | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला प्रतिशत |
| पूर्व प्र.बि./बा.बि.के. | २४ | ० | २४ | २४ | १०० | ४४ | ६ | ६ | ० | ६ | १०० |
| आधारभूत (१-५) | ४२ | २९ | ७१ | ३१ | ४४ | १०२ | ४३ | १८ | २५ | ४२ | ४२ |
| आधारभूत (६-८) | ४ | ५ | ९ | २ | २२ | ३४८ | १३ | २ | ११ | १५ | १५ |
| माध्यमिक (९-१०) | २ | ३ | ५ | १ | २० | २६७ | ९ | ३ | ६ | ३३ | ३३ |
| माध्यमिक (११-१२) | २ | २ | ४ | ० | ० | १७२ | ० | ० | ० | ० | ० |

यस पालिका शिक्षक र बिद्यार्थी अनुपा जुन दरबन्दी र राहत शिक्षक लगायत को अवस्था लाई हेर्ने हो भने यो अवस्था कमजोर देखिन छ। तर त्यो अवस्थालाई मध्येनजर गरि शिक्षा क्षेत्रमा यो परोहा नगरपालिका लागनि लागाई केहि शिक्षहरु नगर स्तरिय रुपमा नियुक्ति गरिएको छ।

**तालिका न. शिक्षक तथा बिद्यार्थि अनुपात (स्थाई र राहत)**

| तहगत शिक्षक बिद्यार्थि अनुपात | अनुपात |
|---|---|
| बालविकास | १०० |
| आधारभूत तह (कक्षा१-५) मा विद्यार्थीःशिक्षक अनुपात(सामुदायिक विद्यालय) | १०२ |

| | |
|---|---|
| आधारभूत तह (कक्षा६-८) मा विद्यार्थीः शिक्षक अनुपात(सामुदायिक विद्यालय) | ३४८ |
| माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थीः शिक्षक अनुपात(सामुदायिक विद्यालय) | २६७ |
| माध्यमिक तह (कक्षा११-१२) मा विद्यार्थीः शिक्षक अनुपात | १७२ |

स्रोतः- EMIS २०८१

### ४.२.२ समस्या तथा चुनौतिहरु

१. शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु
२. तालिम प्राप्त शिक्षक नहुनु ।
३. पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचि अनुसारको शिक्षकको आपूर्ति गर्नु
४. करारमा अधारित कार्यसम्पादन मुल्याकंन प्रणालि लागु नहुनु ।
५. कक्षाकोठालाई पेशागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु,
६. पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु,
७. विद्यालयहरुमा तहगत रुपमा न्यूनतम विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,
८. अपुग शिक्षकको आपूर्ति गाउँपालिकाले आफ्नै लगानीबाट गर्ने गरी स्रोतको व्यवस्थापन गर्नु
९. शिक्षकलाई दलगत राजनीतिबाट मुक्त राख्नु ।
१०. तलब, पदोन्नति र अन्य प्रोत्साहनको अभावमा शिक्षकहरूको मनोबल घट्ने, तथा शिक्षण पेशालाई आकर्षक बनाउन चुनौती देखिन्छ।
११. शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु,
१२. शिक्षकलाई आधुनिक प्रविधिसंग अध्यावधिक गर्न नसक्नु ।

### ४.२.३ उदेश्यहरु

१. शिक्षण पेसालाई आकर्षक बनाउन प्रतिष्ठा, अवसर र प्रोत्साहनको वृद्धि गर्ने ।
२. योग्य विद्यार्थीहरूलाई शिक्षण पेसामा आकर्षित गर्न छात्रवृत्ति, अनुदान र अन्य प्रोत्साहनको व्यवस्था गर्ने।
३. शिक्षकहरूलाई नियमित रूपमा आधुनिक शिक्षण विधिबारे तालिम प्रदान गर्ने।
४. बालमैत्री र व्यवहारिक शिक्षण विधिका लागि विषयगत विशेषज्ञ शिक्षकहरूको नियुक्ति गर्ने।
५. शिक्षकहरूको कार्यसम्पादनको मुल्यांकन गर्न पारदर्शी र वस्तुगत मापदण्डहरू तयार गर्ने र नतिजामुखी (Result-oriented) मूल्यांकन प्रणाली लागू गर्ने।
६. शिक्षण सिकाइ सामाग्री र प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने।
७. सहकर्मी सिकाइ, अन्तर्क्रिया र कार्यशालाहरूको आयोजना गर्ने।
८. उत्कृष्ट शिक्षकहरूलाई पुरस्कृत गर्ने तथा कमजोर कार्यसम्पादन भएका शिक्षकहरूलाई सुधार गर्न सहायतामूलक कार्यक्रम ल्याउने।
९. तहगत विद्यार्थी संख्या र पाठ्यक्रमको आवश्यकता अनुसार विषयगत शिक्षकको दरबन्दी थप गर्ने।
१०. स्थानीय तहसँग समन्वय गरेर अपुग शिक्षकको आवश्यकता पूरा गर्ने योजना बनाउने।
११. शिक्षकको नियुक्ति, स्थानान्तरण र पदोन्नतिमा राजनीतिक हस्तक्षेप रोक्ने।
१२. शिक्षकको मनोबल उच्च बनाउन प्रोत्साहन कार्यक्रम लागू गर्ने।
१३. शिक्षकहरूका लागि परामर्शदाता र सहकर्मी सिकाइको व्यवस्था गर्ने।
१४. पेशागत विकासका लागि सामूहिक छलफल, गोष्ठी र कार्यशाला सञ्चालन गर्ने।

१५.डिजिटल शिक्षण सामग्रीको प्रयोग र ई-लर्निङ प्रविधि अपनाउन तालिम दिने।
१६.अनलाइन कक्षा सञ्चालनका लागि आवश्यक सीप र ज्ञान प्रदान गर्ने।

### ४.२.४ रणनीतिहरु

१. शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु।
२. तालिम प्राप्त शिक्षकको अभाव समाधान गर्नु।
३. प्रशिक्षकहरूलाई नवीनतम शिक्षण विधि र प्रविधिमा अपडेट गर्ने कार्यक्रम सञ्चालन गर्ने।
४. पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचि अनुसार शिक्षकको आपूर्ति गर्नु।
५. शिक्षकहरूलाई बालबालिकाको मनोविज्ञान र बालमैत्री शिक्षण विधि सम्बन्धी तालिम दिने।
६. करारमा आधारित कार्यसम्पादन मुल्यांकन प्रणाली लागू गर्नु।
७. उत्कृष्ट कार्यसम्पादन भएका शिक्षकहरूलाई पुरस्कार र प्रोत्साहन दिने।
८. सहकर्मी सिकाइ (Peer Learning) लाई प्रोत्साहन गर्ने।
९. प्रयोगात्मक शिक्षण विधिहरूको प्रयोग र अनुभव आदानप्रदानका कार्यक्रम सञ्चालन गर्ने।
१०.कक्षाकोठालाई डिजिटल उपकरण र सिकाइ सामाग्रीले सुसज्जित गर्ने।
११.विद्यालयहरूमा तहगत रुपमा न्यूनतम विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु:
१२.अपुग शिक्षकको आपूर्ति गाउँपालिकाले आफ्नै लगानीबाट गर्ने गरी स्रोतको व्यवस्थापन गर्नु .
१३.शिक्षकको नियुक्ति, स्थानान्तरण र पदोन्नतिमा राजनीतिक हस्तक्षेपलाई निरुत्साहित गर्ने।
१४.तलब, पदोन्नति र अन्य प्रोत्साहनको व्यवस्थापन।
१५.शिक्षक सक्षमता पारुप अनुसारको शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
१६.शिक्षकलाई आधुनिक प्रविधिसँग जोडि प्रविधिको माध्यमबाट शिक्षकहरूको ज्ञान र सीप अद्यावधिक गर्ने प्रणाली लागू गर्ने।

### ४.२.५ प्रमुख उपलव्धि र नतिजा

**क) उपलव्धि**

१. तहगत, कक्षागत तथा विषयगत रुपमा पेसा प्राति प्रतिवद्ध शिक्षकको व्यवस्थापन भएको हुने।
२. शिक्षक तालिम र सक्षमता प्रारुपको कार्यान्वयनबाट सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने।
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको प्राप्त भएको हुने।
४. आधुनिक प्रविधिलाई कक्षा शिक्षणमा कसरी प्रयोग बारे शिक्षकमा क्षमता अविवृद्धि हुने।
५. बिद्यार्थि र शिक्षक अनुपातमा सुधार हुने .

**क) नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | २५ | | | | | |
| २ | शिक्षक पेसागत सहयोग प्रणाली लागु | ० | २ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भएका विद्यालय | | | | | | |
| ३ | कार्यसम्पादन सम्झौता कार्यन्वयन गरेको बिधालय संख्या | ० | १०० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत |
| ४ | सामुदायिक बिद्यालयहरूमध्ये आधारभूततहमा (कक्षा ६-८ सम्म) अध्यापनको लागि Maths, Science and English बिषयको बिषयगत शिक्षक पूरा गर्ने बिद्यालयहरूको सङ्ख्या | ० | २ | २ | ४ | ४ | ५ |
| ५ | ICT सम्वन्धि तालिम लिएका शिक्षक | ० | २ | २ | २ | २ | ६ |
| ६ | मापदण्ड अनुसारको शिक्षक अनुपात पुगेको विद्यालय | २ | २ | २ | २ | २ | ६ |
| ७ | शिक्षकको कक्षामा उपस्थिति | ७५ | १०० | १०० | १०० | १०० | १०० |

### ४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गर्ने।

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ ८२ | २०८२ ८३ | २०८३ ८४ | २०८४ ८५ | २०८५ ८६ | जम्मा | |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | शिक्ष सहयता विज्ञको सूची तयार | वटा | ५ | १० | १० | १० | १० | ४५ | |
| ३ | शिक्षकहरुको क्षमता विकास कार्यक्रम( .टि .सी .आइ ) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | उत्कृष्ट विषयगत शिक्षकलाई पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | १ पटक वर्षमा |
| ६ | शिक्षकहरुको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | निरन्तर | - | - | - | - | - | - | |
| | शिक्षकहरुको कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | २५ | |

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ ८२ | २०८२ ८३ | २०८३ ८४ | २०८४ ८५ | २०८५ ८६ | जम्मा | |
| ७ | प्रधानाध्यापक र स्थानीय सरकार बीच कार्यसम्पादन करार सम्झौता | पटक | २५ | २५ | २५ | २५ | २५ | २५ | |
| ८ | घुम्ति शिक्षक। मोवाईल शिक्षक | शिक्षक | १ | २ | २ | १ | ० | ६ | अरु आवश्यकता अनुसार |

## ४.३ शौक्षिक समता र समावेशिकरण

### ४.३.१ परिचय

नेपालमा शिक्षालाई समावेशी र समतामूलक बनाउन विभिन्न नीतिगत प्रावधानहरू लागू गरिएका छन्। संविधानको प्रस्तावनाले समान शिक्षा सुनिश्चित गर्ने अठोट गरेको छ भने, राष्ट्रिय शिक्षा नीति–२०७६ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन–२०७५ ले अपाङ्गता भएका, आर्थिक रूपमा कमजोर तथा सिमान्तकृत समुदायका बालबालिकालाई छात्रवृत्ति तथा निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरेको छ। एकीकृत क्षमता र नीति–२०७१ कार्यान्वयनबाट बहुवञ्चित वर्गलाई थप - शैक्षिक अवसर उपलब्ध गराइएको छ। अशक्त, अपाङ्ग, अनाथ तथा फरक क्षमताका बालबालिकाका लागि आवासीय शिक्षा र विपन्न बालबालिकाका लागि आर्थिक सहयोग कार्यक्रम लागू गरिनेछ।

### ४.३.२ वर्तमान अवस्था

परोहा  नगरपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भरिपुर्ण पालिका हो। यहा राष्ट्रिय जनगणना २०७८ अनुसार, यस पालिकामा जातिको आधारमा विश्लेषण गर्दा मुस्लिम समुदाय सबैभन्दा ठूलो समुदाय रहेको देखिन्छ, जसमा पुरुष ४०.५ प्रतिशत र महिला ४३.८ प्रतिशत छन्  जुन सवै जनसंख्याको कुल ४२.२ प्रतिशत। दोस्रो ठूलो समूह कुर्मी समुदाय हो, जसको जनसंख्या पुरुषमा १५ प्रतिशत र महिलामा १३ प्रतिशत छ, कुलको १४ प्रतिशत। यादव समुदायको जनसंख्या ६ प्रतिशत छ, जुन पुरुष र महिला दुवैमा समान रूपमा बाँडिएको छ। तेली समुदायको सहभागिता ४.६ प्रतिशत रहेको छ, जसमा पुरुष ४.८ प्रतिशत र महिला ४.४ प्रतिशत छन्। नुनिया समुदायको जनसंख्या पुरुष ४.१ प्रतिशत र महिला ३.६ प्रतिशत सहित कुल ३.९ प्रतिशत छ। चमर/हरिजन/राम र कलवार समुदाय दुवैमा समान रूपमा ३ प्रतिशत पुरुष र महिला छन्, जसले गर्दा कुल प्रतिशत २.९ प्रतिशत पुगेको छ। कुम्हार समुदायमा पुरुष २.४ प्रतिशत र महिला २.३ प्रतिशत छन्, कुल २.४ प्रतिशत। दुसाध/पासावन/पसी समुदायमा पनि पुरुष २.४ प्रतिशत र महिला २.३ प्रतिशत छन्, कुल २.३ प्रतिशत। कानु समुदायको जनसंख्या २ प्रतिशत पुरुष र २ प्रतिशत महिला छन्, कुल २.२ प्रतिशत। यस विवरणले मुस्लिम समुदायलाई सबैभन्दा ठूलो जातीय समूहको रूपमा प्रस्तुत गर्दछ, जबकि अन्य जातिहरू तुलनात्मक रूपमा सानो अनुपातमा रहेका छन्।

भाषिक रुपमा यस नगरपालिकामा बज्जिका बोल्ने मानिसको बाहुल्यता रहेको छ अर्थात ६३.६ प्रतिशत जनसंख्याले बोल्छन्। यो प्रतिशतले देखाउँछ कि बज्जिका प्रमुख रूपमा प्रयोग हुने भाषा हो। दोस्रो ठूलो भाषिक समूह उर्दू भाषी समुदाय हो, जसको प्रतिशत ३३.१ प्रतिशत रहेको छ। यो बज्जिकापछि सबैभन्दा धेरै प्रयोग गरिने भाषा हो। भोजपुरी भाषा २७. प्रतिशत जनसंख्याले बोल्ने देखिन्छ, जुन तुलनात्मक रूपमा कम छ। नेपाली र हिन्दी भाषी जनसंख्या न्यून रहेको देखिन्छ, नेपाली ०४.

प्रतिशत र हिन्दी ०२. प्रतिशत मात्र रहेको छ। यस तथ्यांकले देखाउँछ कि बज्जिका र उर्दू प्रमुख रूपमा प्रयोग गरिन्छन् भने अन्य भाषाहरूको प्रयोग सीमित छ

**तालिका न. अपाङ्ग बिद्यार्थी विवरण**

| सूचक | प्रतिशत |
|---|---|
| बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | ० |
| आधारभूततह (कक्षा १-८) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ०.४ |
| माध्यमिकतह (कक्षा ९-१२) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि बिशेष बिद्यालयहरुको सङ्ख्या | १ |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि समाहित शिक्षा सहितको सामुदायिक बिद्यालयहरुको सङ्ख्या | ० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूको प्रारम्भिक परिक्षण र पहिचान (Early Screening) कार्य सम्पन्न गर्ने सामुदायिक बिद्यालयहरुको सङ्ख्या | १ |

यस पालिकामा २५ विद्यालयहरु मध्ये धेरैमा अपांग मैत्री शौचालय रहेता पनि त्यसको सहि व्यवस्थापन हुन सकेका छैन। भने अपागंता मैत्री कक्षाकोठा र शौक्षिक सामाग्रीहरुको कमि रहेको देखिन्छ।यस नगर भित्रका बिद्यार्थीहरुको अपाङ्गता पहिचानका लागि बिद्यार्थीहरूको प्रारम्भिक परिक्षण र पहिचान कार्य गरिएको देख्दैन। तर यस नगरपालिले अपाङ्ग बिद्यार्थीहरुको शिक्षाको निरन्तर्ताका लागि १ छाया अपाङ्गता अवासिय बिद्यालय संचालन गरेको छ। यस नगरपालिका मा दलित विद्यार्थीहरु र छात्रवृति पाउने विद्याथीहरुको अनुपात यस प्रकार रहेको छ।

**तालिका न. दलित बिद्यार्थीको भर्ना र छात्रावृती बिवरण**

| **सूचक** | **प्रतिशत** |
|---|---|
| आधारभूततह (कक्षा १-५) मा दलित बिद्यार्थीको प्रतिशत | ११.२ |
| आधारभूततह (कक्षा ६-८) मा दलित बिद्यार्थीको प्रतिशत | १०.९ |
| आधारभूततह (कक्षा १-८) मा दलित बिद्यार्थीको प्रतिशत | ११.१ |
| माध्यमिकतह (कक्षा ९-१०) मा दलित बिद्यार्थीको प्रतिशत | १३.५ |
| माध्यमिकतह (कक्षा ११-१२) मा दलित बिद्यार्थीको प्रतिशत | ६.७ |
| माध्यमिकतह (कक्षा ९-१२) मा दलित बिद्यार्थीको प्रतिशत | ११.२ |
| आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहमा बिपन्न छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीको छात्र/छात्रा प्रतिशत | २५ |
| आधारभूततह (कक्षा ९-१०) का बिद्यार्थीहरूमध्ये छात्रवृत्ति पाउनेको प्रतिशत | ९९ |

(स्रोतः शिक्षा शाखा, EMIS २०८१,)

उपर्युक्त तथ्यांक अनुसार आधारभूत र माध्यमिक तहमा दलित विद्यार्थीहरूको प्रतिनिधित्व फरक देखिन्छ। आधारभूत तह (कक्षा १-८) मा दलित विद्यार्थीको प्रतिशत ११.१ रहेको छ, जसमा कक्षा १-५ मा ११.२ प्रतिशत र कक्षा ६-८ मा १०.९ प्रतिशत छ। माध्यमिक तहमा जाँदा कक्षा ९-१० मा यो प्रतिशत बढेर १३.५ प्रतिशत भए पनि कक्षा ११-१२ मा उल्लेखनीय रूपमा घटेर ६.७ प्रतिशत मात्र रहेको छ। समग्र माध्यमिक तह (कक्षा ९-१२) मा दलित विद्यार्थीहरूको प्रतिशत ११.२ प्रतिशत छ, जुन आधारभूत तहको प्रतिशत (११.१ प्रतिशत) सँग मिल्दोजुल्दो देखिन्छ। बिपन्न छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको हकमा

आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहमा छात्र-छात्राको संयुक्त प्रतिशत २५ प्रतिशत रहेको छ। विशेषगरी, कक्षा ९-१० का विद्यार्थीहरूमध्ये ९९ प्रतिशत ले छात्रवृत्ति प्राप्त गरेको तथ्यले आर्थिक रूपमा कमजोर विद्यार्थीहरूका लागि छात्रवृत्ति प्रभावकारी भएको देखाउँछ। तथापि, कक्षा ११-१२ मा दलित विद्यार्थीको प्रतिशत कम हुनुले उच्च माध्यमिक तहमा दलित विद्यार्थीहरूको निरन्तरता चुनौतीपूर्ण रहेको संकेत गर्दछ। त्यसैले, कक्षा ११-१२ मा विद्यार्थीको संख्यात्मक गिरावटको कारण पहिचान गरी विशेष नीति तथा कार्यक्रम ल्याउन आवश्यक देखिन्छ।

बिद्यार्थीहरुको तहगत लैङ्गिक समता सूचकांक (GPI) विश्लेषण गर्ने हो भने यो तथ्यांकविभिन्न तहमा फरक देखिन्छ। पूर्वप्राथमिक तह (ECED) मा सहजै देखिने भर्ना दरको GPI ०.९० प्रतिशत र खुद भर्ना दरको GPI ०.९६ प्रतिशत रहेको छ, जसले केटाभन्दा केटीहरूको सहभागिता केही कम रहेको संकेत गर्छ। कक्षा १ मा लैङ्गिक असमानता अझ बढी देखिन्छ, जहाँ सहजै देखिने भर्ना दरमा GPI ०.८० प्रतिशत र खुद भर्ना दरमा GPI ०.७८ प्रतिशत रहेको छ। यी सूचकहरू अनुसार प्रारम्भिक तहमा केटीहरूको भर्ना दर केटाहरूको तुलनामा कम छ, जसले विद्यालय प्रवेशमा लैङ्गिक असमानताको समस्या देखाउँछ। तर, आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दरको GPI १.०६ प्रतिशत र खुद भर्ना दरको GPI १.०३ प्रतिशत रहेको छ, जसले महिला विद्यार्थीहरूको सहभागिता पुरुष विद्यार्थीहरूभन्दा थोरै बढी रहेको देखाउँछ। माध्यमिक तह (कक्षा ९-१२) मा समेत सहजै देखिने भर्ना दरको GPI १.१ प्रतिशत र खुद भर्ना दरको GPI १.०८ प्रतिशत रहेको छ, जसले माध्यमिक तहमा केटीहरूको सहभागिता केटाहरूभन्दा केही बढी रहेको सङ्केत गर्छ। यस तथ्यांकबाट प्रारम्भिक तहमा केटीहरूको भर्ना दर कम भए पनि माध्यमिक तहमा उनीहरूको संख्यात्मक वृद्धि देखिन्छ। त्यसैले, प्रारम्भिक तहमा केटीहरूको भर्ना बढाउने उपायहरू खोजिनु आवश्यक छ, ताकि सबै तहमा समतामूलक पहुँच सुनिश्चित गर्न सकियोस्।

**तालिका न. तहगत बिद्यार्थीहरुको लैङ्गिक समता सूचाक विवरण**

| सूचक | प्रतिशत |
|---|---|
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | ०.९० |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | ०.९६ |
| कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GIR) | ०.८० |
| कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | ०.७८ |
| आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.०६ |
| आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०३ |
| माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १.१ |
| माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) | १.०८ |

(स्रोतः शिक्षा शाखा, EMIS २०८१,)

अतःनगरपालिकाले सिकाइ वातावरण सुधार गर्न तथा कोभिड–१९ को समयमा भएको शैक्षिक क्षति कम गर्न वैकल्पिक कक्षाहरू सञ्चालन गरी निरन्तरता दिएको छ। छात्राहरूको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न विभिन्न छात्रवृत्ति कार्यक्रमहरू कार्यान्वयनमा छन्। साथै, निरक्षरता उन्मूलनका लागि साक्षरता कार्यक्रमलाई वार्षिक गतिविधिका रूपमा निरन्तर सञ्चालन गर्दै आएको छ। यद्यपि, समता र समावेशीकरण सिद्धान्तलाई आत्मसात् गरे पनि हालसम्म कक्षा १-८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक लागू गर्न सकिएको छैन। विद्यार्थी-शिक्षक अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नभएको कारण

नगरपालिकाले सामुदायिक विद्यालयहरूमा नगर शिक्षकको व्यवस्था गरेको छ। यस क्रममा महिलाहरूलाई प्राथमिकता दिइ नियुक्त गरिएको छ र उनीहरूको सुविधालाई ध्यानमा राखी विभिन्न विद्यालयहरूमा पदस्थापन गरिएको छ।

### ४.३.३ चुनौतीहरू

१. मदर्शा शिक्षालाई औपचारिक शिक्षाको मुलधारमा ल्याउन नसक्नु ।
२. लैगिक विभेद हिंसामा परेका वालवालिका तथा महिलालाई सामनता गर्ने तिर अग्रसर गराउनु नसक्नु ।
३. शिक्षक र बिद्यार्थीको अनुपात मिलाउन नसक्नु ।
४. पूरुष र महिला शिक्षको अनुपात मिलाउन नसक्नु ।
५. कोभिड–१९ का कारण भएको शैक्षिक क्षतिलाई पूर्ण रूपमा न्यूनीकरण गर्न कठिनाइ हुनु ।
६. समता र सामवेशि नितिलाई पूर्ण लागु गर्न नसक्नु ।
७. सवैको मनोभावना तथा उच्च राख्न तथा प्रतिस्पिर्धि जनशक्ति उत्पादन गन नसक्नु ।
८. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न नस्कनु ।
९. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्याउन नस्कनु ।
१०. विद्यालयमा विभेदरहित बालमैत्री बनाउन नस्कनु ।
११. अपागंता भएको बालबालिकाहरुलाई शिक्षाको मूल धारमा ल्याउनको लागि विशोष विद्यालय संख्यामा थप तथा अन्य आवशयक स्रोत कक्षा संचालन गर्न नस्कनु ।
१२. अपागंता मैत्री र विपन्न समुदायको विद्यार्थीहरुको लागि बिशेष प्रोत्साहन गर्न नस्कनु,
१३. सबै विद्यालय र बाल विकास केन्द्रमा पाठक्रम र शिक्षक निर्देशिका उपलब्धतालाई व्यवस्थित गर्न नसक्नु ।
१४. राष्ट्रिय पाठयक्रम प्रारुप बमोजिम शौक्षिक गतिविधिहरु तथा मूल्याङकन प्रणाली प्रभावकारी र व्यवस्थित हुन नसकेको ।
१५. प्रारम्भिक बालविकास  शिक्षा देखि आधारभूत तहमा आवश्यकता अनुसार  मातृभाषा र स्थानिय भाषा पाठ्यक्रम विकास गरि लागु गर्नु ।
१६. शिक्षण सिकाइको मुल्याङ्कन प्रभावकारी र व्यवस्थित बनाउनु ।
१७. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानियरुपमा सन्दर्भ सापेक्ष र प्रभावकारी बनाउनु ।
१८. विद्यालय बाहिर रहेका र शिक्षाको मुल धारमा आउन नसकेको सत प्रतिशत बालबालिकाहरुलाई विद्यालयमा ल्याउनु ।
१९. प्रत्येक विद्यालयमा लैगिंक सम्पर्क व्यक्ति तोक्न नसकेको,
२०. बिद्यालय शिक्षामा लैगिंक उत्तरदायि बजेटको व्यवस्थापन गर्न नसक्नु । ,

### ४.३.४ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका सिमान्तकृत समुदायको बालबालिकालाई शिक्षामा पहुँच पुर्याई गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्ने ।
२. सबै शौक्षिक संस्थाहरुमा शैक्षिक सुशासन कायम गर्ने ।
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र बालमैत्री बनाउने ।
४. लैगिंक समता सूचांक मिलाउन महिला शिक्षकको संख्या बृद्धिमा गर्ने ।
५. अनौपचारिक शिक्षा मार्फत बिद्यालय बाहिर ७.७ प्रतिशत रहेको बालबालिकाहरुलाई शिक्षामा मुल प्रवाहिकरण र दिगो निरन्तरता ।
६. कक्षा १-८ सम्मका लागि स्थानीय पाठ्यपुस्तक प्रभावकारी रूपमा लागू गर्ने नीति तयार गर्ने।

७. कोभिड–१९ को समयमा भएको शैक्षिक क्षति न्यून गर्न अतिरिक्त कक्षा तथा वैकल्पिक शिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने।
८. समावेशी शिक्षालाई प्रवर्द्धनका लागि शिक्षामा समता समावेशि निति र बालिका तथा समावेशी शिक्षा संजालको निति अनुरुप कार्यक्रमहरू लागू गर्ने।

### ४.३.५ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका ७.७ प्रतिशत बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि अनौपचारिक तथा बैकल्पिक सिकाई माध्यबाट शिक्षाको मुल धारमा ल्याउने ।
२. डिजिटल शिक्षालाई प्रवर्द्धन गर्दै अनलाइन तथा प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम लागू गर्ने।
३. विद्यालयहरूमा लैङ्गिक, अपागंता र बालमैत्री भौतिक लगायत अन्य पूर्वाधारहरुको व्यवस्था गरी सिकाइ अनुकुल वातावरणको विकास गर्ने।
४. आवश्यकता अनुसारको आवासीय विद्यालयको व्यवस्था गर्न र पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गर्ने ।
५. आधारभूत तहमा स्थानियपाठयक्रम मार्फत मातृभाषामा सिकाइको अवसर प्रदान गर्ने।
६. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने ।
७. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
८. महिला शिक्षकलाई अनुकूल विद्यालयमा पदस्थापन गर्दै उनीहरूका लागि प्रशिक्षण र सुविधासहितको वातावरण सिर्जना गर्ने।
९. अपागंता भएको बालबालिकाहरुको लागि स्रोत कक्षा र पर्याप्त मात्रामा स्रोत सामाग्रीको व्यवस्था गर्ने।
१०. अपागता भएको बालबालिकाहरुलाई शिक्षा प्रदान गर्नको लागि शिक्षकलाई दोभाषे तालिम प्रदान गर्ने।
११. संघिय सरकार, प्रदेश सरकारले व्यवस्था गरेको छात्रवृतिको अलवा स्थानियसरकारले आफ्नो अवस्था । आवश्यकताको आधारमा छात्रबृतिको निचिश्त आधार सृजना गर्ने र निरन्तरता दिने।
१२. सिकाई क्रियाकलापलाई सहभागीतामुलक तथा उपलब्धि मुलक बनाइ विद्यार्थीको आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको दुर व्यवहार, बहिष्करण, हेपाई नहुने सुनिचिता सहित वाल मैत्रि विद्यालय सृजना गर्ने ।
१३. पाठयक्रममा स्थानियभाषा, साँस्कृति, भुगोल, वातावरण वृहत यौनिक शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी विषय बस्तु समावेश गर्ने।

### ४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. कोभिड–१९ पछि उत्पन्न शैक्षिक क्षति न्यून भई विद्यार्थीहरूको सिकाइ प्रभावकारी रूपमा पुनःस्थापित हुन।
२. विपद्को वेला पनि बालबालिकाहरुको सिकाइ निरन्तरता सुनिचित भएको हुनेछ।
३. कक्षा १ देखिसम्मका विद्यार्थीहरूले आफ्न ८ समुदाय अनुकूल पाठ्यपुस्तक अध्ययन गर्न पाउने, जसले सिकाइको प्रभावकारिता बढ्ने।
४. महिला शिक्षकको संख्यात्मक वृद्धि भई शिक्षण पेशामा लैङ्गिक समता कायम हुने तथा शिक्षिकाहरूलाई अनुकूल वातावरण प्राप्त हुने।
५. सबै विद्यालयमा प्रविधि (वाल मैत्री अपागं मैत्री) मैत्री वातावरण सृजना भएको हुनेछ,

६. विद्यालय बाहिर रहेका बालबालिकाहरु सत प्रतिशत विद्यालयमा आएका हुनेछन् साथै कक्षा दोहरिने, कक्षा छाडने दर शुन्य प्रतिशतमा भएको हुनेछ ।
७. सबै विद्यालयहरुमा लैगिंक सम्र्पक शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
८. निरक्षर व्यक्तिहरूको संख्यामा कमी आई साक्षरता दर उल्लेखनीय रूपमा बढ्ने।

**ख) नतिजा**

| क्र. स | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अपांगता भएको बालबालिका Early Screening लाई विद्यालयमा निरन्तरता दिने | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय |
| २ | दलित, विपन्न र सिमान्तकृत बालबालिकामा छात्रावृति प्रदान गरी विद्यालयमा निरन्तरता गराउने | २५ प्रतिशत | ४० प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत |
| ३ | विद्यालयमा अपागंता मैत्री शौचालय निर्माण | २ विद्यालय | २ विद्यालय | २ विद्यालय | २ विद्यालय | १ विद्यालय | १ विद्यालय |
| ४ | विशोष स्रोत विद्यालय सम्बन्धन र संचालन | १ विद्यालय | ० विद्यालय | १ विद्यालय | ० विद्यालय | १ विद्यालय | ० विद्यालय |
| ५ | लैगिंक सम्र्पक शिक्षक तोक्ने र निरन्तरता दिने | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय | २५ विद्यालय |
| 6 | बालमैत्री घोषणा भएको बिद्यालय संख्या | १ | २ | २ | २ | २ | १ |
| 7 | विद्यालय बाहिर रहेका बालबालिका हरुलाई विधालय मा भर्ना | ७.७ प्रतिशत | ५ प्रतिशत | २ प्रतिशत | १ प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |
| 8 | आधारभूत तहमा लैङ्गिक समता सूचक सन्तुलन गर्न किशोरी शिक्षा मार्फत शिक्षाको मुल प्रवाहमा ल्याउने र टिकाउने | ०.८ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत |
| ९ | माध्यमिक तहमा लैङ्गिक समता सूचक शिक्षा मार्फत शिक्षाको मुल प्रवाहमा ल्याउने र टिकाउने | १.१ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत | १ प्रतिशत |

## ४.३.७ प्रमुख क्रियाकलाप

| क्र.सं. | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | लैगिंक सम्र्पक शिक्षक तोक्ने | पटक | २५ | ० | ० | ० | ० | २५ | २५ | बिद्यालय |
| २ | लैङ्गिक सम्पर्क शिक्षक विभिन्न तालिम | आवश्यकता | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानिय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मार्पत क्षमता विकास | अनुसार | | | | | | | | |
| ३ | मनोसामाजिक परामर्श | निरन्तर २४ विद्यालयमा पटक | १ | १ | १ | १ | १ | ५ | ५ | स्थानिय तह |
| ४ | लैगिङक रुपान्तरणका लागि कार्यशाला | पटक | ० | १ | १ | १ | १ | ५ | ५ | बिद्यालय/ स्थानिय तह |
| ५ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | बिद्यालय/ स्थानिय तह |
| ६ | समता र समाबेशी शिक्षा सम्वन्धि सरोकारवालाहरुलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | बिद्यालय/ स्थानिय तह |
| ७ | ReAL योजना प्रभावकारी संचालन | पटक | १ | | १ | १ | १ | ५ | ५ | बिद्यालय/ स्थानिय तह |
| ८ | विशोष/स्रोत कक्षाको संचालन | सख्या | १ | ० | ० | ० | १ | १ | २ | संघ/प्रदेश/स्थानिय तह |
| 9 | विद्यालयमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री शौचालय निर्माण | विद्यालय संख्या | ० | ४ | २ | ३ | ३ | १२ | १२ | संघ/प्रदेश/स्थानिय तह |
| 10 | विभिन्न सँघ सँस्थाहरु र सामुदायिक सिकाई केन्द्रसँग समन्वय गरी विद्यालय बाहिर रहेका बालिका तथा निरक्षरहरुलाई समेटि औनोपचारीक शिक्षा संचालन | वडागत केन्द्र | ० | ९ | ९ | ९ | ० | ९ | ९ | स्थानिय तह |

## ४.४ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा प्राथमिक तहका विद्यार्थीलाई लक्षित गरी सन् १९७४ देखि खाद्यान्न अनुदानमा आधारित विश्व खाजा कार्यक्रमअन्तर्गत दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। आर्थिक वर्ष २०७७मा सामुदायिक विद्यालयका ७८ सम्मका ५पूर्वप्राथमिकदेखि कक्षा सबै विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गरिएको छ। नेपाल सरकारले पछिल्ला केही वर्षहरूमा दिवा खाजा कार्यक्रममा लगानी निरन्तर विस्तार गर्दै आएको छ, जसअन्तर्गत आर्थिक वर्ष २०७७-७८ मा यो लगानी अर्ब रुपैयाँ पुगेको छ ८करिब । अन्य योजना तथा अन्य प्रमुख शैक्षि क रणनीतिक दस्तावेजहरूमा पनि दिवा खाजालाई उच्च प्राथमिकता दिइएको छ। विद्यालय क्षेत्र विकास योजनाअन्तर्गत दिवा खाजा कार्यक्रमले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण सुधार गर्न महत्वपूर्ण भूमिका खेलेको छ। साथै, यसले विद्यार्थीहरूलाई विद्यालयमा निरन्तर टिकाइ राख्न र उनीहरूको शैक्षिक उपलब्धि बढाउन सकारात्मक प्रभाव पारेको छ। त्यसतै नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुले विद्यालमा दिवा खाजा, निःशुल्क सेनिटरी प्यड, नियमित स्वास्थ्य जाँच, वेलावेलामा विभिन्न खोपहरुको व्यवस्था तथा सरसफाई सम्वन्धी कार्यक्रम संचालन गर्दै आएको सन्दर्भमा यस परोहा नगरपालिकाले पनि विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गत रहेका विषयवस्तुलाई यो शिक्षा योजनाको यस खणडमा समावेश गरेको छ ।

### ४.४.२ वर्तमान अवस्था

स्थानिय तहको संरचना स्थापना भए पछि, यस पालिकाले प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्म विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गर्न थाल्यो। यस कार्यक्रमले बालविकास शिक्षा क्षेत्रमा बालबालिकाको कक्षामा निरन्तरता उल्लेखनीय रूपमा बढाएको छ। आर्थिक वर्ष २०७७देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम लागू गरेपछि यस ०७८/ पालिकाका २५ वटा विद्यालयहरुको कक्षा ०हरूलाई यसका फाइदाहरू मिलेका छन्। पालिकाले विद्यालय का विद्यार्थी ५- दिवा खाजामा जङ्क फुडको प्रयोग पूर्ण रूपमा निषेध गर्दै राम्रो प्रकारले यसको व्यवस्थापन गरेको छ। ECED देखि कक्षा ५ सम्मका विद्यार्थीहरूमध्ये ९० प्रतिशत विद्यार्थीहरूले निशुल्क दिवा खाजा प्राप्त गरेका छन् ता पनि यसलाई वास्तविकाता तंथ्याङ्कमा अधारित बनाउन सकेको छैन र यसमा सुधार हुन जरुरि छ। अर्को तर्फ यो दिवा खाजाको रकम अप्रयाप्त रहेको छ। भने यसको व्यवस्थापनका लगि विद्यालयहरुलाई परिचरको भर्ना गर्नु पर्ने वाध्यता रहेको छ तर त्यसको पराश्रमिक दिने रकम विद्यालयहरुसँग रहेको छैन। त्यसतै छात्राहरुलाई दिने प्रयोग गरिएको सेनिटरी प्याडको व्यवस्थापनका लागि शौचालय नै छैन न ईन्सुलेटर वा डिस्पोजल मेसिन नै छ। न त महिनावारी स्वच्छता सम्वन्धि शिक्षा तथा परामर्शको व्यवस्था गर्न सकिएको छ। यसरी, यो क्षेत्र सुधारको लागि थप ध्यान र स्रोतको आवश्यकता देखिन्छ।

### ४.४.३ चुनौतिहरु

१. दिवा खाजा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरू (विद्यालय प्रशासन, शिक्षक, अभिभावक, स्थानीय तह, तथा अन्य सम्बन्धित निकाय) को भूमिका र जिम्मेवारी स्पष्ट परिभाषित गर्दै उनीहरूको सक्रिय सहभागिता सुनिश्चित गर्नु।
२. बालबालिकाको खाद्य तथा पोषणलाई कानुनी अधिकारका रूपमा स्थापित गर्दै नीतिगत सुधार ल्याउनु र यसको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्यांकन प्रणाली विकास गर्नु।
३. सबै विद्यालयमा विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था लागू गर्दै, विद्यालय-स्वास्थ्य समन्वय प्रणालीलाई सुदृढ पार्नु।
४. दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनहरूमार्फत कार्यान्वयन गरी पौष्टिक, सन्तुलित, र सुरक्षित भोजन सुनिश्चित गर्नु तथा निर्धारित गुणस्तर मापदण्डको पालना गर्नु।
५. छात्राहरूको लागि स्यानिटरी प्याडको भरपर्दो वितरण प्रणाली तयार गर्दै, यसको उचित व्यवस्थापन, सुरक्षित Disposal, र लैंगिकमैत्री पूर्वाधारको विकास गर्नु।
६. सबै विद्यालयमा स्वच्छ खानेपानी, सफा तथा सुरक्षित शौचालय, र सरसफाइ व्यवस्थापनमा सुधार ल्याउनु।
७. दिवा खाजा कार्यक्रमको दिगो व्यवस्थापनका लागि आवश्यक जनशक्तिको उचित व्यवस्था गर्दै तालीम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्नु।

### ४.४.४ उद्देश्य

१. २५ वटा सामुदायिक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. सवै वालवलिकाहरुमा पोषणयुक्त र स्वास्थ्य खाना खाने वानिको विकास गर्नु।
३. दिवा खाजा कार्यक्रमलाई नतिजामुल्क वनाउन व्यवस्थित गर्नु।
४. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
५. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.५ रणनीतिहरू

१. दिवा खाजालाई व्यवस्थापनका लागि विद्यालयमा आवशयक पर्ने भौतिक तथा मानवीय साधनको उचित व्यवस्थापन गर्न ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा, ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने ।
३. सबै विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिने।
४. स्वास्थ्य उपचार तथा परामर्श जस्ता सेवाका लागि स्थानिय स्वास्थ्य चौकीसँग समन्वय तथा सहकार्यलाई नियमित र प्रभावकारी बनाउने ।
५. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि शौचालयलाई सेनिटरि प्याड डिस्पोज सहितको वनाउने ।
७. विद्यार्थीहरुको हरेक ३ महिना नियमित स्वास्थ्य जाँचको व्यवस्थापन मिलाउने ।
८. दिवा खाजा तथा स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्वन्धी कार्यक्रमलाई प्रभावकारी वनाउन प्रभावकारी अनुगमण तथा पुनरावलोकन गरि थप प्रभावकारी बनाउने ।

### ४.४.६ प्रमुख उपलब्धि तथा नतिजा,

**क) उपलब्धि:**

१. ECED देखि कक्षा ५ सम्मका बिद्यार्थीमध्ये निशुल्क दिवा खाजा प्राप्त गरेका बिद्यार्थी १०० प्रतिशत हुने ।
२. दिवा खाजाको प्रभावकारी व्यवस्थापनका लागि आवशयक भौतिक तथा मानविय व्यवस्था विद्यालयमा भएको हुने ।
३. विद्यालयमा अध्ययन गर्ने १०० प्रतिशत बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको हुने ।
४. विद्यालयमा अध्ययन गर्ने १०० प्रतिशत बालबालिका स्वच्छ पिउने पानी तथा सरसफाइ प्रति सचेत भएको हुने ।
५. किशोरीहरुले प्रयोग गर्ने सेनिटरी प्याड डिपोज गर्ने साधनको व्यवस्थापन प्रत्येक विद्यालयमा हुने ।

**ख) नतिजा**

१. आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकाले पनि शिक्षा पाउने।
२. सबै वर्ग र समुदायका लागि शिक्षा सुनिश्चित।
३. शिक्षण सिकाइ प्रक्रियामा सुधार, गुणस्तरीय शिक्षा प्रवर्द्धन।

| क्र.स | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय दिवा खाजा कार्यविधि अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन | ० | १ | १ | १ | १ | १ |
| २ | ४ वटा माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थ्यकर्मी परिचालन | ० | १ | १ | १ | १ | ० |
| ३ | २४ वटा सामुदिक विद्यालय हरुमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका | १ | ४ | ५ | ५ | ५ | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिने । | | | | | | |
| ४ | २४ ओटा सामुदिक विद्यालयमा स्थानिय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने। | ० | २४ विद्यालय | २४ विद्यालय | २४ विद्यालय | २४ विद्यालय | २४ विद्यालय |
| ५ | वार्षिक रुपमा विद्यार्थीहरुको स्वास्थ्य परिक्षण गर्ने विद्यालय संख्या | २४ विद्यालय | २४ विद्यालय | २४ विद्यालय | २४ विद्यालय | २४ विद्यालय | २४ विद्यालय |
| ६ | सेनिटरि प्याड डिस्पोजल मिसिन सहितको शौचालय भएको विद्यालय संख्या | ० | ५ विद्यालय | ५ विद्यालय | ५ विद्यालय | ५ विद्यालय | ४ विद्यालय |

## ४.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

तालिका ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **जम्मा** | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियकत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि अद्यावधिक र परिमार्जन | नपटक | | १ | | १ | | २ | ४ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थकर्मी | बिद्यालय | | १ | १ | १ | २ | ६ | १२ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | प्राथमिक उपचार बाकस | बिद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० | १२० | नगरपालिका |
| ४ | स्थानिय पाठ्यक्रममा किशोरी शिक्षा | बिद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० | | नगरपालिका विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी कार्यक्रम | बिद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० | | विद्यालय |
| ६ | स्थानिय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ | | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यार्थीहरुको स्वास्थ्य परिक्षण | पटक | २ | २ | २ | २ | २ | १० | | विद्यालय |
| ९ | महिनावारी स्वच्छता सम्वन्धी तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | १० | | |
| १० | २४ वटा विद्यालयमा सेनिटरी प्याडको डिपोजलको लागि मेसिन | पटक | ५ | ५ | ५ | ५ | ४ | २४ | | |

### ४.५ आपतकालिन तथा संकटकालिन अवस्थामा शिक्षा

#### ४.५.१ परिचय

आपतकालीन शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी, प्राकृतिक प्रकोप तथा अन्य संकटकालीन अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई सुनिश्चित गर्ने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई जनाउँछ। यसको मुख्य उद्देश्य संकटग्रस्त अवस्थामै पनि शिक्षालाई निरन्तरता दिनुका साथै बालबालिका, शिक्षक, परिवार र समुदायलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गर्नु हो। यस अवधारणाले आपतकालीन परिस्थितिमा बालबालिकालाई सुरक्षित राख्ने, शिक्षा क्षेत्रलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने तथा सामाजिक द्वन्द्व, हिंसा वा शोषणबाट टाढा राख्ने रणनीति समेट्छ। यसअन्तर्गत संभावित जोखिमको पूर्वतयारी, संकटको समयमा शीघ्र व्यवस्थापन, र आपतकालीन अवस्थापछि क्षतिको पुनःस्थापना गर्ने संरचना निर्माण गरिन्छ। बालबालिकाको शिक्षामा आपतकालीन अवस्थाले पुऱ्याउने असरलाई न्यूनीकरण गर्न शिक्षा अधिकारलाई प्राथमिकतामा राख्दै अन्तर्राष्ट्रिय कानुन, विश्वव्यापी घोषणाहरू, तथा क्षेत्रीय प्रतिबद्धताहरू अनुरूप नीतिगत सुधार आवश्यक छ। द्वन्द्व, २०७२ को विनाशकारी भूकम्प, विभिन्न प्राकृतिक प्रकोपहरू, कोभिड–१९ महामारी जस्ता घटनाहरूबाट पाठ सिक्दै, यस पालिकाले आगामी ५ वर्षका लागि शिक्षा क्षेत्रमा आपतकालीन तयारी तथा व्यवस्थापनलाई आफ्नो नीति तथा कार्यक्रमको प्राथमिकतामा राखी शिक्षा योजना निर्माण गरेको छ।

#### ४.५.२ विपद्को अवस्था

परोहा नगरपालिका पनि एक विपदको महामारी बाट पूर्ण रुपमा प्रभावित भएको क्षेत्र हो । कोभिड १९ को पहिलो चरणमा देखापरेको महामारीको कारण विद्यालयहरुका शैक्षिक गतिबिधिहरु  थप्प भई बालबालिकाहरुको सिकाइ कार्यकलाप प्रत्यक्षरुपमा प्रभावित हुन पुगेको थियो । यसै गरी यो पालिका बाढि, डुबान, शीतलहर, हिट स्ट्रक र हावाहुरी नामक प्राकृतिक प्रकोपको कारण बर्षौनी समस्यामा फस्ने गरेको पाइन्छ । यस पालिका मा  २५ ओटा बिधलायाहरु संचालनमा रहेको छ । त्यसमा २२५ वटा कक्षा कोठाहरु मात्र सुरक्षित मानिएको छ अरु पक्कि नभएकोले सुरक्षित त्यति मानिएको छैन । यस नगरपालिका को नजिकै लालबकैया नदि रहेको छ  वाढिको मौसममा बढीले  यस नगरपालिकामा रहेका केहि विद्यालहरुको कक्षाकोठामा पानी पसेर शिक्षण सिकाइ प्रक्रिया प्रभावित हुने गरेको छ ।

#### ४.५.३ चुनौतिहरु

१. परोहा नगरपालिकामा हावाहुरीले विद्यालयको संरचनामा क्षति पुर्याउन सक्छ र विद्यार्थीहरूको सुरक्षामा खतरा ल्याएको ।
२. बाढीको समयमा विद्यार्थीहरू विद्यालय आउन सक्दैनन्, जसले उनीहरूको शिक्षा प्रभावित हुन्छ र सो अवधिमा बैकल्पिक कक्ष संचालन को माध्यमको व्यवस्था गर्न नसक्नु ।
३. परोहा नगरपालिकामा अत्यधिक गर्मीले विद्यार्थीहरूको हिट स्ट्रकको जोखिमले विद्यार्थीहरूको उपस्थिति र सिकाइ प्रक्रियामा अवरोध ल्याउनु ।
४. शीतलहरले विद्यार्थीहरूको स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ, विशेष गरी बालबालिकाहरूमा। यसले उनीहरूको विद्यालयमा उपस्थिति र सिकाइ प्रक्रियामा अवरोध ल्याउँछ सो अनुसारको अध्यन अध्यापन बाताबरण सिर्जना गर्न नसक्नु।
५. विद्यालयहरूले शीतलहरको समयमा तापक्रम व्यवस्थापनका लागि विशेष उपायहरू अपनाउन आवश्यक छ, जस्तै: न्यानो कपडाको व्यवस्था, हीटरको प्रयोग आदि सोको व्यबस्था  गर्न नसक्नु ।
६. गर्मीको समयमा विद्यालयहरूले प्रशस्त पानीको व्यवस्था, कक्षाकोठामा पंखा वा एसीको प्रयोग आदि गर्न आवश्यक छ तर सबै सामुदायिक बिधालय मा व्यवस्था गर्न नसक्नु ।

७. आपतकालीन समयमा जस्तै कोभिड, हैजा, महामारी अदि विद्यालयहरूले स्वास्थ्य मापदण्डहरू पालना गर्न आवश्यक छ, जस्तै: मास्कको प्रयोग, सामाजिक दूरी, नियमित स्यानिटाइजेशन आदि जसको बेवस्ता गर्न नसकनु।

### ४.५.४ उद्देश्यहरू

१. सुरक्षित र भयरहित वतावरणमा विद्यार्थीहरुको शैक्षिक निरन्तरता सुनिशिचित गर्ने।
२. बाढीको पूर्वानुमान र चेतावनी प्रणालीको स्थापना।
३. विद्यालयहरूको भौतिक संरचना सुरक्षित राख्न मापदण्ड अनुसारको बाढी प्रतिरोधी निर्माण सामग्रीको प्रयोग।
४. बाढीको समयमा वैकल्पिक कक्षा सञ्चालका लागि अनलाइन शिक्षा प्रणालीको विकास।
५. शीतलहरको समयमा विद्यालयको समय तालिका समायोजन गर्ने मिलाउने।
६. विद्यार्थीहरूको स्वास्थ्य सुरक्षाका लागि न्यानो कपडाको व्यवस्था।
७. कक्षाकोठामा हीटरको प्रयोग र तापक्रम व्यवस्थापनका लागि विशेष उपायहरू व्यवस्था गर्ने।
८. गर्मीको समयमा प्रशस्त पानीको व्यवस्था कक्षाकोठामा पंखा बेवस्तापन र प्रयोग गर्ने।
९. विद्यार्थीहरूलाई गर्मीबाट बच्न आवश्यक सावधानी अपनाउन सचेतना कार्यक्रम संचालन गर्ने।
१०. विद्यालयको संरचना सुरक्षित राख्न हावाहुरी प्रतिरोधी निर्माण सामग्रीको प्रयोग गर्ने।
११. भूकम्प र आगलागी, हावाहुरीको समयमा आपतकालीन योजना तयार गर्नु, जसमा सुरक्षित स्थानमा विद्यार्थीहरूलाई लैजाने व्यवस्था गर्ने।
१२. कोभिड-१९, हैजा, महामारी जस्ता आपतकालीन समयमा स्वास्थ्य मापदण्डहरू पालना गर्न मास्कको प्रयोग, सामाजिक दूरी, र नियमित स्यानिटाइजेशनको व्यवस्था गर्ने।
१३. विद्यालयको संरचना सुरक्षित राख्न भूकम्प प्रतिरोधी निर्माण गर्ने।
१४. विद्यालयमा विपत बाट हुने सक्ने जोखिम मुल्याकंन गरि प्रतिकार्य योजना तथा पूर्वत्यारी गर्ने।
१५. हरेक विद्यालयमा विपद जोखिम न्युनिकरणका लागि सम्पर्क शिक्षक तोकने।
१६. हरित विद्यालयको अवधरणलाई लागु गर्ने।
१७. विद्यालय सुरक्षा मापदण्ड लागु गर्ने।

### ४.५.५ रणनीतिहरू

१. आपतकालिन शिक्षालाई व्यवस्थित र प्रभावकारी वनाउन शिक्षा समूह गठन र परिचालन।
२. आपतकालिन अवस्थामा वैकल्पिक कक्षा सञ्चालनको लागि अनलाइन शिक्षा प्रणालीको विकास गर्ने।
३. अनलाइन कक्षाहरू सञ्चालन गर्न उपयुक्त डिजिटल प्लेटफर्मको चयन र विकास गरिने।
४. शिक्षक र विद्यार्थीहरूलाई अनलाइन शिक्षण र सिकाइका लागि आवश्यक प्रशिक्षण प्रदान गरिने।
५. बाढीको पूर्वानुमान र चेतावनी प्रणालीको स्थापना गरिने।
६. विद्यालय स्तरीय विपद व्यवस्थापन र जोखिम न्युनिकरणका लागि पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरि लागु गरिने।
७. सचेतना कार्यक्रमहरु विद्यार्थीहरूलाई शीतलहरको समयमा न्यानो कपडा प्रयोग गर्न सचेतना कार्यक्रम सञ्चालन गरिने।
८. तापक्रम व्यवस्थापनका लागि विशेष उपायहरू अपनाउनुहोस्, जस्तै: कक्षाकोठाको उचित वेंटिलेशन बनाउने।
९. शीतलहरको समयमा विद्यालयको समय तालिका समायोजन गरिने।
१०. तापक्रम व्यवस्थापन गर्ने प्रशस्त पानीको व्यवस्था र पंखा प्रयोग र सामग्री व्यवस्थापन गरिने।

११. बिज्ञहरुको सलाहमा आपतकालीन योजना: भूकम्प, आगलागी, र हावाहुरीको समयमा आपतकालीन योजना तयार गरिने जसमा सुरक्षित स्थानमा विद्यार्थीहरूलाई लैजाने व्यवस्था समावेश गरिने।

१२. स्वास्थ्य मापदण्ड कोभिड-१९, हैजा, महामारी जस्ता आपतकालीन समयमा स्वास्थ्य मापदण्डहरू पालना गर्न मास्कको प्रयोग, सामाजिक दूरी र नियमित स्यानिटाइजेशनको व्यवस्था गरिने।

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

१. २४ वटै विद्यालयमा जोखिम प्रतिकार्य सम्वन्धि योजना वनाइ लागु भएको हुने छ।
२. बाढी प्रतिरोधी संरचना निर्माण, जसले विद्यालयको भौतिक संरचनालाई सुरक्षित हुनेछ।
३. स्थानियरूपमा उपलब्ध बाढी प्रतिरोधी सामग्रीहरूको उपयोगले लागत कम हुन्छ र स्थानियअर्थतन्त्रलाई बलियो बनाउने छ।
४. वैकल्पिक कक्षा सञ्चालनका लागि अनलाइन शिक्षा प्रणालीको विकास हुनेछ।
५. बाढीको समयमा पनि विद्यार्थीहरूको शिक्षा निरन्तरता हुनेछ।
६. अनलाइन शिक्षण र सिकाइमा दक्षता वृद्धि, जसले शिक्षण प्रक्रियालाई प्रभावकारी बनाउँछ।
७. बाढीको पूर्वानुमान र चेतावनी प्रणालीले समयमै सावधानी अपनाउन मद्दत गरिने छ,
८. विद्यार्थीहरूलाई शीतलहरको समयमा न्यानो कपडा प्रयोग गर्न सचेतना वृद्धि हुने छ,
९. जाडो र गर्मी समयमा कक्षाकोठाको तापक्रम व्यवस्थापन, जसले विद्यार्थीहरूको स्वास्थ्यमा सुधार ल्याउँछ

### ४.५.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियकत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | स्थानियरूपमा उपलब्ध बाढी प्रतिरोधी सामग्रीहरूको निर्माण कार्यमा र उपयोग सम्बन्धि तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| २ | अनलाइन कक्षाहरू सञ्चालन गर्न उपयुक्त डिजिटल प्लेटफर्मको चयन र विकास गर्ने, | आवश्यकता अनुसार | | | | | | | | |
| ३ | मौसम विभाग र स्थानिय प्रशासनसँग सहकार्य गरी पूर्वानुमान र चेतावनी प्रणाली स्थापना गर्ने र सहकार्य गर्ने | पटक | | | | १ | | १ | १ | स्थानिय तह |
| ४ | स्थानियसमुदाय र गैर-सरकारी संस्थाहरूको सहयोगमा न्यानो कपडाको व्यवस्था र वितरण गर्ने | आवश्यकता अनुसार | | | | | | | | स्थानिय तह/बिधयल |
| ५ | विद्यार्थीहरूलाई शीतलहरको समयमा न्यानो कपडा प्रयोग गर्न सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह/बिधयल |
| ६ | सिकाई अपुरणका लागि सिकाई योजना ReAL कक्षाको लागु | विद्यालय संख्या | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | स्थानिय तह/बिधयल |
| ७ | विपद जोखिम न्युनिकरणका लागि पूर्व त्यारी तथा प्रतिकार्य योजना निर्माण गरि लागु | विद्यालय संख्या | २ | ४ | ६ | ६ | ६ | २५ | २५ | स्थानिय तह/बिधयल |
| ८ | हरेक विद्यालयमा प्राथमिक उपचार सम्वन्धि | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | समाग्रिहहरु र तालिम | | | | | | | | | |
| ९ | विद्यार्थीहरुलाई समय समयमा सिमुलेस्न अभ्यास | निरन्तर | | | | | | | | |
| १०. | शिक्षा समूह को गठन र परिचालन | निरन्तर | | | | | | | | |

## ४.६ बिद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार, विद्यालयका भौतिक पूर्वाधार सम्बन्धी मापदण्ड निर्धारण गरिएको छ। प्रारम्भिक बाल विकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तथा माध्यमिक तहका विद्यार्थीहरूका लागि १.०० वर्ग मिटर क्षेत्रफलको व्यवस्था गरिनुपर्ने उल्लेख छ। बालबालिकालाई विद्यालयमा भर्ना गराउनु मात्र पर्याप्त छैन, उनीहरूको सिकाइ प्रभावकारी बनाउनका लागि सुरक्षित विद्यालय वातावरण अपरिहार्य छ। विद्यालय भवन, कक्षा कोठा, खेल मैदान, शौचालय, सरसफाइ, र सुरक्षित खानेपानी जस्ता पूर्वाधार आवश्यक छन्। राष्ट्रिय शिक्षा नीति २०७६ तथा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८० अनुसार, विद्यालयहरूमा गुणस्तरीय भौतिक संरचना जस्तै कक्षा कोठा, फर्निचर, प्रयोगशाला, पुस्तकालय, बुक कर्नर, शौचालय, र खानेपानीको व्यवस्था गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ। साथै, विद्यालय भवन तथा अन्य भौतिक संरचनाहरूलाई विपद् जोखिम मुक्त बनाउँदै, विद्यालयलाई सुरक्षित, बालमैत्री, र हरित विद्यालयको रूपमा विकास गर्ने लक्ष्य लिइएको छ सो कुरा लाई यस शिक्षा योजना यो खण्डमा राख्न प्रयास गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

परोहा नगरपालिकामा सञ्चालनमा रहेका विद्यालयहरूको विवरण अनुसार, २४ विद्यालयहरूमा सञ्चालनमा छन्। ती विद्यालयहरूमा २२५ वटा मात्र पक्की कक्षाकोठा रहेका छन्, जबकि अन्य कोठाहरू अस्थायी संरचनामा छन्। साथै, उपलब्ध भवनहरू अपाङ्गमैत्री छैनन्, जसले सबै विद्यार्थीका लागि सहज पहुँच सुनिश्चित गर्न सकेको छैन। त्यसतै भौतिक पूर्वाधारहरु अपाङ्ग र वालमैत्री हुन सकेका छैन। विद्यालयका प्रधानाध्यापकहरूका लागि छुट्टै कार्यकक्ष भए पनि ती सुविधासम्पन्न छैनन्। त्यस्तै, नगरपालिकाका विद्यालयहरूमा कम्प्युटर कोठा अभावकै अवस्थामा छन्। शौचालय सुविधा उपलब्ध भए पनि धेरै विद्यालयहरूमा स्वच्छ पानीको नियमित आपूर्ति देखिदैन, जसले सरसफाइ र स्वच्छता व्यवस्थापनमा चुनौती उत्पन्न गरेको छ। स्वच्छ पिउने पानीको सुविधा अपूर्ण छ भने खेलकुद कोठा, स्वास्थ्य कक्ष, र अन्य महत्वपूर्ण भौतिक पूर्वाधारहरूको अभाव स्पष्ट देखिन्छ। विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८० अनुसारको विद्यालयहरूमा विज्ञान प्रयोगशाला तथा अन्य ल्याब कोठाहरूको अभाव छ। विद्यार्थीहरूको पठनपाठनलाई सहज बनाउने पर्याप्त कक्षाकोठा छैनन् भने छात्राहरूका लागि अलग्गै शौचालयको व्यवस्था अझै सुनिश्चित हुन सकेको छैन। राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार, विद्यालयमा तहगत र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने शिक्षण-शिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खेलकुद कक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्षा, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कार्यकक्ष जस्ता पूर्वाधार निर्माणको आवश्यकता स्पष्ट गरिएको छ। तर, यी पूर्वाधारहरूको निर्माण तथा व्यवस्थापनको जिम्मेवारी संघ, प्रदेश, वा स्थानीय सरकारमध्ये कसले लिने भन्ने विषय अझै अन्यौलमै छ। त्यसैगरी, निजी विद्यालयहरूको अवस्थामा मापदण्डअनुसारको भौतिक पूर्वाधारको व्यवस्थापन अझै कमजोर देखिन्छ।

### ४.६.३ चुनौतीहरू

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानिय तहको न्यून भूमिका।
२. पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउनु।

३. सुरक्षित विद्यालय पूर्वाधार विकास र विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।
५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।
६. निर्माण कार्यलाई विवाद र उजुरी रहित बनाउनु ।

### ४.६.४ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी र जवाफदेहीताका आधारमा बालमैत्री, अपाङ्गता र लैङ्गिकमैत्री बनाउने।
३. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी राष्ट्रिय मापदणड २०८० अनुसारको भौतिक संरचनको विकास गर्ने ।
४. निशुल्क तथा अनिवार्य शिक्षाको निति वमोजिम विद्यालयमा अवासको व्यवस्थापन गर्ने ।

### ४.६.५ रणनीतिहरू

१. भौतिक पूर्वाधार निर्माण सम्बन्धी राष्ट्रिय मापदणड २०८० अनुसारको विकास गरिने छ ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था र सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।
३. पुरानो भौतिक पूर्वाधारहरुलाई सवलिकारण गरिने छ ।
४. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।
५. आंशिक रूपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिनेछ।
६. निशुल्क तथा अनिवार्य शिक्षाको निति वमोजिम विद्यालयमा अवासको व्यवस्थापन गरिनेछ ।

### ४.६.६ उपलब्धि, नतिजा

**उपलब्धि:**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**नतिजा:**

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास र विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ ।
३. पूर्वाधार विकासका लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।
४. पालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने। सबै विद्यालयको क्षेत्रभित्र घेरबार र प्रवेश गेट निर्माण भएको हुने ।

### ४.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार निर्माण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८० को लागु | निरन्तर | | | | | | | | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | | | नगरपालिका |
| ३ | अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | १ | २ | २ | २ | २ | ७ | | नगरपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार सवलिकरण | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत | आवश्यकता अनुसार | | | | | | | | नगरपालिका |

## ४.७ बिधालय सूचना तथा संचार प्रबिधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रविधिको प्रयोग आधुनिक शिक्षामा एक महत्वपूर्ण आवश्यकता बनेको छ। विशेष गरी कोभिड १९-महामारी जस्ता विषम परिस्थितिहरूले भौतिक रूपमा विद्यालय पुग्न नसक्ने अवस्थामा वैकल्पिक सिकाइ प्रणाली आवश्यक भएको देखाएको छ। नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७७/०२/।मा जारी गरेको वैकल्पिक १८ प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ अनुसार, संकटकालीन अवस्थामा पठनपाठनलाई निरन्तरता दिन रेडियो, टेलिभिजन, अनलाइन प्लेटफर्म, अफलाइन माध्यम, परियोजना पाठहरू, स्वअध्ययन, र खुला तथा दूरशिक्षालाई प्रवर्द्धन गर्नुपर्ने उल्लेख गरिएको छ। सूचना प्रविधिले विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने नयाँ अवसरहरू प्रदान गर्नुका साथै सिकाइलाई थप प्रभावकारी र पहुँचयुक्त बनाउने कार्य गर्दछ। राष्ट्रिय शिक्षा नीति, २०७६ को धारा ४८ मा ICT लाई शिक्षाको अभिन्न अंग बनाउने, विद्यालयहरूमा प्रविधिको पूर्वाधार विकास गर्ने, तथा शिक्षणशिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउने -नीति अवलम्बन गरिएको छ। सो बिषयवस्तुलाई मध्यनजर गरि विद्यालय सूचना तथा संचार प्रविधिको प्रभावकारी व्यवस्थापनका लागि यो योजनाहरु विशलेषण, चुनौती, उद्देशय, नतिजा , उपलव्धी र लक्ष्य जस्ता सन्दर्भलाई यस खणडमा समेटिएको छ।

### ४.७.२ वर्तमान अवस्था

सूचना प्रविधि भन्नाले ध्वनि, तस्बिर, अक्षर, र तथ्यांकलाई विद्युतीय यन्त्रहरू, कम्प्युटर, तथा दूरसञ्चार प्रविधिको माध्यमबाट भण्डारण, सम्पादन, सञ्चार, संकलन, र प्रवाह गर्ने प्रक्रियालाई बुझिन्छ। २१औं शताब्दी सूचना तथा प्रविधिको युग भएकोले आधुनिक शिक्षा प्रणालीलाई विश्वव्यापीकरण, प्रतिस्पर्धात्मकता, र नवीनतम प्रविधिहरूसँग सुसज्जित बनाउनु आवश्यक छ। विश्वका शक्तिशाली राष्ट्रहरू आफ्ना मानव संसाधनलाई प्रविधिसँग एकीकृत गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोगमार्फत शिक्षालाई गुणस्तरीय बनाउने प्रयासमा छन्। शिक्षामा प्रविधिको समावेशीकरणले डिजिटल विभाजनलाई कम गर्ने, सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउने, तथा शिक्षाको पहुँचलाई समावेशी र प्रभावकारी बनाउने लक्ष्य बोकेको हुन्छ। परोहा नगरपालिकाले यस कुरालाई आत्मसात गर्दै आफ्ना २५ वटा सामुदायिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको

विकास गर्ने लक्ष्य राखेको छ। हाल नगरपालिकाको १३ वटा सामुदायिक विद्यालयहरूमा ICT पूर्वाधार रहेको छ भने ९ वटा विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध रहेको छ। भने १८ विद्यालयमा विधुत पुगेको छ त्यसतै प्रविधिको प्रभावकारी प्रयोगका लागि विद्यालयहरूमा सूचना तथा प्रविधि संरचना विकास गर्ने, कनेक्टिभिटी विस्तार गर्ने, शिक्षक तथा विद्यार्थीहरूलाई तालिम प्रदान गर्ने, व्यवस्थापन तथा शिक्षण-शिकाइ प्रक्रियामा प्रविधिको उपयोग बढाउने आवश्यकता देखिन्छ। हाल परोहा नगरपालिकामा मल्टिमिडिया र स्मार्ट बोर्ड सहितका २ वटा विद्यालयहरू सञ्चालनमा छन्। नगरपालिकाका सबै विद्यालयमा विद्युत सुविधा उपलब्ध रहेको छ, तर विज्ञान प्रयोगशाला भने केवल १ विद्यालयमा मात्र छ। कम्प्युटर प्रयोगशाला भने ६.विद्यालयहरूमा स्थापना भइसकेका छन्। त्यसैगरी, सामुदायिक माध्यमिक विद्यालयहरूमा शिक्षण सिकाइलाई रमाइलो बनाउन स्मार्ट टिभी जडान १० विद्यालयमा जडान गरिएको छ, भने प्रशासनिक कार्यहरू सहज बनाउन प्रत्येक विद्यालयमा १/१ वटा डेस्कटप कम्प्युटर, प्रिन्टर, तथा युपिएस प्रदान गरिएको छ। सूचना प्रविधिको विकास र प्रवर्धन नगरी शिक्षालाई आधुनिक र प्रतिस्पर्धात्मक बनाउने लक्ष्य पूरा गर्न सकिन्न। त्यसैले, परोहा नगरपालिकाले सबै विद्यालयहरूमा प्रविधिसँग सम्बन्धित पूर्वाधार विस्तार, जनशक्ति विकास, तथा आवश्यक सामग्रीहरूको व्यवस्थापनका लगि परोह नगरपालिका सदैव तत्पर रहन्छ।

### ४.७.३ चुनैतीहरु

१. माध्यमिक वद्यालयहरूमा विज्ञान प्रयोगशाला मात्र व्यवस्थापन गर्न नसक्नु ।
२. आधारभूत बिद्यालयहरु मा डेस्कटप कम्प्युटर, प्रिन्टर र युपिएस वितरण गर्न न सकेको।
३. २५ वटै सामुदायिक विधालयहरु मा स्मार्ट बोर्ड को व्यबस्था गर्न नसकेको।
४. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गर्न न सकेको
५. विद्यालयमा छुटै कम्प्युटर प्रविधिक शिक्षकको व्यवस्थापन गर्न नसक्नु।

### ४.७.४ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधि हरेक विद्यालयमा पुर्याउनु।
२. कक्षाकोठालाई प्रविधि मैत्री वनाउनु।
३. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
४. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।

### ४.७.५ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
२. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
३. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
४. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
५. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।
६. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।
७. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
८. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
९. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
१०.विद्युत्तीय पुस्तकालयको व्यवस्थापन गरिने छ।

११.सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

### ४.७.६ नतिजा र उपलव्धि

**क) उपलब्धि**

१. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

२. कक्षा शिक्षण नविनतम प्रविधिको प्रयोगले प्रभावकारी रुपले सिकाई सहजिकरण भएको हुने ।

३. विद्यार्थीको विधुतिय पुस्ताकलयमा समान पहुच भई अध्ययन गर्ने वानिको विकास हुने ।

४. सजिलै संचार तथा अन्तरक्रियाहरु गर्ने सकिने ।

**ख) नतिजा**

१. प्रत्येक वडामा एक फ्रि वाई-फई चौतारी निर्माण गर्ने।

२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन सहित डिजिटल ल्याव स्थापना सञ्चालन हुने।

३. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।

४. स्थानियस्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन रुपले कक्षा सञ्चालन गर्न सकिने ।

५. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।

६. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।

७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने।

८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

### ४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | १ | २ | २ | २ | ५ | १२ | २४ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | संख्या | | १ | १ | १ | १ | ४ | ८ | प्रदेश र स्थानीय |
| ३ | ईन्टरनेट सेवा पुगेको विद्यालय | संख्या | २ | ४ | ६ | ६ | ६ | २४ | २४ | विद्यालय |
| ४ | ई-पुस्तकालय स्थापना तथा व्यवस्थापन | संख्या | | १ | १ | १ | १ | ४ | ८ | नगरपालिका |
| ५ | विद्यालयको प्रशासनिक व्यवस्थापनमा प्रविधिको प्रयोग गर्ने विद्यालय | संख्या | ० | २ | २ | २ | २ | ८ | १६ | नगरपालिका |
| ६ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | | | | | | | | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सवै विद्यालयको कम्तिमा १ जना शिक्षकलाई ICT तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षण सिकाईमा डिजिटल सामाग्रिको प्रयोग गर्ने विद्यालय | संख्या | २ | ४ | ६ | ६ | ६ | २४ | २४ | |
| ९ | विधुत पुगेको विद्यालय | संख्या | २ | २ | २ | २ | २ | ६ | | |

# परिच्छेद:पाँच
# सुशासन तथा व्यवस्थापन

## ५.परिचय

शिक्षा जस्तो आधारभूत सार्वजनिक सेवालाई सबल, चुस्त, सेवामुखी, र परिणाममुखी बनाउन सुशासन तथा प्रभावकारी व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। सुशासनले उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीबोध (जवाफदेहिता), विधिको शासन, समानता, समावेशिता, र व्यापक सहभागिता सुनिश्चित गर्दै शैक्षिक योजनाका उद्देश्यहरू हासिल गर्न मद्दत पुर्याउँछ। शिक्षा क्षेत्रमा सुशासनको प्रत्याभूति गर्नका लागि निर्णय प्रक्रिया सहभागितामूलक र सहमतिमै आधारित हुनुपर्छ। साथै, दृष्टिकोण स्पष्ट गरी योजनाबद्ध कार्यसम्पादन, उत्तरदायित्व वहन, कार्यकुशलता, प्रभावकारिता, पारदर्शिता, विधिको सर्वोच्चता, र विद्यार्थी सिकाइप्रति जवाफदेहीपन कायम गर्न आवश्यक संरचना तथा प्रक्रियाहरू व्यवस्थित गर्नुपर्छ। नेपालको संविधानले संघ, प्रदेश, र स्थानीय तह गरी तीन तहका सरकारबीच शिक्षाको शासकीय व्यवस्थापनको अधिकार प्रदान गरेको छ। विद्यालय शिक्षाको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत संरचनाको सुदृढीकरण, क्षमता अभिवृद्धि, योजना कार्यान्वयनका लागि आवश्यक व्यवस्थापन प्रणाली, तथा उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गर्न आवश्यक छ। शिक्षा क्षेत्रमा सुशासन सुनिश्चित गर्नका लागि सरकारका तीनै तह, विद्यालय, समुदाय, गैरसरकारी निकाय, तथा विकास साझेदारहरू बीचको सहकार्य अपरिहार्य हुन्छ। सबै पक्षले आ-आफ्नो भूमिकालाई प्रभावकारी रूपमा निर्वाह गर्न सके मात्र शिक्षा प्रणाली पारदर्शी, जवाफदेही, र परिणाममुखी बनाउन सकिन्छ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

परोहा नगरपालिकाले प्रचलित नीतिगत व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षा सेवा क्षेत्रलाई संगठित र व्यवस्थित बनाउने प्रयास गरिरहेको छ। शिक्षा, युवा तथा खेलकूद शाखाले नीति निर्माण, योजना विकास, अनुगमन, र मूल्याङ्कन कार्यमा विद्यालय, नगर शिक्षा समिति, तथा नगरपालिका प्रशासनसँग समन्वय गर्दै आइरहेको छ। यस नगरपालिकामा २५ वटा सामुदायिक विद्यालय र २ वटा संस्थागत निजी विद्यालय सञ्चालनमा रहेका छन्। शिक्षा क्षेत्रको विकासका लागि संस्थागत संरचना विस्तार र क्षमता अभिवृद्धि गर्न नगरपालिकाले प्रत्येक वर्ष विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। हालका विद्यालय व्यवस्थापन संरचनालाई हेर्दा २४ वटै सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति (SMC) गठन गरिए पनि कतिपय विद्यालयमा यी समितिहरू पूर्ण रूपमा सक्रिय हुन सकेका छैनन्। साथै, अभिभावक संघको औपचारिक गठन समेत भएको देखिँदैन। नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखाले विद्यालयहरूमा संस्थागत विकास सुदृढ गर्न विद्यालय व्यवस्थापन समितिहरूको प्रभावकारीता वृद्धि गर्न समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ। विद्यालय वातावरण सुधारका लागि हरेक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गरिएको छ, यद्यपि सामावेशी किशोरी शिक्षा सञ्जाल गठन भए पनि प्रभावकारी रूपमा परिचालित हुन सकेको छैन। त्यसैगरी, प्रत्येक विद्यालयमा गुनासो सुनुवाइ समिति गठन गर्ने व्यवस्था गरिएको छ, जसले विद्यार्थी, शिक्षक, र अभिभावकहरूका शिक्षा सम्बन्धी समस्याहरू समाधान गर्न सहयोग पुर्याउने लक्ष्य राखेको छ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु

परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ।

### ५.१.२ समस्याहरु र चुनौतिहरु

१. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनीतिकरणका कारण समस्याहरू उत्पन्न भएका छन्।
२. विद्यालय व्यवस्थापन समिति र अभिवावक सँघ लगायत अन्य सरोकारवलाहरुलाई जिम्मेवार र उतरदायी वनाउन।
३. शिक्षक पदपूर्ति, क्षमता विकास गर्न मा समस्या भएको
४. कक्षा १० तथा १२ को परीक्षा व्यवस्थापनमा संघ र प्रदेशसँग समन्वय गर्न चुनौतीहरू छन्।
५. शिक्षकको पेशागतरुपमा सहयोग पुर्याउन।
६. तिनै तहका विभिन्न निकायहरु विच समन्वय सहकार्य कमजोर हुनु।

### ५.१.३ उद्देश्यहरु

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनका लागि स्थानिय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने।
२. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।
३. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने।
४. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने।

### ५.१.४ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न भौतिक तथा सांगठनिक संरचनाको सुधार र तालिम प्राप्त जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिने।
२. शैक्षिक गतिविधिहरूको समन्वय र सहकार्यका लागि आवश्यक नीति, पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन तथा नियम निर्माण गरी कार्यान्वयन गर्ने।
३. शिक्षामा समता, समावेशिता, पारदर्शिता, जवाफदेहिता, कुशल नेतृत्व, र सूचना सम्प्रेषण प्रणालीको विकासलाई प्रवर्द्धन गर्ने।
४. दक्ष जनशक्ति व्यवस्थापन, पेशागत योग्यता तथा तालिमको व्यवस्था गर्दै भौतिक तथा सांगठनिक संरचनाको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने।
५. प्रधानाध्यापकलाई थप जिम्मेबार वनाउने।

### ५.१.५ उपलब्धि, नतिजा

**क) उपलब्धि:**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी हुने प्रणालीमा विकास भएको हुने।

**ख) प्रमुख नतिजाहरू:**

१. स्थानिय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने।

२. स्थानियसरकार, शिक्षाको शासकीय स्वरूप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने ।
३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने ।
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने ।
५. समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नगर शिक्षा ऐन नितिको कार्यान्वयन | ०१ | १ | १ | १ | १ | १ |
| १२ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | | ० | २ | २ | २ | ० |
| ३ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | २ | ० | ० | ० | ० |
| ४ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ५ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | २० | २५ | २५ | २५ | २५ | २५ |

स्रोतः शिक्षा शखा, EMIS टुलकिट २०८१

### ५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | ईकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २ | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | हरेक वर्ष |
| ३ | वार्षिक सार्वजनिक सुनावाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | हरेक वर्ष |
| ४ | नगरपालिकसँग प्रधानाध्यापकको र प्रधानाध्यापकसँग शिक्षको कार्य सम्पादन करार समझौता | संख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | |
| ५ | विद्यालय व्यवस्थापन सम्बन्धी कार्यशाला तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सबै विद्यालयहरुले मासिक रुपमा गरेको कार्य प्रगति समिक्षगोष्ठी कार्यशाला | संख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | |
| ७ | शिक्षासँग सरोकार राख्ने पदाधीकारी, शिक्षक, विद्याथीहरूको अचार संहिता निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | २ | |
| ८ | सबै विद्यालयहरुमा सरोकारवलाहरुको समूह गठन गरी विद्यालयको निगरानी प्रणालीको विकास | संख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | |
| ९ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | संख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | प्रत्येक विद्यालयमा गुणासो सुनवाई सयन्त्रको कार्यन्वयन | संख्या | १२ | १२ | १२ | १२ | १२ | १२० | २४० | |

स्रोतः शिक्षा शखा, EMIS टुलकिट २०८१

## ५ .२ स्थानिय शिक्षा योजना कार्यान्वन प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनमा योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, र नेतृत्व जस्ता तत्वहरू महत्वपूर्ण हुन्छन्। शिक्षा क्षेत्रको योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न यी तत्वहरूको प्रभाव रहन्छ, जसले अपेक्षित उपलब्धि हासिल गर्न मद्दत गर्छ। संघीय संरचनाअनुसार संघ, प्रदेश, र स्थानीय तहमा कानुनी प्रबन्धसहित संरचना, जनशक्ति, र जिम्मेवारी निर्धारण गरिएको छ। योजना कार्यान्वयन प्रबन्धमा संयन्त्र, नीति, कानुन, जनशक्ति, र मापदण्ड आवश्यक हुन्छ। कार्यान्वयनको दीगो, प्रभावकारी, र कुशल व्यवस्था सुनिश्चित गर्दै स्थानीय तह र विद्यालयस्तरमा प्रक्रिया स्पष्ट गर्नुपर्छ ।

### ५.२.२ वर्तमान अवस्था

योजनाको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थित, नीतिगत, प्रणालीगत, र वैज्ञानिक प्रबन्ध आवश्यक हुन्छ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, र नेतृत्व जस्ता तत्वहरूले कार्यान्वयन प्रक्रियामा महत्त्वपूर्ण भूमिका खेल्छन्। शिक्षा क्षेत्रको योजना प्रभावकारी रूपमा लागू भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। संघीय संरचनामा रुपान्तरण भइसकेपछि शिक्षा योजनाको कार्यान्वयनका लागि नयाँ कानूनी व्यवस्थाको आवश्यकता देखिन्छ। शिक्षा मन्त्रालयले नीति निर्माण र समन्वयको भूमिका निभाइरहेको छ भने, स्थानीय तहमा शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, र प्रधानाध्यापक प्रणाली लागू गरिएको छ। तर, शिक्षक सहायता, तालिम, र अनुगमन प्रणाली अझै सशक्त गर्न आवश्यक छ। नेपालको संघ, प्रदेश, र स्थानीय तहको भूमिका र संरचना तोकिए पनि कार्यान्वयन संयन्त्रमा अझै सुधार आवश्यक छ। स्थानिय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत, परोहा नगरपालिकाले शिक्षा योजनाको दीगो, कुशल, र प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै विद्यालय शिक्षा क्षेत्रलाई व्यवस्थित रूपमा अघि बढाउन आवश्यक छ।

### ५.२.३ समस्या तथा चुनौतीहरू

१. स्थानिय शिक्षक सहायता पद्धति विकास गर्नु ।
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु ।
३. संघ, प्रदेश र स्थानिय तहको बजेटलाई एकीकृत गरी स्थानिय तहमा शिक्षा योजना निर्माण गर्नु ।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानिय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने ।
५. स्थानिय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।
६. विद्यालय शिक्षाका सन्दर्भमा स्थानिय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने ।
७. संघ, प्रदेश तथा स्थानिय तहहरू वीच समन्वय र सहकार्य सुदृढ गर्ने ।

### ५.२.४ उद्देश्यहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.५ रणनीतिहरु

योजनाको कार्यान्वयनको मुख्यथलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनका लागि स्थानिय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यक्ता अनुसार सहयोग समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानिय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्ध गर्नु पर्दछ।

**क. परोहा नगरपालिका**

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
२. संघीय तथा प्रदेश तहबाट प्राप्त सशर्त अनुदान, अन्य अनुदान र आफ्नै स्रोतको बजेट समावेश गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
३. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने।
४. शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
५. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चित गर्ने।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत कार्यक्रम कार्यान्वयन तथा नतिजाहरूको विवरण तयार गर्ने, समीक्षा गर्ने र सुधारमा प्रयोग गर्ने।

**ख. विद्यालय**

१. विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।
२. विद्यालय सुधार योजना तयार गरी प्रत्येक साल अद्यावधिक गर्ने।
३. प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने।
४. संघ, प्रदेश, स्थानिय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने।
५. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी मापदण्ड तयार गरी लागु गर्ने।
६. अभिभावक भेला तथा बैठकहरू आयोजना गरी सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
७. बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

**ग. सामुदायिक सिकाइ केन्द्र**

१. स्थानिय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।
२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।
३. वित्तीय व्यवस्थापनका आधारमा वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

### ५.२.६ प्रमुख उपलब्धि तथा नतिजा,

**क) उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**ख)प्रमुख नतिजा**

सवै सरोकारवला निकाय तथा पक्षहरुको समन्वय सहकार्यमा विधालयमा सु:शासन प्रवद्धन भई शिक्षण सिकाइ प्रति उत्तरदायी प्रणालिको विकास हुने छ।

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.२.७ प्रमुख क्रियाकलाप र लक्ष्य

प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियकत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | आवश्यकतानुसार | | | | | | | | स्थानिय तह |
| २ | शिक्षासम्बन्धी कार्यको लागि स्थानिय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | निरन्तर | | | | | | | | स्थानिय तह |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | नियमित | | | | | | | | स्थानिय तह |
| ४ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिम्मेवार वनाउने | संख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | स्थानिय तह |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइ प्रति उत्तरदायी बनाउने | निरन्तर | २५ | २५ | २५ | २५ | २५ | १२५ | २५० | स्थानिय तह |
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | निरन्तर | | | | | | | | स्थानिय तह र विद्यालय |

# परिच्छेद:छ
# लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

शिक्षा आर्थिक तथा सामाजिक परिवर्तनको प्रमुख आधार हो। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि सरकार, समुदाय, र निजी क्षेत्रले शिक्षामा लगानी गर्नुपर्छ। दक्ष मानवसंसाधन विकासका लागि गरिएको लगानीले व्यक्ति, समाज, र राष्ट्रको दीर्घकालीन समृद्धिमा योगदान पुऱ्याउँछ। संवैधानिक व्यवस्था अनुसार, विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि, संघ, प्रदेश, र निजी क्षेत्रको साझेदारी आवश्यक छ। शिक्षाका लागि स्रोत पहिचान, वितरण, र प्रभावकारी उपयोग महत्त्वपूर्ण छन्। वित्तीय स्रोत जुटाउने, विनियोजन गर्ने, र उपलब्ध स्रोतको उचित व्यवस्थापनका लागि वर्तमान अवस्थाको समीक्षा गर्दै चुनौतीहरू पहिचान गरिएको छ। यी चुनौती समाधान गर्दै स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउने रणनीतिहरू आवश्यक छन्।

## ६.२ वर्तमान अवस्था

विकासलाई प्रभावित गर्ने मुख्य कुरा बजेट वा लगानी हो । लगानी भए मात्र नतिजा हासिल गर्न सकिन्छ, त्यसैले यो आफैमा संवेदनशील विषय हो । शिक्षा विकासका लागि त झनै महत्वपूर्ण विषय हो । नगर स्तरमा शिक्षामा लगानीको आवश्यकता प्राथमिकतामा पर्छ, त्यति बाटो घाटो अन्य कुराहरु पछि पर्दछन् । परोहा नगरपालिकाको मुख्य स्रोत व्यवस्थापन संघीय र प्रदेश सरकारको विभिन्न किसिमका अनुदान मात्रै रहेको छ । यसको आन्तरिक राजस्वको स्रोत वकैया खोला भए तापनि त्यसको उचित व्यवस्थापन हुन सकेको छैन । राजस्व निर्धारण समितिले राजस्वमा वृद्धि गरेमा विभिन्न किसिमका अवरोधहरु आउने हुन्छन् । केही स्रोतहरु पाएको भए पनि टुक्रे आयोजनाहरुको बाहुल्यले शिक्षा जस्तो महत्वपूर्ण विषय पछाडि परेको छ । परोहा नगरपालिकाले आर्थिक वर्ष २०८०/२०८१ मा करिब २ करोड शिक्षामा लगानी गरेको देखिन्छ । तर यो आवश्यकता अनुसारको पर्याप्त छैन । शिक्षामा लगानी बढाउनुपर्ने विषयमा नेपालका राजनीतिक तह र नीतिगत दस्तावेजहरूमा सैद्धान्तिक सहमति रहेता पनि प्रभावकारी रुपमा बजेट विनियोजन र परिचालन हुन सकेको छैन। बजेट निर्माणको चरणमा घनीभूत छलफल आजको आवश्यकता रहेको छ ।

## ६.३ उद्देश्यहरु

१. स्थानिय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी शिक्षा क्षेत्र योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु ।
२. वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु ।
३. शिक्षा क्षेत्र योजना अन्तर्गतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ उपलब्धी सुनिश्चित गर्न समग्र विद्यालय शिक्षाको पहुँच गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिको लागि आवश्यक सहजिकरण गर्नु ।
४. वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशा निर्देश गर्नु /गराउनु,
५. शिक्षा क्षेत्र योजनाका उप-क्षेत्र अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनु ।

## ६.४ रणनीतिहरु

१. शैक्षिक सूचना व्यवस्थापन कार्यक्रम नतिजाको विवरण तयार गरी समीक्षा र सुधारमा प्रयोग गर्ने।

२. शिक्षा बजेट र कार्यक्रम संघीय, प्रदेश, र आफ्नै स्रोतलाई समेटी वार्षिक योजना तयार गर्ने।
३. नीति विकास र अनुगमन कार्यक्रम कार्यान्वयनका लागि कानुनी व्यवस्था तयार गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।
४. समुदाय सहभागिता अभिभावक र सरोकारवालासँग अन्तरक्रिया, स्वमूल्यांकन, र सामाजिक परीक्षण गराउने।
५. विद्यालय व्यवस्थापन सुधार प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी व्यवस्थापन सबल बनाउने।
६. शिक्षा सेवा मापदण्ड वित्तीय व्यवस्थापन, शिक्षक व्यवस्थापन, र समय पालनाका लागि आवश्यक मापदण्ड लागू गर्ने।

## ६.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

**ख) नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि आवश्यक स्रोतको पहिचान र परिचालन हुने।
२. सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुने।
३. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने।
४. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने।
५. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालन गरेको हुने।
६. स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकास भएको हुने।

## ६.६. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष२०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **वालविकास र शिक्षा** | | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा<br>विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | ६३८५ | ६७०४ | ७०३९ | ७३९१ | ७७६१ | ३५२८१ | ७०५६२ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रति विद्यार्थी लागत | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ६३८५ | ६७०४ | ७०३९ | ७३९१ | ७७६१ | ३५२८१ | ७०५६२ |
| **आधारभुत शिक्षा** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षककका लागि तलब भता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षकह÷कर्मचारीहरु समेत ) | ५३६२१ | ५६३०२ | ५९११७ | ६२०७३ | ६५१७७ | २९६२९० | ५९२५८० |
| २ | आधारभूत तहका कक्षा ६ देखि ८ सम्ममा अंग्रेजी, गणित, बिज्ञान, क्षिशान सहयोग अनुदान | ९२३ | ९६९ | १०१८ | १०६८ | ११२२ | ५१०० | १०२०० |
| | जम्मा | ५४५४४ | ५७२७१ | ६०१३५ | ६३१४१ | ६६२९९ | ३०१३९० | ६०२७८० |
| **माध्यमिक शिक्षा** | | | | | | | | |
| १ | माध्यमिक तह स्वीकृति दरवन्दी राहात शिक्षक का लागि तलव भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तर्गत का शिक्षक कर्मचारी प्राविधिक धारका शिक्षक कर्मचारी प्रशिक्षक समेत | ९४३१ | ९९०३ | १०३९८ | १०९१८ | ११४६३ | ५२११२ | १०४२२४ |
| २ | माध्यमिक तह कक्षा (९ देखि १०) मा अगे्रजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६३५८ | ६६७६ | ७०१० | ७३६० | ७७२८ | ३५१३२ | ७०२६४ |
| | जम्मा | १५७८९ | १६५७८ | १७४०७ | १८२७८ | १९१९२ | ८७२४४ | १७४४८८ |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| १ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | ११२५ | ११८१ | १२४० | १३०२ | १३६७ | ६२१६ | १२४३३ |
| २ | विद्यालय शौक्षिक गुणस्तर सुदृढिकरण एवंम कार्य सम्पादनमा आधारित अनुदान | १६६२ | १७४५ | १८३२ | १९२४ | २०२० | ९१८४ | १८३६७ |
| ३ | शौक्षिक सुशासनको लागि सस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्याकंन, शिक्षक मेन्टरिगं तथा विद्यालय सुपरिवेक्षण | ८८९ | ९३३ | ९८० | १०२९ | १०८१ | ४९१२ | ९८२५ |
| ४ | प्रति विद्यार्थी लगताका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि अनुदान | २७१६ | २८५२ | २९९४ | ३१४४ | ३३०१ | १५००८ | ३००१५ |
| | जम्मा | ६३९२ | ६७१२ | ७०४७ | ७४०० | ७७७० | ३५३२० | ७०६४० |
| **प्राबिधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम** | | | | | | | | |
| १ | केन्द्र बाट छनौट भएका नमुना बिद्यालय, बिशेष बिद्यालयको स्वकृती गुरुयोजना अनुरुप भौतिक विकास पुर्वाधार विकास तथा प्राविधिक धार तर्प शौक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान (कक्षा ११ देखि १२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | ० | ० | ० | ० | ० | ० | ० |
| २ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५५ | ५८ | ६१ | ६४ | ६७ | ३०४ | ६०८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **पाठ्यक्रम तथा मूल्याङ्** | | | | | | | | |
| १ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठयपुस्तक अनुदान (स्थानीय विषय, मातृभाषा समेत) | २९२६ | ३०७२ | ३२२६ | ३३८७ | ३५५७ | १६१६८ | ३२३३६ |
| | | | | | | | | |
| **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | |
| १ | तोकिएको विद्यार्थीलाई दिवा खाजाको लागि विद्यालयलाई अनुदान | २२३८६ | २३५०५ | २४६८१ | २५९१५ | २७२१० | १२३६९७ | २४७३९४ |
| २ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २४४९ | २५७१ | २७०० | २८३५ | २९७७ | १३५३२ | २७०६५ |
| | जम्मा | २४८३५ | २६०७७ | २७३८१ | २८७५० | ३०१८७ | १३७२२९ | २७४४५८ |
| **छात्रवृत्ति** | | | | | | | | |
| १ | विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका (कक्षा ६ देखि १२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृति | ८२ | ८६ | ९० | ९५ | १०० | ४५३ | ९०६ |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति (अवासिय तथा गैर अवासिय) | ३०६७ | ३२२० | ३३८१ | ३५५० | ३७२८ | १६९४७ | ३३८९४ |
| | जम्मा | ३१४९ | ३३०६ | ३४७२ | ३६४५ | ३८२८ | १७४०० | ३४८०० |
| **अनौपचारिक शिक्षा** | | | | | | | | |
| १ | शौक्षिक पँहुच सुनिचिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता निरन्तर शिक्षा कार्यक्रम समेत) | २४ | २५ | २६ | २८ | २९ | १३३ | २६५ |
| **आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा** | | | | | | | | |
| १ | विपदको समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यन्वयन | ५ | ५ | ६ | ६ | ६ | २८ | ५५ |

**ख) प्रदेशसरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| आधारभुत शिक्षा | | | | | | | | |
| १ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | २५ | २६ | २८ | २९ | ३० | १३८ | २७६ |
| २ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३२ | ३४ | ३५ | ३७ | ३९ | १७७ | ३५४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १४ | १५ | १५ | १६ | १७ | ७७ | १५५ |
| ४ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १३० | १३७ | १४३ | १५० | १५८ | ७१८ | १४३७ |
| ५ | सार्वजनिक विद्यालयमा विद्यर्थीहरुका लागि छात्रबृत्ति (आवसीय तथा गैरआवसीय ) | २५ | २६ | २८ | २९ | ३० | १३८ | २७६ |
| | जम्मा | २२६ | २३७ | २४९ | २६२ | २७५ | १२४९ | २४९८ |

**ग) स्थानीयतहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | वालविकास र शिक्षा | | | | | | | |
| 1 | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | ३२ | ३४ | ३६ | ३७ | ३९ | १७८ | ३५६ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ४ | ४ | ४ | ५ | ५ | २२ | ४३ |
| | जम्मा | ३६ | ३८ | ४० | ४२ | ४४ | २०० | ३९९ |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | स्थानीय पाठयक्रम विद्यालयलाई सहयोग | ० | ० | ० | ० | ० | ० | ० |
| २ | शक्षिक शुसानको लागी सस्थागत क्षमता विकाश विद्यार्थी परिक्षण मुल्याकन शिक्षक मोनेटरिग तथा अनुदान। | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | शिक्षण सहयोग अनुदान नगर शिक्षकको लागि । | ११७.५२ | १२३ | १३० | १३६ | १४३ | ६४९ | १२९९ |
| ५ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | सार्वजनिक विद्यालयका विद्यर्थीहरुका लागि निशुल्क पाठयपुस्तक अनुदान | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | विपन्न लक्षित छात्रबृत्तिको लागी छनौट भएका (६—१२ ) विद्यर्थीहरुका लागि छात्रबृत्ति | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | भौतिक पुर्बधर निर्माण | ५० | १००० | १००० | १००० | १००० | १००० | १००० |
| | जम्मा | १६७.५२ | १२३ | १३० | १३६ | १४३ | ६४९ | १२९९ |
| **घ) अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट** | | | | | | | | |
| **क्रसं** | **अनुदान प्राप्त हुने क्रियाकलाप** | **आर्थिक वर्ष** | | | | | **५ वर्षको जम्मा** | **१० वर्षको जम्मा** |
| | | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | | |
| १ | शैक्षिक सामाग्री वितरण | ४० | ४२ | ४४ | ४६ | ४९ | २२१ | ४४२ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २० | २१ | २२ | २३ | २४ | १११ | २२१ |
| ३ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | २५ | २६ | २८ | २९ | ३० | १३८ | २७६ |
| ४ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | १५ | १६ | १७ | १७ | १८ | ८३ | १६६ |
| | जम्मा | १०० | १०५ | ११० | ११६ | १२२ | ५५३ | ११०५ |

# परिच्छेद:सात
# अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवंम जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन ।

## ७.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानियस्तरमा स्थानियशिक्षा शाखाबाट हुँदै आएको छ । दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक यस नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मल्याङ्कन गरीने गरिएको छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ । विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ । विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ । विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ । यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानियसरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ ।

## ७.३ चुनौतीहरू

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानियमापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु ।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु ।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।

६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

## ७.४ उद्देश्यहरु

१. अनुगमन तथा मल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।

२. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु।

३. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

## ७.५ रणनीतिहरू

१. शैक्षिक सूचना प्रणालीलाई स्वचालित र सुदृढ बनाउने।

२. प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली निर्माण र प्रयोग गर्ने।

३. अनुगमन, मूल्याङ्कन, र प्रतिवेदन व्यवस्थापनमा प्रविधि र सञ्जालीकरणलाई प्राथमिकता दिने।

४. स्थानिय सूचकलाई राष्ट्रिय सूचना प्रणालीमा समावेश गर्ने।

५. शिक्षा योजनाको अनुगमन-मूल्याङ्कन प्रतिवेदन एकीकृत सूचना प्रणालीमा एकिकृत गरिने ।

६. विद्यार्थी र विद्यालयको कार्य सम्पादन परीक्षणलाई नियमित र व्यवस्थित गर्ने।

७. सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली लागू गर्ने।

८. आवधिक, मध्यावधिक, र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने।

९. सिकाइको अनुगमनलाई कार्यस्थल केन्द्रित बनाइ प्रभावकारी बनाउने।

## ७.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) नतिजा**

१. स्वचालित शैक्षिक सूचना प्रणाली स्थापना तथा प्रवर्ध हुने।

२. शिक्षा कार्यक्रमहरूको नियमित मूल्याङ्कन र अनुगमन प्रणालीको विकास हुने।

३. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन व्यवस्थापनमा प्रविधिको अधिकतम प्रयोग हुने।

४. स्थानिय शिक्षा सूचकहरू राष्ट्रिय सूचना प्रणालीमा समावेश गरिने।

५. वेबसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालन हुने।

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय मूल्याङ्कन प्रक्रियाको नियमित कार्यान्वयन हुने।

७. सहभागितामूलक तथा नतिजामुखी अनुगमन प्रणाली लागू हुने।

८. नियमित, आवधिक, मध्यावधिक र अन्तिम मूल्याङ्कन प्रक्रियाको स्थायित्व हुने।

९. सिकाइको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण प्रणालीलाई व्यवस्थित तथा कार्यस्थल केन्द्रित हुने।

## ७.७ अनुगमन क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य (बर्ष ५) | | | | | जम्मा | भौतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | | १ | | | | १ | २ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | | १ | | | | १ | २ | |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |